धनगढीका मन्दिरहरू र सम्झनाका टुक्राहरू

३१.३५
ना८४ध

हरिनारायण श्रेष्ठ (राजभण्डारी)

समर्पण

मेरा समस्त पितृहरूमा
मेरो तेस्रो प्रकाशनको
ढुई थुंगा फूल
अर्पण गरेको छु ।

२७१.३५
श्रे८४ध

धनगढीका मन्दिरहरू र सम्झनाका टुक्राहरू

आवरण : श्री नैनादेवी मन्दिर, धनगढी

लेखक : **हरिनारायण श्रेष्ठ (राजभण्डारी)**
प्रथम संस्करण : २०६७ फागुन ८ गते (लेखकको ८०औं जन्मदिवस)
सर्वाधिकार : लेखकमा सुरक्षित
प्रकाशित प्रति : ५२५
प्रकाशक : लेखक स्वयम्

कम्प्यूटर डिजाइन : कमलप्रसाद बखरिया
मुद्रक : शाहबन्धु अफ्सेट प्रेस, धनगढी
फोन ०९१-५२४९७८

मूल्य : रू. १००/- ७५

उ.नं.
१७५७

श्री डिल्लीरमरा कल्याणी पुस्तकालय लाइ सप्रेम उपहार, निर्देशनुसार प्रस्तुतकर्ता :
महेश्वरराम डोरी काभनपा-३२
सुविधानगर, तनहुँ
२०६६।१२।८

कृतिको प्रकाशनलाई स्वागत र शुभकामना

जीवन आफैंमा एक यात्रा हों । यात्राको क्रममा विभिन्न दृश्यहरू देखा पर्दछन् । ती दृश्यहरूले जीवनलाई कुनै न कुनै रूपले प्रभावित पारिरहेका हुन्छन् । हेर्दा सामान्य लाग्ने तर त्यसले जीवनसँग अप्रत्यक्ष रूपले सरोकार राखिरहेका हुन्छन् । तिनै दृश्यहरू मानव मनमस्तिस्कमा अनुभव र अनुभूतिको स्रोत बनिरहेका हुन्छन् । अनि तिनै अनुभव र अनुभूतिले मानवभित्र एउटा दृष्टिकोणको निर्माण हुन पुग्दछ । जब दृष्टिकोणले एउटा रूप लिन्छ तब त्यहाँबाट दर्शनको प्रार्दुभाव हुन पुग्दछ । त्यही दर्शन मानव समाजका विभिन्न मार्गदर्शक, पथदर्शक र ज्ञान पुञ्जको रूपमा समाजमा जाज्वल्यमान बन्न पुग्दछ । त्यसैको सहारले मानवले आफ्नो जीवनलाई सत्यम् शिवम् सुन्दरम्को मार्गचित्रण डोऱ्याउन पुग्दछन् । त्यसैको सहयोगले मानव आफ्नो अतितका प्रति आफ्ना पूर्वजहरूका कार्यप्रति गौरवान्वित हुन पुग्दछ ।

यस्तै प्रकृतिको पृष्ठभूमिबाट दर्शन र इतिहासको निर्माण हुनगई मानवीय सभ्यता, संस्कार र सँस्कृतिबाट समाज सदैव हराभरा बनिरहेको हुन्छ । प्रतिष्ठित र पल्वीत बनिरहेको हुन्छ । जीवनरूपी यात्रामा थुप्रै पथिकहरू त्यो यत्रामा डोरिएका हुन्छन् । ती डोरिएका मानव समूहको हुलबाट केही यात्रीहरू यात्राका अनुभव र अनुभूतिलाई समेट्ने कार्यमा लागिपरेका हुन्छन् । आफ्ना कर्म र कृतिका रूपमा समाजका लागि अमूल्य खजाना प्रदान गरिरहेका हुन्छन् । यस्तै अनन्त यात्रीका माझबाट एउटा सर्जकको रूपमा अगाडि बढिरहनुभएको छ हरिनारायण श्रेष्ठज्यू ।

योभन्दा अगाडि पनि दुईवटा कृति समाजलाई प्रदान गरिसक्नुभएका हरिनारायण श्रेष्ठज्यू आफ्ना ८०औं वसन्त प्रवेशको अवसर पारी पुनः एउटा कोशेलीका साथमा प्रस्तुत हुनुभएको छ । हेर्दा सामान्य लाग्ने तर त्यसले अतितका सामाजिक घटनाक्रम, देश, काल र परिस्थितिको चित्रण गर्दै मानव मनमस्तिस्कलाई प्रभावित पार्ने नामक नयनादेवीसहित धनगढीका मठमन्दिरहरू र सम्झनाका केही क्षणहरू नामक कृति दुई भागमा रचना गरिएको छ । प्रथम भागमा धनगढी क्षेत्रमा मठमन्दिरहरूको इतिहासलाई केलाउने कार्य गर्नुभएको छ । यसमा वर्तमान समयमा निकै जनघनत्व बढेको र सुदूरपश्चिमको मुख्य व्यापारिक केन्द्रको रूपमा रहेको धनगढी बजारको प्रारम्भिक अवस्थाको प्रत्यक्ष तथा अप्रत्यक्ष रूपले चित्रण गरिएको छ । वहाँ धार्मिक र साँस्कृतिक पृष्ठभूमिको व्यक्ति हुनुभएकोले पनि होला वहाँले मठमन्दिरको इतिहाससँगै

यस क्षेत्रको बस्ती विकासको क्रमलाई देखाउनुभएको छ। मन्दिर सभ्यता, संस्कार र संस्कृति निर्माणको महत्वपूर्ण पक्ष हो। मानव समाज आस्था, विचार र दर्शनमा बाँधिएको हुन्छ। मानव समाजलाई एक सूत्रमा बाँध्ने यसले साँस्कृतिक सम्पदाहरूसँग मानव समाजको ठूलो हिस्सा संलग्न रहेको हुन्छ। त्यसैले पनि लेखक हरिनारायण श्रेष्ठज्यूले धनगढीका मठमन्दिरहरूको इतिहास र निर्माण क्रमलाई केलाउने कार्य गर्नुभएको देखिन्छ। धनगढी बजारका आस्थाका केन्द्रको रूपमा रहेका लक्ष्मीनारायण मन्दिर, नयनादेवी मन्दिर, वनदेवी मन्दिर, रामजानकी मन्दिर, नवदुर्गा मन्दिर लगायत अन्य धर्मालम्वीहरूका गुरुद्वारा, बौद्ध गुम्बा, मस्जित, चर्च जस्ता सामाजिक आस्थाका केन्द्रहरू स्थापना र सञ्चालनको इतिहास माथि प्रकाश पार्नुभएको छ। त्यसक्रममा मठमन्दिरहरूको स्थापनाकालको विवरण, त्यससँग सरोकार र सम्बन्धित व्यक्तिहरूको प्रसंग र तत् त्त् सम्बन्धमा विभिन्न लेखकहरूले लेखेको विचारहरूलाई वैज्ञानिक ढंगले सन्दर्भ स्रोतको रूपमा प्रयोग गरिनाले प्रस्तुत खोजमूलक र विश्वसनीय बन्न पुगेको छ। खण्ड दुईमा उहाँको जीवनको बाल्यकालको अवस्थाको डोटी क्षेत्रको व्यापार, यातायात, विकास, निर्माण जस्ता सुक्ष्म विषयवस्तुहरूलाई समायोजन गरी रचना गरिएको छ। सरसर्ति हेर्दा सामान्य लागे पनि त्यसमा समकालीन कालखण्डको सामाजिन, भाषिक, राजनीतिक र विकासको अवस्थाको चित्रण गरिएको छ।

समग्र रूपमा यो कृति खोजमूलक छ। यसले समकालीन कालखण्डको सामाजिक, आर्थिक, धार्मिक, साँस्कृतिक, प्रशासनिक, राजनीतिक संरचना र अवस्थालाई बुझ्न निकै योगदान पुऱ्याएको छ। र भावी पुस्ताको लागि हाम्रो अतितलाई बुझ्ने क्रममा यो कृति कोशेढुंगा सावित हुनेछ।

अन्तमा, आफ्ना ८०औं बसन्त प्रवेशको प्रसङ्ग पारी प्रकाशन गर्न लाग्नुभएको यस कृतिको प्रकाशनलाई हार्दिक स्वागत गर्दै श्रेष्ठज्यूको खारिएको व्यक्तित्वबाट यस्तै खोजमूलक, अनुसन्धानमूलक कृतिहरू सृजना भइरहने विश्वासका साथ वहाँको दीर्घ लेखनी तथा उत्तरोत्तर प्रगतिको हार्दिक कामना। अस्तु।

पद्मराज जोशी 'प्रभात'

साहित्य संगम
सन्तोषीटोल, धनगढी
मकर संक्रान्ति (माघिपर्व)
२०६७/१०/१

मन्तव्य

श्री हरिनारायण श्रेष्ठज्यूको मौलिक सिर्जना 'धनगढीका मन्दिरहरू र सम्झनाका केही टुक्राहरू' को पाण्डुलिपि सरसर्ति पढ्ने मौका पाएँ। उहाँ मेरो श्रद्धेय व्यक्ति हुनुहुन्छ। उहाँको सौम्य र शालिन व्यक्तित्वले गर्दा उहाँ मेरा लागि एउटा आदर्श व्यक्त पनि हुनुहुन्छ। मैले चिनेको हरिनारायण श्रेष्ठज्यू एक परिष्कृत गीतकार, संगीतकार र गायकको रूपमा त्रिवेणी संगम हुनुहुन्छ। स्वर्ण पदक विभुषित श्री श्रेष्ठज्यूले धेरै नाटकहरू समेत मञ्चन गराउनुभएको छ। अब उहाँ विविध रचनाहरू लिएर हाम्रा सामु आइरहनु भएको छ।

श्री श्रेष्ठज्यूको कृतिमाथि मैले मन्तव्य राख्न पाउनु मेरा लागि गर्वको कुरो हो। दुई भागमा विभाजित पुस्तकको पहिलो खण्डमा विभिन्न मन्दिरहरूको विशद परिचय छ जुन आफैमा धार्मिक अभिलेखको संग्रह त छदैछ, साथै धार्मिक अध्येता र अनुसन्धानकर्ताहरूका लागि मार्ग प्रसस्त गर्न सहयोगी समेत बन्न जानेछ भन्ने मलाई लाग्दछ। दोश्रो खण्डले उहाँको आफूले देखेभोगेका अनुभूतिहरू समेटेको छ। लामो समयसम्म सरकारी सेवाको दौरानमा कमाएका अनुभवहरूको प्रस्तुतिले तत्पश्चातका सन्ततिहरूलाई तात्कालिक परिवेश-सामाजिक, आर्थिक, न्यायिक, प्रशासनिक आदि ढाँचा बुझ्ने एउटा रोचक दस्तावेज हुनेछ भन्नमा मलाई शंकोच छैन। श्री श्रेष्ठज्यूको यो स्रहानीय कार्यलाई मैले हृदयदेखि नै कदर गरेको छु। उहाँको लेखनी चल्दै रहोस्, यही हार्दिक शुभकामना।

प्रा. शिवराज श्रेष्ठ
क्याम्पस प्रमुख
सुदूरपश्चिमाञ्चल क्याम्पस
धनगढी, कैलाली
२०६७/१०/१३

दुई शब्द

श्री हरिनारायण श्रेष्ठज्यूद्वारा लिखित पुस्तक 'धनगढीका मन्दिरहरू र सम्झनाका केही टुक्राहरू' को पाण्डुलिपि पढ्ने सुअवसर प्राप्त भयो । पाठकहरूको लागि हरिनारायण श्रेष्ठ नयाँ नाम होइन । यस भन्दापनि पहिलो वहाँका कृतिहरू पाठकसमक्ष आइसकेका छन् ।

हरिनारायण श्रेष्ठज्यूमा ईश्वरमा गहिरो आस्था रहेको पाइन्छ । यो कुरा वहाँका पहिलेका कृतिहरूमा पनि देखिन्छ । वहाँले सिलगढीका मन्दिरहरूको बारेमा पहिले लेखिसक्नुभएको छ ।

यस पुस्तकको दोश्रो भागमा हरिनारायणज्यूले आफूले देखेको र भोगेको एउटा कालखण्डको बारेमा लेख्नुभएको छ । राणाकालदेखि पञ्चायत काल हुँदै हालको अवस्थासम्मका प्रसङ्गहरू यस पुस्तकमा समेटिएका छन् । राणाकालमा र पञ्चायतकालमा यो देश कसरी चलिरहेको रहेछ ? त्यसबेलाका प्रशासन कस्तो रहेछ भन्ने कुराको झल्को यस पुस्तकबाट पाइन्छ । यी सबै इतिहासका विषयहरू हुन् र समय बित्दै गएपछि यसको महत्व बढ्दै जानेछ ।

म श्री हरिनारायण श्रेष्ठज्यूको स्वास्थ्यको कामना गर्दछु र भविष्यमा यस्तै कृतिहरू पढ्न पाउने अपेक्षा गर्दछु ।

शुभकामनासहित

डा. हेमराज पन्त

धनगढी

मेरो गन्थन

नेपाली लोक संस्कृतिक प्रतिष्ठानका अध्यक्ष श्री पद्मराज जोशीज्यूसँग भेट भई उहाँको घरमा जाँदा आफूले प्रकाशित गर्नुभएका २ वटा पुस्तक मेरो हातमा दिनुभयो र तपाईले फेरि कुनै लेख लेख्नुभएको छ छैन अब् तेश्रो पुस्तक पनि प्रकाशित गर्नुपर्‍यो भनी भन्नुहुँदा मैले मेरो आँखा कमजोर छ स्मरण शक्ति पनि हराउँदै छ त्यसैले केही लेख्ने प्रयास गरेको छैन भनी भनेको थिएँ । उहाँले बाटोमा भेट हुँदा जहिलें पनि त्यस्तै कुरा गर्नुहुन्थ्यो ।

मेरो उमेर ७९ वर्ष पूरा हुन लागेको र बराबर अस्वथ्य भै रहने हुँदा सकिन्छ भने तेश्रो पुस्तक प्रकाशित गरु भनी विषयहरू सम्झँदै जाँदा सिलगढी बजारका प्रमुख व्यापारी सुरतबहादुर अमात्य 'जसले ब्रह्मदेउदेखि सिलगढीसम्मको ६ दिनको बोटामा आफ्नै तर्फबाट रकम खर्च गरी अप्ठेरो परेको धेरै ठाउँमा कुल्लीहरूबाट पहाड फोड्न लगाई खच्चरद्वारा सामानहरू सजिलैसँग ढुवानी गर्ने व्यवस्था मिलाउनुभयो । उहाँको र धनगढीकी मोटी दमिनी (अमृता) बुढीले श्री मुक्ति नारायण आचार्यज्यूको सल्लाहमा आफ्नै जग्गामा आफैंले रकम खर्च गरी श्री लक्ष्मीनारायणको मन्दिर बनाइन् । कुनै हकदार नहुँदा उनी मरेपछि जग्गा जमीन धनसम्पत्ति बेवारिस भयो । उनको अर्को जग्गामा ऐश्वर्य विद्या निकेतन बन्यो भन्ने सुनियो तिनको नाम कतै उल्लेख छैन हराएर गयो । सो समेत अरु चाहिँदा नचाहिँदा विषयहरू समेटिएको एक खण्ड र म २०२२ सालमा सरुवा भई धनगढी आउँदा श्री नैनादेवी मन्दिर, श्री वनदेवी मन्दिर, श्री पशुपति मन्दिर र मुसलमानहरूको एउटा मस्जिद तथा श्री पञ्चोदय हाइस्कूल, वनदेवीनजिक गोमती बालविद्या मन्दिर मात्र थियो । कैलाली कञ्चनपुर गोश्वारा, बडाहाकिम बस्ने घर, प्रहरी, माल, अमिनी, जेल घर, अस्पतालसमेत ७/८ ओटा सरकारी पक्की घर र बजारिया दुकान्दारहरूको ५/७ ओटा पक्की घर र भारतीय हिन्दू मुसलमानहरूको पशुपति मन्दिर अगाडि पछाडि गरी २०/२५ वटा किराना नून, गुँडका कच्ची पसलहरूका साथै एउटा मात्र सानो होटल थियो । बजार नजिकै डिल्लीराज भण्डारीको एउटा धान कुट्ने, तेल पेल्ने मिल थियो । २०२३/०२४ सालदेखि पहाडबाट धेरै मानिस कैलालीमा बसाई सरी आएकोले धनगढी बजार विस्तार हुँदै जाँदा अहिले धनगढी नगरपालिकाभित्रमा मात्र सरकारी कार्यालयको पचासौं घर र

सर्वसाधारण जनताको केही हजार घर बनी आवादी धेरै बढेकोले प्रत्येक वडा वा टोलमा बस्ने जनताहरूले आफूले पायकपर्ने ठाउँमा देवी देवताका मन्दिर निर्माण गरी आजापूजा गरिरहेका हुँदा त्यस्तो सबै मन्दिरहरूको, विद्यालयहरूको विवरण प्राप्त गरी अर्को खण्ड तयार पारी पुस्तक प्रकाशित गर्ने मनसाय भएकोले धनगढी नगरपालिकाभित्रमा बनेका मन्दिरहरूको सम्बन्धमा यहाँका बुद्धिजीवी महानुभावहरूसँग फोनमा सम्पर्क गरी मन्दिरको लागि के कति जग्गा प्राप्त भएको हो, मन्दिर कहिले निर्माण भई मूर्ति स्थापना कहिले भयो, त्यस कार्यमा मुख्य सहयोगी को को थिए, मन्दिरको आजापूजा कसरी भइरहेको छ भनी छोटकरी विवरण मागेको थिएँ । धेरैजसो मन्दिरहरूको सम्बन्धमा विवरण प्राप्त भयो । कुनै मन्दिर सम्बन्धमा धेरैपटक फोन गर्दा पनि पूरा विवरण प्राप्त हुन सकेन । अझ कुनै महानुभावले निवेदन पठाउनुभएमा पूरा विवरण पठाइने छ भनी फोनबाटै जवाफ दिनुभयो । एकजना मन्दिरको लगत राख्ने महानुभावसँग कुरा गर्दा लगत खोज्दै छुँ पाएको छैन भन्नुभयो । त्यसैले कहिँ कतै कुनै मन्दिरको विवरण लेख्न छुट भएको भए त्यसको लागि र अन्य विषयहरूमा त्रुटी हुनगएको भए त्यसको लागि म क्षमा प्रार्थी छु ।

जिल्ला प्रशासन कार्यालय, सैनिक, प्रहरी परिसरभित्र बनेका मन्दिरहरूको र कुनै महानुभावहरूले आफ्नै घर कम्पाउण्डभित्र वा आफ्नै जग्गामा आफूले बनाएका मन्दिरहरूको विवरण यसमा समावेश गरिएको छैन । भूमिगत जलस्रोत कार्यालय परिसरभित्र र भन्सार कार्यालय परिसरभित्रमा बनेको शिवमन्दिरहरूमा विशेष पर्वका अवसरमा अनुमति लिएर स्थानीय भक्तजनहरूले आजापूजा गर्न पाइरहेको विषय पनि यहाँ उल्लेख गरेको छु ।

हरिनारायण श्रेष्ठ (राजभण्डारी)

विषय सूची

क्र.सं.	विषय	पेज
पहिलो खण्ड		(१-६४)
१.	सरगमको गीत	३
२.	श्री नैनादेवी मन्दिर	४
३.	श्री वनदेवी मन्दिर	८
४.	श्री पशुपती मन्दिर	१०
५.	श्री लक्ष्मीनारायण मन्दिर	१२
६.	श्री रामजानकी मन्दिर	२४
७.	श्री कृष्ण मन्दिर व्यवस्थपन समिति	३१
८.	श्री राधाकृष्ण मन्दिर धनगढी	३३
९.	श्री नवदुर्गा अनुष्ठान केन्द्र	३४
१०.	श्री नवदुर्गा कालिका भवानी मन्दिर	३६
११.	श्री कृष्ण मन्दिर (गितासत्संग भवन)	३८
१२.	सिद्धदातृ कालिका मन्दिर, बैयाबेहडी	४०
१३.	श्री डिलासैनी भगवती मन्दिर बोराडाँडी	४१
१४.	श्री शैलेश्वरी मन्दिर घुइयाघाट	४२
१५.	श्री भगवती मन्दिर मिलनचोक	४२
१६.	शिव मन्दिर उग्रतारा भगवती मन्दिर	४२
१७.	सरस्वतीनगरका शिव मन्दिर	४४
१८.	सरस्वतीनगरमा अर्को शिव मन्दिर	४५
१९.	गणेश मन्दिर विशालनगर	४६
२०.	शिवनगरको शिव मन्दिर	४७
२१.	ग्वाँसी समैची कालिका मन्दिर	४७
२२.	बैयाबेहडीको शिव मन्दिर	४८
२३.	श्री भगवती मन्दिर शान्तिनगर	४९
२४.	श्री निङ्लासैनी देवी मन्दिर	५०
२५.	जाइँ गाउँ भैरव मन्दिर	५१
२६.	गायत्री सत्संग भवन एक सिंहावलोकन	५२
२७.	श्री शिव पञ्चायन मन्दिर, कैलालीगाउँ	५२
२८.	वडा नं. १२ जुगेडाका मन्दिरहरू	५३
२९.	देवहरिया जोखर ताल नजिकको शिव मन्दिर	५५
३०.	बस अड्डा उत्तरको शिव मन्दिर	५५
३१.	श्री भुवनेश्वरी मन्दिर सरस्वती टोल	५६
३२.	लोकचक्र बुद्ध विहार, धनगढी	५७
३३.	छोपलिङ्ग बुद्ध मन्दिर जुगेडा	५८

क्र.सं.	विषय	पेज
३४.	मस्जिद	५९
३५.	गुरुनानक सत्सँग भवन धनगढी	५९
३६.	चर्च	५९
३७.	कैलाली जिल्लाका विद्यालयहरू	६०
३८.	धनगढी नगरपालिका भित्रका विद्यालयहरू	६१

दोस्रो खण्ड (६५-१३९)

१.	नेपाली मुद्राहरू	६७
२.	विदेशी सिक्काहरू	६८
३.	मान्द्रोमा रुपियाँ गन्ने	६९
४.	पिँजडामा अड्डासार कैदी चलान	७३
५.	सुरतबहादुर राइटर	७५
६.	धर्मराज हलुवाई	८२
७.	कम्पाउण्डर मनिराम खत्री	८४
८.	कान्छा दाइ र सेती नदीको तीप	८७
९.	सहर माछा	९१
१०.	बम पड्काई बाम माछा मार्ने	९२
११.	रानागाउँको भुरा माछा	९३
१२.	माछा मार्ने ढोइयो	९४
१३.	कुनै दिन माछाले हामीलाई खान्छ	९६
१४.	बाघले सातो लिँदा राजा महेन्द्रको मुटु थर्कियो	९९
१५.	जि.पं.हरूको लेखापरीक्षण जाँदा	१०६
१६.	प्लेनबाट चामल खसाल्ने कार्य	१०९
१७.	सेती अञ्चलाधीशहरू	११३
१८.	लालासारन र उहाँका जुकुते छोरा	११६
१९.	विश्व बैंक टिममा सामेल	१२४
२०.	श्री बज्रयोगिनी भगवतीको मूर्तिलाई थुक्दा	१२६
२१.	भाषा पाठशालामा पढ्दाको साथी	१२९
२२.	जग्गा पनि उड्ने रहेछ	१३०
२३.	केही कविताहरू	१३३
२४.	बुद्ध भूमिमा युद्ध	१३३
२५.	पृथ्वीको शालिक रातोले छोपियो	१३४
२६.	चन्दन	१३७

पहिलो खण्ड

धनगढीका मन्दिरहरू

सरगमको गीत

सा धुराम सरगमको गीत गाउ
रे शमी धून बजाउ
सा रे ग म प ध नि सा
सा नि ध प म ग रे सा
सरगमको गीत गाउ ॥
ग णेश गौरी शंकर जीको
म नमा ध्यान लगाउ,
प बित्र गंगामा डुब्की लगाई
ध मिलो मैलो सबै मिटाई
नि र्मल बन्दै रमाउ
सरगमको गीत गाउ ॥

श्री नैनादेवी मन्दिर



श्री नैनादेवी मन्दिरको सम्बन्धमा नयनेश्वरी पत्रिका २०५७ मा प्राज्ञ डा. देवीप्रसाद ओझाको लेखमा मन्दिर स्थापनाको मिति खुलेको देखिएन तर अल्मोडा जम्मु कश्मिर र कुल्लामापनि सदियौं देखि नैनादेवीको पूजा गरिने परम्परा चलि आएको भन्ने उल्लेख छ ।

सोही पत्रिकाको यज्ञराज "यात्री" को लेखमा पहाडबबाट हिउँदमा मदेशमा झरी बर्तमान मन्दिर नजिक बसी बिभिन्न काम गरि घर खर्चका लागि लत्ता कपडा नुन गुडहरु लिई घर फर्किने बेलामा मन्दिर नजिक पिपलको बोट मुनि देवस्थान मानिएको ठाउँमा रातो धोजा झुण्ड्याइ जाने गरेका रहेछन ।"कुनै ठाउँमा शिला वा त्रिसूल गाडेको र रातो धोजा झुण्ड्याएको देखेमा थाहा नपाउने बटुवाहरुले कुन देवी देवताको स्थान हो भनी सोध्ने र थाहा पाएका बुज्रकहरुले फलानो देवताको स्थान हो भने पछि सोही देवतालाई स्मरण गरि फूलपाति चढाउने, रातो ध्वजा झुण्ड्याउने यस क्षेत्रका सबै जनताको बानीब्यहोरा नै हुनाले यो स्थान पहिले देखिनै नैनादेवीको हो भनेर सबैले जानी सकेकोमा" कैलाली मालका सुब्बा प्रयागराज पौड्यालले नैनीताल घुम्न जाँदा नैनादेवीको मूर्ति ल्याई त्यहा स्थापना गरेकाले मन्दिरको नाम नैनादेवी भनिएको हो यो समय बि.सं.१९८० साल तिरको होला भन्ने र २०२२ सालमा बडाहाकिम मोहन बहादुर सिहको आगमनकालले पनि अबिस्मरणीय टेवा पुऱ्याएको देखिन्छ । २०१८ सालमा मन्दीरको बिकास भएको भन्ने उल्लेख छ ।

प्रधानमन्त्री जङ्गबहादुरको पालामा ब्रिटिस सरकारसंग भएको सन्१८६०(बिसं१९१७) को सन्धी अनुसार काली देखि पूर्ब राप्ति देखि पश्चिमको तराइ भाग बाके, बर्दिया, कैलाली कञ्चनपूर (नया मुलुकको नामले चिनिने जिल्लाहरु)

नेपाललाई फिर्ता प्राप्त भएको थियो । यस कैलाली जिल्लामा पहिले देखि नै राना थारुहरुको बसोबास भएकोले तुरुन्तै सीमाबर्ती क्षेत्रको बिशेष ज्ञान अनुभव भएकालाई प्रशासकमा नियुक्ति गरिदा निजले किल्ला काँगडातिर नैनादेवी भगबतिको पूजा आराधना गर्ने बिषय थाहा पाएका तथा आफूपनि त्यहा रहेबसेको भए उनै भगबतीको पूजा आराधना गर्ने गरेकाले होला यहाँ पनि नैनादेवी भगवतिको स्थापना गरेको हुनुपर्छ । पछि १९५५ सालमा (डोटी गौंडाको छापमा १९५५ लेखिएको थियो) नेपाल मुलुकभर मोफसलमा समेत ३२ वटा गढी गौंडा गोश्वरा कायम हुदा कैलाली कञ्चनपूर गोश्वरामा नयाँ नियुक्ति भएका बडाहाकिमले पनि सोही स्थान कै नजिकमा कै.कं. गोश्वरा भवन ताथा बडाहाकिम बस्ने घर बनाउन लागाउनु भएको हुन सक्छ ।

नेपालमा प्रशासन, सेना, प्रहरीको कार्यालय स्थापान रहँदा सो ठाउँमा शक्तिस्वरुपा भगवतीको स्थान नभएमा जहाँपनि भगवतीको पूजा आराधना गर्न शीला वा त्रिसूल एक स्थानमा स्थापना वा मन्दिर भित्र नै स्थापना गरी आजापूजा गर्ने परम्परा रहेको प्रथा हालसम्म पनि बिद्मान छ ।

कै.कं. गोश्वराको भवन तयार नहुँदा सम्म कञ्चनपूरको बेलौरीबाट प्रशासनिक कार्य हुन्थ्यो रे ? उक्त गोश्वराको स्थापना भएपछि मात्र प्रहरी माल अड्डा स्थापित भएका होलान । सुब्बा प्रयागराज पौड्याल माल अड्डाको पहिलो सुब्बा नभई दोश्रा तेश्रा वा चौथा सुब्बा भएको समयमा निजले यहाँ नैनादेवीको स्थान मात्र भएको मूर्ति नभएकोले र यस बिषयमा केही जानकारी भएकोले होला नैनीतालबाट मूर्तिल्याइ स्थापना गरेकै आधारमा बिसं १९८० मा नैनादेवीको स्थापना भएको भन्न मिल्ने जस्तो लाग्दैन । उपरोक्त लेख अनुसार बिसं.१९८० देखि पछिको हिसावबाट नैनादेवीको स्थापना भएको ८७ बर्ष मात्र हुन आउँछ । श्री बनदेवी मन्दिर जिर्णोधार गर्दा भेटिएको इटा सय बर्ष भन्दा पुरानो भनिएकोले बिसं १९५५ तिर कै.कं गोश्वरा बनाउन सो समयमा तयार पारिएको इटाको हिसावबाट पनि ११२ बर्ष र प्रधानमंत्री जंगबहादुरका पालामा बिसं १९१७ मा नेपाललाई प्राप्त भएको नयाँ मुलूम कैकं गोश्वराका प्रशासकको समयमा नैनादेवीको स्थापना गरिएको भए नैनादेवी स्थापना भएको एकसय पचास बर्ष हुन्छ । यो मेरो अनुमानमात्र हो । ईटाको विषयमा श्री वनदेवी मन्दिर सम्बन्धी लेखबाट स्पष्ट होला ।

यज्ञराजजीको उक्त लेखमा २०२२ सालमा यहाँका बडाहाकिम मोहनबहादुर सिंह भन्ने लेखिएकोमा पनि २०१९ सालमा उक्त गोश्वाराका सट्टा सेती अञ्चलाधीशको कार्यालयको व्यवस्था भइसकेको थियो । बरु २०१३ सालमा उक्त गोश्वाराको पछाडि उत्तरतिर जिमिदार डिल्लीराज भण्डारीको ३५ विघा जग्गामा केन्द्रको आदेशले बडाहाकिम मोहनबहादुर सिंहले एयरपोर्ट बनाएको हुँदा २०१४ साल जेष्ठमा श्री ५ महेन्द्र प्लेनद्वारा सो एयरपोर्टमा उत्री डोटी सिलगढीको भ्रमणमा जानुभई भ्रमणको कार्यक्रम सकिएपछि सोही एयरपोर्टबाट काठमाडौ फिर्ता जानुभएको हो । त्यसपछि वर्तमान एयरपार्ट तयार नहुँदासम्म सोही एयरपोर्टबाट डकोटा प्लेनको साप्ताहिकउडान चलाइएको थियो । सो जग्गा धनगढी नगरपञ्चायतले सरकारी वा अर्धसरकारी संस्थालाई वितरण गरी केही जग्गा सर्वसाधारणलाई पनि बिक्री गरेको छ । उक्त जग्गाका सट्टाभर्ना वा मुआब्जा पाउँ भनी डिल्लीराजजीले से.अं.का मार्फत कारवाही चलाइरहेको कुरा थाहा पाएको थिएँ ।

श्री नैनादेवी परिसरमा श्री सितलादेवी, श्री विश्वकर्मा बाबा, श्री राधाकृष्ण, शीव र गणेशका मन्दिरहरू पनि छन् । सबै मन्दिरमा नित्य आजापूजा आरती गरिन्छ । सम्बन्धित देवी देवताका पर्वका दिनमा विशेष आजापूजा हुन्छ । हनुमान जयन्तीमा झाँकी प्रदर्शन, श्री कृष्णाष्टमीमा रथयात्राका साथै समयसमयमा राति भजन कीर्तन पनि हुने गर्दछ । साढे १० कट्टा जग्गा ओगटेको मन्दिरका पूर्व-पश्चिम ठाउँठाउँमा भण्डारकोठा, पाकशाला, सटरहरू छन् । सटरहरू र केही कोठाहरूबाट भाडा पनि आउँछन् । नैनादेवी मन्दिर व्यवस्थापन समितिका वर्तमान अध्यक्ष राजेन्द्र अग्रवालले आफ्नो बुवा लादुराम अग्रवालको स्मृतिमा बनाउनुभएको बहुउद्देश्यीय मञ्चमा बेलाबेलामा सप्ताह नवाह पनि लगाइन्छ । विवाह, व्रतबन्ध आदि भएमा त्यसबाट र ठाउँ ठाउँमा राखेका दान पेटीहरूबाट उठेको रकम समेतले मन्दिरहरूमा गरिने आजपूजा पूजारीको तलब, अन्य आवश्यक खर्चका साथै सितला भवनमा बस्नुहुने योगी महात्माहरूलाई निःशुल्क भोजन गराउने व्यवस्था पनि छ । फूलपातिका दिनमा नेपाली सेनाबाट बडाई पनि गरिन्छ । धनगढीमा आउनुहुने धेरैजसो महानुभावहरू नैनादेवी भगवतीको दर्शन गरेर आत्मसन्तुष्टि लिन्छन् । धनगढीको प्रमुख श्री नैनादेवी भगवतीको मन्दिर सुव्यवस्थित रूपमा सञ्चालन भइरहेको बुझिन्छ ।

मन्दिर सञ्चालन समिति यस प्रकार छ :

१.	अध्यक्ष :	श्री राजेन्द्र अग्रवाल
२.	उपाध्यक्ष :	श्री कृष्णमान श्रेष्ठ
३.	सचिव :	श्री रामप्रसाद कम्ती
४.	सहसचिव :	श्रीमती विमला जोशी
५.	कोषाध्यक्ष :	श्री विनोदकुमार शाह
६.	सदस्यहरू :	श्रीमती सावित्री खरेल
		श्रीमती गोमा भट्ट
		श्रीमती टिकादेवी मुडभरी
		श्री श्यामराज श्रेष्ठ
		श्री बैकुण्ठ पुडासैनी
		श्री महेन्द्र शर्मा

अध्यक्ष श्री राजेन्द्र अग्रवाल सम्पन्न परिवारका हुनुहुन्छ र उहाँले मन्दिर व्यवस्थापनमा विशेष योगदान गरिरहनुभएको छ ।

(श्यामराज श्रेष्ठबाट प्राप्त विवरण अनुसार समेत)

श्री वनदेवी मन्दिर

श्री नैनादेवी भगवती मन्दिर व्यवस्थापन समितिले वि.सं. २०६१ मा प्रकाशित गरेको नैनेश्वरी पत्रिकामा श्री भूवन चन्दको लेखमा वि.सं. १९९१ सालमा आफ्ना बुवासँग धनगढी आउँदा कर्मा रूखको फेदंमा शिला राखी पूजन गरेको देखेको थिएँ । त्यसबेला मेरो उमेर १०-११ वर्षको थियो होला भनी ७८ वर्षिय चेतराज पन्तजीले भन्नुभएको र २००५ सालमा दाङ्गबाट बसाई सरी आएका हसनपुरका भरथरी चौधरीले सोही कर्माको फेदमा भगवतीको त्रिसुल मूर्ति शिला, साना घण्टहरू देखेको थिएँ भनी भन्नुभएको तथा २०१८ सालमा प्रहरीको व्यारेक उक्त स्थाननजिकै बसेको हुनाले प्रहरीद्वारा फूलपातिमा त्यहाँ बडाई तथा बली दिने काम पनि गरिएको र प्रहरीद्वारा नै टीनको छ्राना भएको सानो मन्दिरको निर्माण भएको भनी तत्कालीन प्रहरी इञ्चार्ज के.वी. गुरुङ्गकी श्रीमती रमा गुरुङ्गले आफूपनि सो स्थानमा पूजा गरेको हुँ भन्नुभएको कुरा उल्लेख भएको साथै नगरपञ्चायत र कर्मचारी मिलन केन्द्रको सहयोगमा २०३४ सालमा पेगोडा शैलीको भगवतीको मन्दिर र नजिकै ३ कोठा भएको घर पनि निर्माण भएको हो । सो घरको भाडाबाट भगवतीको आजापूजा हुने गरेको थियो । हालसम्म पत्ता लागेको सत्यतथ्यका आधारमा परापूर्वकाल भन्न नमिल्ने कम्तीमा पनि १०० वर्षअघि कुनै व्यक्तिले मौजुदा स्थानमा भगवतीको स्थापना गरिएको अनुमान गरिन्छ भनी उल्लेख भएको छ । हाल वनदेवी मन्दिर व्यवस्थापन समितिका अध्यक्ष मायाप्रकाश भट्टका अनुसार नजिकै घर हुने रामेश्वर श्रेष्ठका दाजु सत्यनारायण श्रेष्ठको सक्रियतामा आजभन्दा ८/१० वर्षअघि नेपाल सरकारबाट प्राप्त रू. एक लाख र केही चन्दादाताहरूबाट उठेको रकमले मन्दिरको जिर्णोद्वार गर्दाको समयमा प्रांगण बनाउँदा जमिनबाट १०० वर्षभन्दा पुरानो केही इँटाहरू भेटिएकोले सो सुरक्षित राखिएको छ भनी भन्नुभएकोले रामेश्वर श्रेष्ठसँग बुझ्दा जिर्णोद्वार गर्दाको समयमा निस्किएका इँटामा १९६१ लेखिएको थियो जस्तो लाग्दछ । हाल उक्त इँटा भेटाइएन भनी भनिएको हुँदा सो भन्दा पहिलेनै वनदेवी भगवतीको मन्दिर स्थापना भएको देखिन्छ । कै.कं. गोश्वारा स्थापना हुँदाको समय वि.सं. १९५५ तिरको भए ११२ वर्ष हुन आउँछ ।

उक्त लेखमा सोही वनदेवी मन्दिर परिसरभित्र सुदूरपश्चिमाञ्चलको मुख्य गौरा पर्व मनाउने गरिन्थ्यो । जनघनत्व बढ्न गई ठाउँको अभाव भई श्री गौरा महेश्वर मन्दिर बनाउन नितान्त आवश्यक देखिँदा यस सुदूरपश्चिमाञ्चल संस्कृति सम्वर्द्धन समितिको पहलमा धनगढी निवासी श्री पद्मबहादुर चन्दको संयोजकत्वमा यस समितिका सदस्यज्यूहरूको आर्थिक सहयोग र जि.वि.स., ध.न.पा. समेतको सहयोग जुटाई मन्दिरको निर्माण कार्य २०५६ सालमा शुरु भई सोही वर्ष सम्पन्न भएको थियो । जसमा अयोध्या भारतबाट शिव पार्वती (गौरा) र गणेश शिव बाहन बृषभ मूर्तिहरूको स्थापना गरिएको छ भने नित्य पूजाआजाको व्यवस्था पनि मिलाइएको छ ।

माथि उल्लेख भएअनुसार १०० वर्षभन्दा पहिले वनदेवीको स्थापना भएको देखिन्छ । तर के कस्तो आधारमा यो यसले वनदेवी नामाकरण गरी पूजन गर्ने गरेको भन्ने विषय कहींबाट पनि खुल्न आएन । धनगढी मनेहरा घर हुने डम्वरुबल्लभ भण्डारीका अनुसार उहाँ धनगढी नगरपञ्चायतमा वडा सदस्य हुँदाको समयमा उहाँ र सो पञ्चायतका प्रधानपञ्च यज्ञराज पन्त समेत भई प्र.पं.कै आर्थिक सहयोग समेतबाट श्री वनदेवीको पुरानो टीनको छाना भत्काई पक्की मन्दिर बनाइएको हो रे । ■

श्री पशुपति मन्दिर

श्री भोलेनाथको चिन्तन

साँझ सबेरे गर्दछ जसले,चिन्तन भोले नाथको
दयालु दृष्टिपर्दछ उसमा,बाबा भोले नाथको ॥
पाँचमुख तीन तीत नेत्र छन,गोरो उज्वल मुहारमा
पाऱ्यो निलो कालकुटले,घाँटी भोले नाथको ॥
शीरबाट गंगा बहन्छिन,स्वच्छ निर्मल धर्तीमा
काखमा गोरी रहिन्छन, प्यारी भोलेनाथको ॥
फणा फिजाई फन्किएको ,नागमाला कण्ठमा
कंटिमा सुन्दर बाघ छाला शम्भू भोलेनाथको
हातमा त्रिसूल डमरु,डम-डम बजाई तालमा
पाउ उचाली गर्ने ताण्डब नृत्य,बमबम भोलेनाथको ॥
भाङ धतुरो पान गरेर, मस्त हुन्छन ध्यानमा
महादेवका पनि ,को पो रैछन, देव भोले नाथको ॥

रचना मिति २०६३।१२।७ गते

कर्मचारी मिलन केन्द्र धनगढीद्वारा घोडाघोडी संगम २०६४मा प्रकाशित

ध.न.पा. वार्ड नं. १ बजारको काप्रा रूख नजिक बाबा संग्रामदासले एउटा शिलामा जल चढाई आजापूजा गर्ने गरेकोमा भारततिरबाट पनि आएका बाबाजीहरूले त्यही नजिकै धुनी जगाई बस्ने गरेको हुँदा संग्रामदासजीले बाबाजी बस्ने कुर्सी पनि बनाउनुभएको थियो । उहाँले भारत जयपुरबाट भगवान चतुर्भूज शिवजीको मूर्ति ल्याउनु भई २०१९ सालमा त्यहाँ स्थापना गरी पशुपतिको मन्दिर पनि बनाउनु भयो र नजिकमा हनुमानको मूर्ति पनि स्थापना गर्नुभयो ।

२०३३ सालमा मन्दिरको नाममा त्रिनगर -ख, कि.नं. २६६ मा एक विगाह धुर जग्गा थियो । नगरविकास समितिले सो मन्दिर वरिपरी अस्थाई दोकान गरी बस्नेहरूलाई निजहरूले ओगटेको जग्गा वितरण गरेपछि हाल सो मन्दिरको जग्गा २ कट्टा ५ धुर मात्र बाँकी छ । र सो मन्दिरको पूर्वउत्तरमा

सडकतर्फ रहेको जग्गामा ४ खोका राखिएको थियो । सो खोकाबाट उठेको भाडाबाट पशुपति मन्दिर विकास समितिका अध्यक्ष स्वर्गीय रामचन्द्र अग्रवालका पालामा २०३६ सालमा ५ ओटा सटर बनाइएको हो । पहिलेको कुटीलाई भजनमण्डल बनाइयो । मन्दिरको माथि लिन्टरद्वार गुम्वज, गेट, पर्खाल पनि सटरहरूमा दोकान गर्ने भाडावालहरूबाट उठेको रकमले बनाइएको हो ।

बाबा संग्रामदास हाम्रैं गाउँका नेपाली हुनुहुन्थ्यो र मोडिएपछि उहाँको नाम संग्रामदास रहेको हो । बुवा श्रीधरसँग बाबाको पहिलेदेखि नै सम्बन्ध रहेको हुँदा २०१९ सालमा मन्दिर बनेपछि बुवाले र त्यसपछि हालसम्म मैले नै पशुपति मन्दिरमा पूजा गर्ने गरेको छु भनी पुजारी पं. विजयराज पनेरुले उक्त विवरण बताउनुभएको हो । हाल सो मन्दिरको समितिको अध्यक्षमा सन्तोष कुमार मुडभरी, उपाध्यक्षमा धनबहादुर लोहार, सचिवमा विष्णु पार्की छन् ।

■

श्री लक्ष्मीनारायण मन्दिर

मोती दमेनी : श्री मुक्तिनारायण आचार्य देखि स्वामी देवराज आचार्यज्यूसम्म

२०२२ सालमा सेती अञ्चलाधीश कार्यालयमा सरुवा भएपछि सपरिवार धनगढीमा आई नैनादेवी मन्दिरनजिक विचारी दिव्यनारायण श्रेष्ठको जिर्ण फुसको घर मर्मत गरी बसें। मेरो डेराको सामुन्नेमा सडकदेखि पश्चिम पुगी मोती दमेनी (अमृता दमेनी) को घर थियो। सिलगढीको गढवाली दमाईकी भान्जी रहिछन्। मलाई मेरो माइती साहेब भनेर बराबर मेरो डेरामा आई श्रीमतीसँग कुरा गरिरहन्थीन्। सोही फागुन चैत्र महिनातिर निज सिकिस्त विरामी भएकी हुनाले नजिक घर हुने प्रधानपञ्च रत्नभक्त श्रेष्ठ, दोकान गरी बस्ने सुवेदार बुद्धिमान श्रेष्ठ र नोटप्रसाद श्रेष्ठहरू अञ्चलाधीश कार्यालयमा आउनुभई मोती दमिनी सिकिष्त विरामी भएकी छन्, तिनको हकदार कोही छैन, तिनीसँग सोना चाँदी रुपैया, पैसा छ कदाचित तिनको मृत्यु भएमा सम्पत्ति हिनामिना हुनसक्छ। त्यसैले छिमेकीको नाताले यहाँ जाहेर गर्न आएका हौं भनी भन्नुभएकोले अञ्चलाधीश कार्यालयबाट मलाई र जिल्ला पञ्चायतबाट एकाउण्टेण्ट हर्षराज स्वाँर, प्रहरीका थानेदार समेतलाई निज दमिनीको सोना चाँदी गरगहना, रुपैया पैसा लगत गरी मुचुल्कासाथ जिल्ला पञ्चायतको जिम्मामा दिन खटाइएको हुनाले हामीहरू निज दमिनीको घरमा गयौं। उनी विस्तरामा सुतेकी थिइन्। उनलाई जगाई हामीहरू तिम्रो सम्पत्ति नास मास नहोस् भनेर सुरक्षित साथ राख्न व्यवस्था मिलाउन आएका हौं। तिमीसँग सोना चाँदी रुपैयाँ पैसा कहाँ कति छ बताइदेऊ भनी भन्दा चामल गहुँ राख्ने सानो कोठलीमाथि लुगाफाटाले बेरेर राखेको डलियामा उनले बताएअनुसार ३/४ पोका पुन्तरा खोली हेरी सोना चाँदी रुपैया पैसाको लगत गरी सुनारद्वारा सुन तौलाई केही तमसुक लालपूर्जा कागजसमेत खोलाई जाहेरीवाला समेतलाई राखी सरजमिन मुचुल्का तयार गरी जिल्ला पञ्चायतको एकाउण्टेण्ट हर्षराज स्वाँरको जिम्मामा दियौं।

त्यसको केही दिनपछि मसलन्द फर्निचर खरिद गर्न अञ्चलाधीश कार्यालयबाट मलाई खटाइएको हुँदा म भारत लखनऊ गएको थिएँ। निज मोती दमिनी विरामीबाट आराम भइसकेपछि मेरो सम्पत्ति लिई लखनउ घुम्न

गयो भनी मलाई गाली गरेकी रहिछन् । म लखनऊबाट फर्केपछि मलाई नचाहिँदो आरोप लगाएको कुरा थाहा पाउँदा निज दमिनीलाई तिम्रो गरगहना रुपैयाँ पैसा सबै लगत गरी जिल्ला पञ्चायतमा राखिएको छ, नपत्याए नजिकै घर भएका एकाउण्टेण्ट हर्षराज स्वाँरकहाँ गई बुझ भनी भनेपछि हर्षराज जीले निजलाई जिल्ला पञ्चायतमा लगी सुरक्षित राखिएको उनको सबै गरगहना रुपैयाँ पैसा देखाइदिएको हुँदा मैले उक्त आरोपबाट छुट्कारा पाएँ । उनी आफैं खिस्सिएर हामीसँग बोल्न पनि छाडिन् ।

मोती दमिनी कडा मिजासकी थिइन् । २००७ सालको क्रान्तिमा लेप्टन गौरीलाल समेत सबै क्रान्तिकारीहरूलाई आफ्नै घरमा खाना पिना गराउँथिन् रे । अरु कसैसँग कुनै विषयमा ठाकठुक परेमा ठूलो डाँकोले थर्काउँथिन् । अड्डाका सबै हाकिम कर्मचारीहरूसँग बोल्न नहिच्किचाउने तर आफ्ना जातिका अरुलाई आफूसँग सम्पत्ति छ भनेर हेप्ने आदत रहेछ । उनले आफ्नो टाढाको नाता पर्ने दिलसोभा दमिनीलाई आफ्नो हेरविचार गर्नका लागि आफ्नै घरमा राखेकी रहिछन् । उनको कर्कसा, स्वभाव दिनहुँको कचकचले केही महिनापछि उनले पनि छाडेर गइछन् । त्यस्तो स्वभावको मानिसलाई मुक्ति नारायणजी २०२४/२५ सालतिर उनको घरमा बराबर आई भेटघाट गरी के कसरी सम्झाई बुझाई भक्तिनी बनाई मन्दिर बनाउन लगाउनुभयो । सबैले आश्चर्य मानेका थिए । मोती दमिनीले मन्दिरको एउटा कोठा र सोझै माथि गुम्वसम्म मात्र बनाएकामा सेती अञ्चलाधीश मणिराज शर्माले सो मन्दिरको वरिपरी बरण्डा बनाइदिनु भएको थियो । निज दमिनीले नैनादेवी नजिकको घरबारी बेची आफ्नै जग्गामा आफैंले बनाएको मन्दिरको वरण्डामा बस्ने सुत्ने गरेकी थिइन् । उनी बुढी र विरामी हुँदा बरण्डामा नै दिसा पिसाव फोहोर गर्ने रहिछन् । मुक्तिनारायणजीले यस्तो फोहोर नगर भनी भन्दा झन् उल्टो उहाँसँग बराबर झगडा गरेकी रहिछन् । त्यत्तिकैमा मोती दमिनीको संकास्पद रूपमा (मोती दमिनीको मुखमा कपडाको लुडो घुसाई सास फेर्न नदिई मारेको भन्ने सुनिएको थियो ।) त्यही मृत्यु भएपछि नजिक बस्नेहरूले सो मृत शरीरलाई नजिकै कैलाली नालाको ढिकमा गाडीदिएछन् । सो ठाउँमा स्थानीय बासिन्दाको साना साना बच्चा मरेमा गाड्ने गरेको हुनाले सम्सानघाट जस्तो रहेछ । मोती दमिनीको लाशलाई गहिरो पारी गाडेको नहुनाले केहीदिन पछि स्यालले उधिनी सडीसकेको लासको टाउको मात्र निकाली यताउता

लडाएको छ भनेर नजिकमा बस्ने मानिसहरूले थाहा पाई अरुलाई पनि भन्ने गरेको सुनिएको थियो ।

जिल्ला पञ्चायतमा राखिएको सोना चाँदी रुपैयाँ पैसाहरू उनले फिर्ता बुझिन् कि बुझिननन्, नैनादेवी नजिकको घरबारी बेचेको रकम र आफूसँग भएको रकमले मन्दिर निर्माण गरेका हुन् कि ? उनीसँग के कति गरगहना रुपैयाँ पैसा बाँकी थियो, थिएन संदिग्ध अवस्थामा उनको मृत्यु भएकोले कसैले पनि यसै हो भन्न सकेका थिएनन् । उनको मृत्यु भएपछि वेवारिसे जग्गा ३ विघा जतिमा अञ्चलाधीश सत्यनारायण झाका पालामा श्री ऐश्वर्य विद्या मन्दिर बनाइएको हो रे । उनको नाम अमृता दमिनी भए पनि सबैले मोती दमिनी भनी चिनेका हुनाले यहाँ पनि मोती दमिनी लेखिएको हो ।

श्री लक्ष्मीनारायण मन्दिरको संस्थापक श्री मुक्तिनारायण आचार्यज्यू नेपाली नै हुनुहुन्थ्यो । उहाँले कञ्चनपुर बेलौरीमा श्री लक्ष्मीनारायणको मन्दिर बनाउनका लागि केही जग्गाको व्यवस्था मिलाउनु भएको हुँदा सोही जग्गा सम्बन्धमा मुद्दा परी २०२३/२४ सालतिर महाकाली अञ्चलाधीश कार्यालयमा बरावर आइरहने गर्नुहुन्थ्यो । दुब्लो पातलो गोरो अनुहार छिटो छिटो हिँड्ने, चाँडो रीस उठाउने उहाँको स्वभाव थियो । त्यस समयमा म उक्त कार्यालयमा कार्यरत थिएँ । उहाँले सोही समयमा धनगढीमा पनि लक्ष्मीनारायणको मन्दिर बनाउनका लागि मोती दमिनीलाई भक्तिनी बनाई निजकै जग्गामा मन्दिर बनाउन लगाउनुका साथै केही गाउँहरूका श्रद्धालु व्यक्तिहरूबाट केही जग्गाको पनि व्यवस्था मिलाउनुभएको थियो । मोती दमिनीले बनाएको मन्दिर एउटै कोठाको मात्र थियो । सेती अञ्चलाधीश मणिराज शर्माले मन्दिर वरिपरी वरण्डा छत हालिदिनु भएपछि मन्दिरमा सरस्वतीको मूर्ति स्थापना गर्न कुरा उठाउनु भएकोमा मुक्तिनारायणजीले २०२६/२७ सालतिर तुरुन्तै भगवान नारायण र गरुडजीको सानो मूर्तिलाई कपडाले छोपी लक्ष्मीजी बनाई स्थापना गरी आजापूजा गर्न लाग्नुभयो । सो समयमा मोती दमिनीको मृत्यु भइसकेको थियो । उहाँले मन्दिरको सँगै उत्तरतिर आफूसमेत अन्य पुजारी महानुभावहरू वस्नेगरी तीनचार कोठाको पक्की घर र गौशाला पनि बनाउनुभएको थियो ।

त्यसबेलामा धनगढीको वस्ती पातलो थियो । वैष्णवहरू धनगढीमा छँदै थिएनन् भने पनि हुन्छ । टाढाटाढावाट मात्र केही भक्तजनहरू कहिलेकाहिँ मन्दिरमा आउने गरेका र सम्सानघाटजस्तै कैलाली नाला पनि नजिकै हुनाले

यहाँका बासिन्दाहरू मन्दिरमा कमै मात्रामा त्यहाँ आउनेहुनाले मन्दिर सुनसान अँध्यारो थियो । त्यसैले मुक्तिनारायणजीले बराबर भारत बनारसको चक्कर लगाउँदै रहनुहुन्थ्यो । २०३८ सालमा वनारस संस्कृत विश्वविद्यालयको प्रोफेसर पदमा कार्यरत एकजना प्रतिभाशाली विद्वान नेपाली श्री १०८ देवराज आचार्यलाई धनगढीको उक्त मन्दिरमा ल्याउन सफल हुनुभयो । तत्पश्चात बेलौरीमा उहाँले सञ्चालन गर्नुभएको गौशालामा आगलागी भई एकजनाको मृत्यु भएको सम्बन्धमा मुक्तिनारायणजीलाई जिल्ला प्रहरी कार्यालय कञ्चनपुरले पक्राउ गरी केही दिन थुनामा राख्यो । थुनामा राख्दा उहाँमाथि कडा व्यवहार गरिएको थियो कि ? त्यसैले हो वा अन्य कुनै कारणले हो उहाँ बराबर तर्सी रहनुहुन्थ्यो रे । त्यसपछि २०४० सालको शिवरात्रीको अवसरमा उहाँ आफैंले बनाउनुभएको उक्त घरको एउटा कोठामा घाटीमा पासो लगाई झुण्डिई मृत्युलाई अँगाल्नुभयो । (यो मृत्यु सम्बन्धमा कसैले उहाँलाई मारी झुण्ड्याएको हो भनी संका पनि गरेका थिए रे ।) उहाँको शवलाई विधिपूर्वक दाहसंस्कार गरिएको थियो भन्ने पनि सुनेको थिएँ ।

उ भए वेदान्त : प्रवर्तकाचार्य आबाल ब्रह्मचारी सन्त सिरोमणि कविराज श्री १००८ स्वामी देवराज आचार्य

श्री १०८ देवराज आचार्यज्यू २०३८ सालको अन्त्यमा धनगढीको श्री लक्ष्मीनारायण मन्दिरमा प्रवेश गर्नुभएपछि २०३९ साल बैशाख महिनामा भारत वृन्दावनबाट धातुका श्री लक्ष्मीनारायण भगवानको मूर्ति ल्याई विधिपूर्वक प्रतिष्ठा गर्नुभयो । सो समयदेखि हालसम्म पनि नियमित रूपले आजापूजा चलिरहेको छ । यस मन्दिरमा वर्षभरिको २४ एकादशी र अन्य २६ व्रत उत्सव भव्य रूपले मनाइन्छ ।

पहिले सम्सानघाटजस्तै कैलाली नालानजिकै भगवानको मन्दिर भएपनि मानिसहरू मन्दिरमा प्रवेश गर्न हिचकिचाउने गरेकोमा स्वामी देवराज आचार्यज्युको आगमनपछि मन्दिरमा सधैं वेदोच्चारणका साथ भगवानको आजापूजा, भजन कीर्तन हुनेगरेको र विशेष पर्व तथा पुराण प्रवचनको कार्यक्रम भएमा सनैः सनैः भक्तजन दर्शकहरू भिड लाग्नलाग्यो । मन्दिर सधैं उज्यालो भइरहने हुनाले अन्धकार पनि हराएर गयो । प्रेत प्रितासहरूले पनि मुक्ति पाएहोलान् ।

धनगढी कैलालीका बौद्धिक समाजले आयोजना गरेको कुनै कार्यक्रममा ६६ वर्षिय उहाँलाई निमन्त्रणा गरिएमा सेतो लामो दौरा र सेतै लुङ्गी, सेती गम्छाको भरमा नजिकै भए पैदल र केही टाढा भए रिक्सामा जानुहुन्छ । कार्यक्रमअनुसार आफ्नो मन्तव्य, प्रवचन आदि गर्नुहुन्छ । पश्चिम महाकाली महेन्द्रनगरदेखि पूर्व कोहलपुर, सुनसरी, विराटनगर, झापासम्मका तराईका जिल्लाहरूमा आमन्त्रण भएमा भ्रमणमा जानुभई श्रीमद्भागवत १०८ सप्ताह समेत लगाउनु भई प्रवचन गर्ने गर्नुभएकोले राजधानी काठमाडौं समेत अधिराज्यका धार्मिक, बौद्धिक समाजबाट उहाँले सधैं सम्मान पाइरहनु भएको छ ।

मुक्तिनारायण आचार्य प्रलोक हुनुभएपछि यस मन्दिरका अध्यक्षका रुपमा रहेका देवराज आचार्यज्यूले २०४० सालमा श्री रघुनाथ वेदविद्याश्रम पनि स्थापना गर्नुभएको छ । गरीब, धनी सबै बालकहरू बेद, कर्मकाण्ड, व्याकरण आदि संस्कृत पढ्छन् । पहिले ४० जनासम्म विद्यार्थीहरू हुन्थे, हाल २४ जना विद्यार्थी रहेका छन् । ती सबैको आवश्यक भोजन, अध्ययन, सामान्य औषधोपचार मन्दिरकै तर्फबाट निःशुल्क उपलब्ध भइरहेको छ । यहाँका विद्यार्थीहरूले भारत, नेपालमा बसेर आचार्य परीक्षा र एम.ए. सम्म अध्ययन गरेर अहिले संस्कृत विश्वविद्यालय र अन्य महाविद्यालयहरूमा पढाइरहेका छन् । धेरैजसो वैष्णव विरामीहरू जचाउन आएमा निःशुल्क विरामीको जाँच गरी औषधोपचार गरी परोपकार कार्य पनि गर्दै आउनुभएको छ । आचार्य ज्यूले मन्दिरको आयस्ताबाटै उत्तरतिरको घरमा तला थप्ने मन्दिर अगाडिको हाल,बिद्यार्थी,पाहुनाहरु बस्नेघर, पाकशाला गौशाला बगैचा आदि निर्माण गर्नु भएकोछ । लक्ष्मीनारायणको मन्दिर ४२-४३ बर्ष पुरानो भित्रि दिवार केही कमजोर जस्तो सानो भएकाले सो मन्दिर नजिकै दक्षिण तर्फ परिसर भित्रको पक्की कच्ची दोकानहरुबाट आउने भाडा र जग्गाको आयस्ताबाट मन्दिरमा हुने खर्च कटाई बाँकी रहने रकम र आफूले पाइरहनु भएको भारत सरकारबाट दिइएको सुबिधा रकमबाट समेत ५,६ बर्ष अघि देखिनै लाखौं रुपियाको लागतमा कलात्मक तथा भव्य मन्दिर निर्माण गराइरहनु भएकोछ । भगवानलाई स्थापना गरिने कोठामा सानो तर अति सुन्दर मन्दिरको पनि निर्माण कार्य भइरहेकोछ । जमिनमा र दिवालमा मार्वल टायल लगाउने कार्य पुरा भएको छ, अब माथिल्लो भागमा गुम्बज बनाइने कार्य सम्पन्न हुन थोरै समय लाग्नेछ

।सम्भवतः आँउदो सालमा भगवानको ठूलो मूर्ति ल्याइ सो मन्दिरमा स्थापना गराइनेछ ।आफ्ना जन्मस्थान गोर्खा र स्वजनहरूलाई त्यागी श्री रामानुज दर्शन विश्वविद्यालय काँसी उत्तरप्रदेश भारतको प्रोफेसर पदमा नियुक्त भई आठ वर्षसम्म कार्य गर्नु भएपछि सो पद पनि छाडी धनगढीमा पाल्नुभयो र करीब २८/२९ वर्षसम्म भ्रमण अवधि बाहेक श्री लक्ष्मीनारायण मन्दिरसँगै बनेको घरको एक मात्र झ्याल भएको एउटा कोठामा 'जहाँ बाहिरबाट राम्रो प्रकाश आउँदैन' त्यहाँ एकान्त बास गर्नुहुन्छ । उक्त प्रोफेसर पद अध्यावधि सुरक्षित नै रहेको हुनाले हालसम्म भारत सरकारबाट मासिक भा.रू. ३६ हजार पाइरहनुभएको छ ।

महेन्द्रनगरबाट प्रकाशित साहित्यिक मासिक नौलो पाइला ३८ मा आस्थाका प्रतिमूर्ति देवराज आचार्य शीर्षकमा उहाँकै शिष्य घुघुरकोट अछामका उपप्राध्यापक श्री देवेन्द्रप्रसाद भट्टले उहाँको सम्बन्धमा यथार्थ विवरण खुलाई प्रकाश पार्नुभएकोले मननयोग्य छ । मलाई प्राप्त भएको जानकारी अनुसार स्वामीज्यूको परिचय निम्न अनुसारको छ :

१. नाम : देवराज आचार्य

२. जन्म : २००१ साल चैत्र २७ गते बुधबार रेवतीनक्षत्रमा ।

३. जन्मस्थान : जि. गोर्खा, खोपलाङ् गा.वि.स. ६ खोपलाङ्डाँडा गाउँ ।

४. पिता : श्रीरत्ननाथ उपाध्याय - धार्मिक नैतिक आचारवान् ।

५. माता : श्रीलक्ष्मी देवी उपाध्याय

६. दीक्षा : १५ वर्षको उमेरमा जनकपुर धाम (नेपाल)मा श्री १००८ जनार्दनाचार्य स्वामी जीद्वारा वैष्णवी दीक्षा ग्रहण गर्नु ।

७. शिक्षा :

१. वाराणसेय संस्कृत विश्वविद्यालय काशीबाट व्याकरण शास्त्री

२. सम्पूर्णानन्दसंस्कृत विश्वविद्यालय काशीबाट वेदान्ताचार्य (शुरुदेखि नै सबै परीक्षामा, प्रथम श्रेणी)

३. अखील भारत वर्षीय आयुर्वेद विद्यापीठ दिल्लीबाट आयुर्वेदाचार्य, उत्तीर्ण ।

८. अध्ययन : प्रथम-गाउँ-ठाउँमा प्राथमिक-माध्यमिक ।विद्यालयहरूमा केही शिक्षण कार्य ।

९. ई.सन् १९७६ मा श्रीरामानुज दर्शन महाविद्यालय काशीमा सम्पूर्ण

वेदान्त दर्शनको विभागाध्यक्ष र (प्रोफेसर) स्थायी रूपमा नियुक्ति । ८ वर्षसम्म वेदान्तदर्शन, व्याकरण साहित्य आदि पढाउनु । त्यसपछि निरन्तर नपढाएपनि विद्यालयमा उक्त पद अद्यावधि सुरक्षित नै रहनु । वर्तमानमा उक्त विभागाध्यक्षको नाताले उत्तर प्रदेश सरकार (भारत)ले मासिक भा.रू. ३६,०००/- प्रदान गरिरहेकै छ । त्यो द्रव्य गरीब छात्र पोषणमा, गरीब जनतालाई निःशुल्क औषधि प्रयोगमा एवं विभिन्न मठमन्दिरहरूमा र संघ-संस्थामा प्रदान गरिन्छ ।

१०. प्राथमिक शिक्षा : गाउँमा नै ।

११. विशेष अध्ययन : जनकपुर धाम, नेपालको ज्ञानकूपसंस्कृत महाविद्यालय । त्यसपछि अझ विशेष अध्ययनको लागि वाराणसी, (काशी) मा श्रीरामानुज दर्शन महाविद्यालयमा अधययन र विभिन्न विश्वविद्यालयहरूबाट शास्त्री-आचार्य परीक्षामा विशिष्ट श्रेणीमा उत्तीर्ण ।

१२. संघसंस्थामा प्रवेश :

(क) २०३२ सालमा अधिरज्यव्यापी अखिल नेपाल श्रीवैष्णव समितिको संस्थापक । २०४२ मा 'राष्ट्रिय श्री वैष्णव परिषद्' को वैधानिक रूपमा स्थापना गर्नु । बीचबीचमा केही वर्ष उक्त परिषद्मा विभिन्न पदमा रहेर, धेरैवर्ष देखि अहिलेसम्म पनि उक्त परिषद्को अध्यक्ष पदमा रहेर देशव्यापी धार्मिक कार्यक्रमको आयोजना गर्नु गराउनु ।

(ख) २०५५ सालमा काठमाण्डू वनकालीमा विभिन्न कार्यक्रमको साथ १०८ श्रीमद्भागवत सप्ताह ज्ञान महायज्ञमा १०८ कर्ता र १०८ भागवतवाचकहरू सम्मिलित गराएर भव्य आयोजना गर्नु र स्वयंले व्यासगद्दीमा बसेर कथावाचन गर्नु ।

(ग) २०६४ सालमा महेन्द्रनगरमा पनि १०८ भागवत सप्ताहको आयोजन गर्नु, स्वयंले कथावाचन गर्नु ।

(घ) विराटनगर, झापा, सुनसरीमा पनि १०८ भागवत सप्ताहमा प्रमुख वक्ताको रूपमा कथा वाचन गर्नु ।

१३. १०० भन्दी भागवत सप्ताहमा प्रमुख वक्ता बनेर कथा वाचन गर्नु ।

१४. अधिराज्यका विभिन्न धार्मिक सामाजिक क्षेत्रमा अध्यक्ष, कोषाध्यक्ष, सदस्य रूपमा रहनु

१५. मन्दिर स्थापना :

(क) २०३९ बैशाखमा धनगढीस्थित श्रीलक्ष्मीनारायण मन्दिरमा भगवान्‌को प्रतिष्ठा गर्नु र संस्थाको रूपमा रहेको यस मन्दिरको अध्यक्ष पदमा रहेर आजसम्म पनि विभिन्न उत्सव पर्व मनाउनुको साथै विकासको कार्यक्रम बृहद् रूपमा अघि बढाउनु ।

(ख) २०४० सालमा 'श्री रघुनाथ वेदविद्याश्रम' स्थापित गरेर अद्यावधि ३० संख्यासम्मका विद्यार्थीहरूलाई निःशुल्क वस्त्र, भोजन, आवंस सहित, वेद कर्मकाण्ड, व्याकरण, साहित्य धर्मशास्त्रको शिक्षा दिनु ।

(ग) यस मन्दिरमा आउने सबै प्रकारका मानिसलाई भोजन-आवास निःशुल्क दिनु ।

(घ) जि.कैलाली, श्रीपुर गा.वि.स.मा अवस्थित श्रीलक्ष्मीनारायण मन्दिरको संरक्षकको रूपमा रहेर कार्य गर्नु, जुन मन्दिरको नाममा ३० विगाह जति जमीन छ र आयस्ता पनि आइरहेको छ ।

(ङ) जि.बाँके कोहलपुर चौराहमा नै जोडिएको श्रीरामजानकी मन्दिर लगभग १ विगाह जमीनको भित्रमा छ त्यसको निर्माण गर्नु र विधिपूर्वक सञ्चालन गर्नु, आए गएका सबै भक्त-सामान्य व्यक्तिहरूलाई पनि निःशुल्क भोजन आवास दिनु ।

(च) जि. सप्तरी राजविराजमा पनि एक कठ्ठा ११ धुर जमीन घरसहित कुनै भक्तिमयी आमाले प्रदान गर्नुभएकोमा त्यसमा पनि वेदविद्यालय सञ्चालन गर्नु ।

(छ) धनगढी नगरपालिकाको श्रीकृष्ण मन्दिरको पूजाआजा सुरक्षाको व्यवस्था गर्नु,

(ज) धनगढी न.पा. ७ कै देवहरियामा ९ कठ्ठा जमीनमा भगवान् श्री वैंकटेश मन्दिर सञ्चालन गर्नु र पुनः नयाँ रूपले मन्दिर निर्माण आरम्भ गर्नु ।

(झ) देवहरिया धनगढीमा ८ लाख कठ्ठा पर्ने जमीन पशुपति शिक्षा मन्दिरलाई २ कठ्ठा निःशुल्क दिनु र ३ कठ्ठा अत्यन्त कम मूल्यमा प्रदान गर्नु ।

१६. महेन्द्रनगरमा निर्माण भएको श्रीराधाकृष्ण मन्दिरको विकास गर्नु, विद्यार्थी,

महात्मा, असहाय वृद्धाहरूलाई आवास भोजन दिनु, इत्यादि द्वारा संस्थाको रूपमा स्वयं अध्यक्ष बनेर उक्त मन्दिर सञ्चालन गर्नु

१७. पुस्तक लेखन :

१. विद्वान् सभालाई उद्‌बोधन

२. दर्शन परिचय एक भ्रम

३. उदार पत्रिकाको अनुदार अनुहार

प्रकाशन हुने :

१. कुदृष्टि-अङ्गवाद

२. शिवजीको र बुद्धको यथार्थता

३. स्वधर्म निर्णय एक भ्रान्ति ।

पत्रपत्रिकामा अनेक, दार्शनिक, साहित्यिक, आध्यात्मिक लेख कविता प्रकाशित ।

१८. उपाधि एवं सम्मान पत्र :

(क) श्री १००८ को उपाधि प्राप्त, प्रयागको १२ वर्षीय कुम्भ पर्वमा साधुसमाजद्वारा ।

(ख) हैदरावाद भारतमा गोपालोपायनम् (सन् २००८) को ५०,०००।- भा.रू. सहित दुसल्ला ओढाएर ताम्रपत्रमा प्रमाणपत्र प्राप्त, जो नेपालमा मलाई प्राप्त भयो ।

(ग) शरणागति अन्तर्राष्ट्रिय आध्यात्मिक प्रतिष्ठान काठ्‌माण्डूद्वारा रू. २५०००।- सहित २ चोटि अभिनन्दन ।

(घ) कैलाली उद्योग वाणिज्य संघको आयोजनामा प्र.म. प्रचण्डद्वारा अभिनन्दन

(ङ) त्यस्तै धनगढी नगरका विद्यालयहरू र संघसंस्थाबाट अभिनन्दन ।

(च) अधिराज्यका अनेक संघसंस्था, मन्दिरहरूबाट प्रमाणपत्र सहित अभिनन्दन ।

१९. शिष्य :

(क) नेपाल अधिराज्यका तराईका सबै जिल्लाहरूमा र काठमाण्डू र पहाडी क्षेत्रका जिल्लाहरूमा हजारौं श्रीवैष्णव शिष्यहरू छन् ।

(ख) भारतको उत्तर प्रदेश, गुजरात, आसाम, मणिपुर, सिक्किममा पनि हजारौं शिष्य एवं भूटानमा पनि छन् ।

यसरी आवालब्रह्मचारीको रूपमा रहेर वैदिक सनातन धर्मको प्रचार प्रसारमा आफ्नो जीवन समर्पित गर्ने चाहना बाल्यावस्था देखि नै भएकाले जो सफलता मिलेको छ, त्यो आफ्नो प्रयासभन्दा पनि ईश्वरको प्रेरणा नै हो ।

१०८ श्रीमद्भागवत सप्ताह

श्री लक्ष्मीनारायणको नवनिर्मित मन्दिरमा भगवानको मूर्ति स्थापना नहुँदै राष्ट्र शान्ति, बौद्धिक सनातन धर्म जागरण महिला समाज धनगढी र राष्ट्रिय मठमन्दिर सुधार समिति समेत भई १०८ श्रीमद्भागवत सप्ताह ज्ञान महायज्ञ लगाउन छलफल भएकोमा मठमन्दिर सुधार समितिले निकट भविष्यमै यसै मन्दिरमा अर्को सप्ताहको आयोजना गर्ने भनिएकाले महिला समाजले मात्र उक्त कार्य गर्ने निर्णय गरी प्रमुख कर्ता श्री श्याम तायल, श्रीमती रञ्जना तायल (उहाँहरू वैष्णव हुनुहुन्न) रहनुभएको पम्प्लेट निकाली अन्य १०६ कर्ता तयार पार्न आयोजक श्रीमती शैलु श्रेष्ठ समेतका महिलाहरू श्रद्धालु महानुभावहरूका घरमा जाँदा वैष्णव समाजले आयोजना गरेको भनी कुनै कुनै व्यक्तिले कर्ता बन्न अनिच्छा प्रकट गरेपनि बैष्णव धर्म नलिएका अन्य धेरै महानुभावहरू (लेखक पनि) कर्ता बन्न तयार भएको (कर्ता बन्न रू. ११००० दिनुपर्ने र सो रकमबाट सप्ताहमा हुने खर्च कटाई बाँकी रकमबाट दक्षिणतर्फ मूलद्वार बनाउने योजना रहेको जानकारी दिइएको थियो ।)ले यस क्षेत्रका साथै नेपालका केही जिल्लाहरूबाट र भारत, बनारस, वृन्दावन, अयोध्यामा अध्ययन गर्न बस्नु भएका नेपाली विद्यार्थीहरू ५० जना जति लाई बोलाइ निजहरू समेत १०८ विद्वान पण्डितहरूबाट पुराण वाचन र अन्य पण्डितहरू द्वारा विष्णु सहस्त्र नाम समेत पाठ गर्ने व्यवस्था मिलाई २०६७ साल माघ २१ गते बैदिक बिधी पूर्वक पूर्बाङ्ग कार्य भएपछि कलश यात्राको कार्यक्रम शुरू भयो । सो यात्रामा सर्वप्रथम बैण्ड वाजा, कलश शिरमा बोकेका तमाम महिलाहरूको लाम, प्रमुख विद्वानहरू चढ्नु भएको गाडी, राधा कृष्ण श्रृंगार गराईकाहरू गाडी, त्यसपछि श्रृंगार गरिएको सेतो दूई घोडे बग्गीमा श्री लक्ष्मीनारायण मन्दिरका महन्त श्री १००८ स्वामी देवराज आचार्य ज्यू विराजमान हुनु भएको थियो । पछि पछि पुराण वाचन गर्ने पण्डितहरू, कर्ताहरू, अन्य महानुभावहरू, राना थारू थरूनी र चौधरी थारू थरूनी को नृत्य थियो, विच बिचमा भजन गर्नेहरू पनि हुनुहुन्थ्यो । यस प्रकार सो मन्दिरबाट राष्ट्र बैंक, नैनादेवी, बजारै

बजार चौराहा भएर फर्कि सो कलश यात्रा मन्दिरमा पुगेपछि सो दिनको कार्य सकियो । भोली पल्ट बिहान ७ बजे देखि दिउसो १२ बजे सम्म भागबत पारायण, दिउसो १.३० बजे देखि बेलुकी ५/६ बजे सम्म प्रमुख व्यास श्री १००८ स्वामी देवराज आचार्य ज्यू बाट पाठ गरिएका पारायणको भावार्थ प्रवचन र साँझमा भजन कीर्तन हुने गरेको थियो । पुराण पारायणको समयमा र प्रवचनको समयमा दिनहु हजारौंको संख्यामा धनगढी र आसपासका धेरै जसो महिला पुरुषहरूको घुँइचो भइरहन्थ्यो यस बिचमा मन्दिर परिसरमा ब्रतबन्धको कार्य, लक्ष्यबर्ती दीप प्रज्वलन पनि हुने गरेको थियो माघ २८ गते सप्ताह पुराण समाप्त भएपछि २९ गतेका दिन गोदान, शैय्यादान होम पुर्णाहुती भई सप्ताहको कार्य भव्यताका साथ सम्पन्न भयो ।

लेखकले २०५७ साल फागुन महिनामा आफ्नो घरमा श्री मद् भागबत महापूराण एकाह लगाउन श्री लक्ष्मी नारायण मन्दिरका महन्त श्री १०८ स्वामी देवराज आचार्य ज्यू संग सल्लाह गर्दा उहाँले श्री मद् भागबतका ८ ओटा पुस्तक मगाइदिनु का साथै सो मन्दिरका ३ पण्डित सहित ५ जना ब्राह्मण उपलब्ध गराइ धनगढीमा बस्नु हुने श्री दिनानाथ भट्ट, श्री मनिराज जोशी, श्री जनक राज भट्ट समेत ३ जनाको नाम दिनु भयो । मनि राज जोशी जी ले अर्का १ जना पण्डितको व्यवस्था गरिदिनु भएकोले ७ पण्डित द्वारा बिहान पुराण वाचन अन्य ४ जना ब्राह्मण द्वारा बिष्णु सहस्र नाम समेत पाठ गराइयो दिउसो ३ बजे देखि स्वामी देवराज आचार्य ज्यूबाट प्रवचन पनि भएको थियो । सो अवसरमा शिलगढीका र काठमाण्डौंमा बसेका मेरा परिवार भतिजा, बुहारीहरू समेतको उपस्थिती रहेको थियो ।

सारांशमा

श्रद्धेय श्री मुक्तिनारायण आचार्यज्यूले मोती दमिनीद्वारा श्री लक्ष्मीनारायणको मन्दिर निर्माण गराउनुभई आफ्नो सत्प्रयासमा भगवान मूर्ति स्थापना गरी आजापूजाको पनि व्यवस्था मिलाउने क्रममा भारत वनारसबाट एउटा सुगन्धित कटहर चम्फाको बोट ल्याएर मन्दिरमा रोप्नुभयो । तर त्यो बोटमा तत्काल फूल फुली मीठो बास्ना छरेको देख्न सुँघ्न पाउनु भएन । त्यो बोटबाट फुलेको फूलले धनगढीलाई अहिलेसम्म सुगन्धित पारिराखेको छ । मन्द मन्द हावाको झोकाले त्यो सुगन्धलाई पर.... धेरै

परसम्म पुऱ्याइरहेको छ। हामी धनगढीबासीहरू त्यसमा अत्यन्तै गौरवान्वित भएका छौं। यो सुगन्ध चीरकालसम्म हामीहरू पाईरहौं। हाम्रा सन्ततीहरूले पनि पाइरहुन्। मोती दमिनी र मुक्तिनारायणजीको आत्मालाई पनि शान्ति मिलोस् भनी श्री लक्ष्मीनारायण भगवानमा प्रार्थना गर्दछौं।

नोट : कटहर चम्फाको बोटमा रङ्गीचङ्गी फूलहरू फुल्दैनन्। हरियो पातजस्तै हरियै फूल हुन्छ। बेलुकीपख बास्ना आएपछि थाहा पाउनेले मात्र फूल फुलेको पत्ता लगाउन सक्छ। ■

श्री रामजानकी मन्दिर

दिव्यधाम

खोजी कहाँ जाउँ प्रभो,तिम्रो दिव्यधाम
आउ मेरो मुटुभित्र,बस सीताराम ।
चौरासी घुमी आई ,पायौं नर नाम
भोली फेरी फर्किएर, जाने कुन हो ठाम
दुइदिनको जिन्दगीमा, गरौ भलोकाम
देह यो हराएपनि ,बाँकी रंहोस नाम ॥
पाप सबै पखालिने, हुने पूण्य काम
मन शुद्ध पारि बोल, सधै रामराम
आँखिरमा शान्ति दिने यही सत्यनाम
मृत्युपछि उडी आत्मा,पाउने स्वर्गधाम ॥

डोटी सिलगढीबाट कैलाली धनगढीमा बसाई सरीआएका नेवारहरूले आफ्नो समाजमा मर्दा पर्दा वा अन्य कुनै कार्य आइपरेमा सरिक भई सम्पन्न गर्ने गराउने उद्देश्यले २०४६ सालमा आफ्ना आराध्यदेवी श्री शैलेश्वरीको नाम अगाडि राखी वयोवृद्ध श्री केदारप्रसाद श्रेष्ठको अध्यक्षतामा श्री शैलेश्वरी गुठी समाजको स्थापना भएको हो । १० वर्षसम्म समाजको कार्य आफ्नै समाजमा मात्रै सीमित रहेको हुनाले २०५६ सालमा रमणचन्द्र श्रेष्ठको घरमा अन्य जातिका धर्मार्थ कार्यमा आस्था राख्ने महानुभावहरूलाई पनि समेटी बैठक बसी रमणचन्द्र श्रेष्ठको अध्यक्षतामा धनगढीमा श्री रामजानकी मन्दिर निर्माण गर्ने समिति गठन भई विभिन्न महानुभावहरूबाट चन्दा संकलन गरी २०५७ सालमा उनै वयोवृद्ध केदारप्रसाद श्रेष्ठबाट मन्दिरको सिलान्यास कार्यको शुभारम्भ भएको थियो । त्यसपछि रमणचन्द्र श्रेष्ठको घरमा भएको दोस्रो बैठकमा चन्दननाथ मीलका भूपू नेकाँका सांसद सदस्य श्री लोकेन्द्रबहादुर शाहकी छोरी दिवेश्वरी शाहले आफ्ना स्वर्गीय पिताको स्मृतिमा भाइहरूसँग सल्लाह गरी २ कोठाको धर्मशाला निर्माण गरिदिने वचन गर्नुभएको थियो । रमणचन्द्र जीले मलाई मन्दिरको दिवालमा टायल लगाइदिनुभए हुन्थ्यो । रू.

२० हजार जति खर्च लाग्छ भनी भनेकाले मैले सो कार्य गर्न स्वीकार गरेको हुँदा निर्णय पुस्तिकामा सो विषय लेखिएको थियो । मन्दिरको सिलान्यास भएको केही समयपछि स्व. लोकेन्द्रबहादुर शाहका छोराहरूबाट धर्मशाला निर्माणका लागि सोही परिसरमा सिलान्यासको कार्य पनि भएको थियो ।

मन्दिरको जगदेखि कुर्सीसम्म मात्र बनिसकेपछि दुई वर्षसम्म सो निर्माण कार्य बन्द भएकोले मन्दिर निर्माणका लागि रू. ८००० चन्दा दिने दाता श्री ठेकराज पन्तजीले मन्दिर बनाउने कार्य रोकिएको हुँदा मैले दिएको चन्दा फिर्ता देऊ भनी माग गरेकाले निर्माण समितिले सो रकम फिर्ता गरेको थियो । (स्व. ठेकरदाज पन्तजीले श्री पञ्चोदय मा.वि., त्रिनगर मा.वि., ऐश्वर्य विद्या निकेतन, श्री नवदुर्गा मन्दिर धनगढी समेतमा विशेष आर्थिक योगदान गर्नुभएको थियो ।) यसरी निर्माण कार्य रोकिएपछि धर्मशाला निर्माण गर्न सिलान्यास गर्ने दाताहरूले पनि सो कार्य गर्न रोक लगाउनुभयो । मन्दिर निर्माण पुरै बन्द भएकोले ४ वर्षपछि होरी मनाउन श्रीकृष्ण मन्दिरमा भेला भएका गुठी समाजका सदस्यहरूका बीचमा मैले अब म पनि ठेकराज पन्तजीको जस्तै गरी मन्दिरको दिवालमा टायल लगाउनु छ भनेको विषय पत्रिकामा छपाई आफ्नो शब्द फिर्ता लिन्छु भनेपछि सो समाजका केही सदस्यहरूले रमणचन्द्र जीलाई अब मन्दिर नबनाउने भए अध्यक्षता छोडिदिनु हामी मन्दिर बनाउँछौं भनेपछि मात्र रमणचन्द्र जीले कुर्सीदेखि माथि बनाउने कार्य शुरु गरे । र मन्दिरमा द्वारहरू लागिसकेपछि मात्र केदारप्रसाद श्रेष्ठजीले पटकपटक गरी रू. १६००० चन्दा दिनुभएको हो ।

यसप्रकार मन्दिर निर्माण हुँदै जाँदा हामीले ३ तलासम्म मात्र बनाउन सल्लाह दिएकोमा सो मन्दिर आसपासमा बस्ने गुठी समाजका केही सदस्यहरूले इञ्जिनियरका सल्लाहअनुसार ५ तलाका मन्दिर बनाउने अठोट गरी रश्मी मेडिकलका गोरखबहादुर श्रेष्ठबाट रू. ६६/६७ हजारको लागतमा चौथो तला र गोविन्द प्रसाद श्रेष्ठ काठमाडौं गई आफ्ना भाई लक्ष्मण प्रसाद श्रेष्ठ, भाइ पुष्पप्रसाद श्रेष्ठ तथा आफूसमेत भई त्यतिकै लागतमा पाँचौ तला निर्माण गराएका हुन् । गोविन्दप्रसादले काठमाडौंमा स्व. बौद्धमान श्रेष्ठका छोरा सत्यनारायण, रामेश्वर श्रेष्ठबाट तामाको गजुर र रू. २५००० नगद तथा स्व. हर्कनारायण श्रेष्ठका छोर भरतराज श्रेष्ठबाट रू. २५००० तथा काठमाडौंका अन्य चन्दादाताहरूबाट समेत चन्दा उठाई उक्त तामाको गजुरमा साढे चार

तोलाको सुनको मोलम्मा लगाई ल्याई मन्दिरमा जडान गरिएको हो। मन्दिरको मूर्तिका लागि कृष्णप्रसाद श्रेष्ठका छोरा बेलायतमा बस्ने कोमलप्रसाद श्रेष्ठले पठाएको रू. २,००,००० बाट गोविन्द प्रसाद श्रेष्ठ समेत भारत राजस्थानमा गई श्रीराम, सीता, लक्ष्मण, भरत, सत्रुघनका ठूला मूर्ति र हनुमानको सानो मूर्ति समेत खरीद गरी मन्दिरमा ल्याई स्थापना भएको हो।

लेखकले मन्दिरको दिवाल भित्रबाहिर टायल लगाउने भनेकामा सबैको सल्लाहले टायलको सट्टा मार्वल लगाउन पटकपटक गरी रू. ५१३०० दिएको र बरण्डामा टायल लगाउन प्रेमसागर जोशीजीले रू. २५००० चन्दा दिनुभएको हो।

पाँचतले मन्दिर निर्माण भइसकेपछि गुठी समाजका केही सदस्यहरूले नैनादेवी मन्दिरमा आउनुभएका हरिद्वारका स्वामी दिनदयालजी नेपालीलाई मन्दिरमा ल्याई देखाउँदा अहो यहाँ यस्तो भव्य मन्दिर बनेको रहेछ, म हाम्रा विश्वनाथ धामका स्वामी प्रखरजी महाराज (शंकराचार्य हुने उहाँको पालो आएको छ।) लाई ल्याएर भगवानको मूर्ति अनावरण कार्य समेत गराउँछु भन्नुभएकोले निर्माण समितिका अध्यक्ष र केही सदस्यहरू उहाँसँग सम्पर्क गर्न ३/४ पटक हरिद्वार गई तामाको कलश, रामनामीहरू खरीद गरी ल्याएका हुन्। उक्त निर्माण समितिको संरक्षकमा म, श्यामसुन्दर श्रेष्ठ, शिवराज श्रेष्ठसमेत ३ जना मात्र रहेकोमा पछि बोलाइएका स्वामी दिनदयालजीलाई को-कसले कहिलेदेखि श्रीरामजानकी मन्दिरको प्रमुख संरक्षक भनी लेख्न शुरु गरेका हुन्। मलाई थाहा छैन।

भारत हरिद्वारस्थित विश्वनाथ धामका अनन्त श्री विभूषित पूज्यपाद स्वामी प्रखरजी महाराजबाट २०६४/१/१२ मा मन्दिरको समुद्घाटन र मूर्तिको अनावरण कार्य सुसम्पन्न भएको र उहाँको मुखारविन्दबाट हुने प्रवचन श्रवण गर्न आउनुहोला भनी सर्वसाधारणलाई बाँडिएको निमन्त्रणा पत्रमा 'स्वामी दिनदयालजीको संरक्षकत्वमा पाँचतले भवन निर्माण सम्पन्न भएको' भन्ने उल्लेख गरी केही हजार निमन्त्रणा पत्र वितरण गरिएको देखिएकोले मैले स्वामी दिनदयालजीलाई सो निमन्त्रणा पत्र देखाई तपाईको संरक्षकत्वमा पाँचतले मन्दिर निर्माण भएको हो त ? भनी सोधनी गर्दा होइन, पाँचतले मन्दिर बनिसकेको थियो, को कस्ले किन यस्तो लेखे मलाई थाहा थिएन। अब के गर्नुपर्छ भनी भन्नुहुँदा मैले यो निमन्त्रणा पत्र केही हजार बाँडिसकेको छ। अब

सुधार गरी अर्को पत्र छपाउँदा खर्च बढ्ने र तपाईको पनि नाममा केही धब्बा लाग्छ होला त्यसैले केही नगरौं भनें । सो निमन्त्रणा पत्र कस्ले ड्राफ्ट गरी छपाइएको हो मलाई पूर्व जानकारी भएन ।

निमन्त्रणा पत्रमा लेखिएबमोजिम २०६४ बैशाख ७ गतेदेखि २४ गतेसम्मको कार्यक्रमअनुसार ७ गतेका दिन नैनादेवी मन्दिरको प्राङ्गणबाट श्री रामजानकी मन्दिरसम्म कलश यात्रा भगवानका मूर्ति स्थापना गर्ने कार्य भएको थियो । सो ७ गतेदेखि ११ गतेसम्म दिनहुँ वैदिक पूजा, आरती, पुष्पाञ्जली, श्रीमद्भागवत श्रीमद्वाल्मिकीय रामायण, विभिन्न पाठपारायण, जप, हवन, भजन कीर्तन, पूज्यपाठ स्वामी श्री १००८ देवराज आचार्यज्यू, पूज्यपाद स्वामी दिनदयाल र अन्य महत्मा विद्वानहरूबाट प्रवचनको कार्यक्रम पनि भएको थियो । १२ गतेका दिन स्वामी प्रखरजी महाराजबाट मन्दिरको समुद्घाटन, प्रतिमा अनावरण, प्राणप्रतिष्ठा, प्रवचन भएको थियो । (भारत मद्रास काँशी तामाकोठी पिठका महन्त जगतगुरु शंकाराचार्यज्यू जयन्द्र सरस्वतीले श्री ५ को सरकारको सल्लाह अनुसार कैलालीको गेटामा मेडिकल कलेज बनाउन ३ अर्ब रुपैयाँ दिनुहुने बुझिएको थियो । सोमध्य शुरुमा निकासा आएको रू. ५०/५५ लाखमा गेटामा सवा ८ विगाह जमिन खरिद भएपछि श्री ५ को सरकारका मन्त्रीको उपस्थितिमा शंकराचार्यज्यूले भवन बनाउन शिलान्यास पनि गर्नुभएको थियो । त्यसपछि प्राप्त रू. ५० लाखले गेटा मूल सडकनजिकै एउटा पचास सैय्याको भवन बनेकोमा हाल त्यहाँ प्रहरी चौकी रहेको र केही भागमा हेल्थपोस्ट पनि रहेको छ । मन्त्री, सचिव, सदस्यहरूको आवतजावत प्लेनको भाडासमेत गरी सो कार्यका लागि जम्मा सवा करोडजति रकम प्राप्त भएको रहेछ । सो स्थानको जग्गा खरिद गर्ने समितिको अध्यक्षमा केन्द्रकै पदाधिकारी र सदस्यमा धनगढीका डा. चेतराज पन्त, डा. शिवदत्त जोशी, गगनप्रताप मल्ल रहनुभएको विषय थाहा भएको हो । शंकराचार्यमाथि ज्यान माराको अभियोग लागेकोले उहाँलाई भारत सरकारले बन्दी बनाई राखेको भन्ने समाचार सुनेएको छु । हाल उक्त निर्माण कार्य विल्कुलै बन्द भएको छ । यो विषय प्रखरजी महाराजलाई जानकारी दिइएको हुनाले उहाँले आफ्नो प्रवचनमा मैले केही सोचेको छु भनेर भन्नुभएको थियो । के सोच्नु भएको थियो विषय थाहा छैन ।) १३ गतेका दिन स्वामी प्रखरजी महाराज र अन्य विभिन्न महानुभावहरूलाई सम्मान पत्र प्रदान गर्ने कार्यक्रम भयो । १४ गतेका दिन

लक्ष्यवर्तिका प्रज्ज्वलन, पूर्णाहुती, प्रसाद वितरण आदि कार्य भई समारोह विसर्जन भएको थियो ।

मन्दिरको समुद्घाटन कार्य सम्पन्न भएपछि प्रखरजी महाराजजीमा चढाइएको भेटी उहाँले मन्दिरको अक्षयकोषमा राख्नु भनी फिर्ता गर्नुभयो । दिनदयालजी समेत ४/५ जना योगी महात्माहरूलाई दिइएको भेटी सबैले आ-आफ्नो झोलीमा हाल्नुभयो । दिनदयाल स्वामीजी ३/४ दिन बसी भगवानको पूजा यसरी गर्नुपर्छ, दिउँसो भोग लगाउनु पर्छ आदि सल्लाह दिई जानुभयो । रू. ५००० भन्दा बढी चन्दा दिने दाताहरू र मन्दिर निर्माण सम्बन्धमा समेत कार्यमा विशेष सहयोग पुऱ्याउने महानुभावहरूलाई वितरण गरिएको पत्रमा गुठी समाजका अध्यक्ष शिवराज श्रेष्ठ, निर्माण समितिका अध्यक्ष रमणचन्द्र श्रेष्ठका साथै स्वामी दिनदयालजी महाराज प्रमुख संरक्षक श्री रामजानकी मन्दिर भनी लेखिएकोमा उहाँहरूको दस्तखत पनि भएको छ । तर प्रमुख संरक्षक बनाइएका उहाँ फेरि मन्दिरमा फर्की आउनुभएन ।

डोटी सिलगढी निवासी सुश्री विष्णुमाया श्रेष्ठले भगवानको पूजाका लागि आवश्यक पर्ने सामान ब्याजबाटै खरीद गर्नेगरी रू. एक लाख एक अक्षकोषमा राख्न मेरो जिम्मामा दिएका थिए । श्री रामजानकी मन्दिर व्यवस्थापन समिति गठन र अक्षयकोषको स्थापना नभएकोले सो रकम मैले आफ्नो निजी खातामा रा.वा. बैंक धनगढीमा राखेको छु । सो अक्षयकोष खाता खोलेपछि ब्याजसमेत सो रकम उक्त खातामा जम्मा गरिदिने छुँ भनी मैले समाचारपत्रमा पनि उल्लेख गरेको छु ।

स्मारिकामा मन्दिर निर्माणकालागि कमसेकम रु ५०० देखि माथि चन्दा दिने दाताहरुको नाम र रु पाँच हजार देखि माथि दिने दाताहरुको नाम शिलामा लेखिनेछ भनिएकोमा र ५ हजार देखि माथि र रु २४ हजार नौ सय उनान्सौ सम्म चन्दा दिने दाताहरु एकसय पचहत्तर जनाको नाम खुलेको बिबरण हरिओम श्रेष्ट जीले पछि म समेतलाई दिनु भएको थियो ,यो बिषय पुस्तिका छपाउन प्रेसमा पठाउदा सम्म स्मारिका निकाल्ने र शिलामा लेख्ने कार्य भएको बुझिएको छैन ।

भगवानको मूर्ति अनावरण हुनु भन्दा केही दिन पहिले मन्दिर परिसरमा बोराडाडी स्थित नेपाली सेनाका केही जवानहरुबाट १२, पन्द्र दिन सम्म फूसको छाना भएको दुइतले होम कुण्ड बनाउन र मुलद्वार देखि मन्दिर सम्म

पीच गर्ने कार्यमा पनि श्रमदान भएको थियो ।

श्री शैलेश्वरी गुठी समाजका सदस्य हरिहर प्रसाद श्रेष्ठकी श्रीमती सुर्यमाया श्रेष्ठले श्री रामजानकी मन्दिर निर्माण कार्यमा अन्य सदस्यहरू सरह बराबर उपस्थित भई चन्दा उठाउने र भगवानको मूर्ति अनावरणको समयमा अथक परिश्रम गरी कार्य सम्पन्न गराउनुमा पूरा योगदान गर्नुभएको थियो । उहाँले हालसम्म पनि उक्त मन्दिरमा हुने विशेष पर्वहरूमा सहयोग गरिरहनुभएको छ । त्यस किसिमको परिश्रम हाम्रा गुठी समाजका अन्य कुनै महिलाले पनि गरेको देखिएन । यसको अतिरिक्त उहाँले श्री नैनादेवी मन्दिर, श्री नवदुर्गा मन्दिर, धनगढी गाउँका श्री राधाकृष्ण मन्दिर, धनगढी गाउँकै श्री नवदुर्गा मन्दिर शान्तिनगर समेतमा र उहाँलाई बोलावट भएमा अन्य मन्दिरहरूमा पनि उपस्थित भई सम्बन्धित टोल छिमेकका महिलाहरूलाई एकतृत गरी कलश यात्रा, भजन कीर्तन, लाखबत्ती चढाउने र अन्य आवश्यक कार्यमा अगाडि सरी काम गरिरहनु भएको छ । उहाँ त्रिनगर मा.वि.को सञ्चालक समितिको सदस्य पनि हुनुहुन्थ्यो । नेपाल परिवार नियोजन संघ धनगढीको सदस्य पदमा धेरै पहिलेदेखि अहिलेसम्म पनि कार्यरत हुनुहुन्छ । नेपाल रेडक्रस सोसाइटी वा.नं. १ उपशाखाको सदस्य, वडा नं. एककै महिला स्वयम्सेविकाको संयोजकको नाताले ध.न.पा.को कार्यालयमा र जनस्वास्थ्य कार्यालयमा तथा श्री शैलेश्वरी डुनाटपरी उद्योगको नाताले उद्योग वाणिज्य संघमा पनि आवद्ध हुनुहुन्छ । कुनै असहायक विरामी भएको उहाँलाई थाहा भएमा विरामीलाई खर्चको आवश्यक भए बाहिरबाट चन्दा उठाई डाक्टर नर्सहरूसँग सम्पर्क गरी उपचार गराउने कार्यमा पनि लागिरहनु हुन्छ । त्यसको अतिरिक्त अन्यायमा परेका जोकोही गरीब व्यक्तिले सहयोग मागेमा जिल्ला प्रशासन, प्रहरी कार्यालयमा गई भनसुन गर्न पनि हिचकिचाउनु हुँदैन । ५७ वसन्त पार गरिसक्नुभएको छ । घरको आर्थिक स्थिति कमजोर भएपनि कुनै फाइदा लिने उद्देश्यले नभई निस्वार्थ भावनाले उपरोक्त लेखिएबमोजिम धार्मिक, सामाजिक परोपकारी कार्यमा अग्रसर भई कार्य गरिरहनुभएकोले हाम्रो गुठी समाजमा मात्र होइन धनगढी नगरपालिका क्षेत्रमा उहाँ अग्रणी महिलाको रूपमा देखा पर्नुभएको छ ।

धनगढी चौराहा नजिक भन्सार जाने पुरानो सडकको छेउमा बनेको श्रीरामजानकी मन्दिर अति सुन्दर छ । त्यसैले धनगढी घुम्न आउनेहरू एकपटक सो मन्दिरमा पुगी भगवान्को दर्शन गर्न लालायीत हुन्छन् । मन्दिर देख्नेहरूले

यतिराम्रो मन्दिर बनाइएछ भनी प्रशंसा पनि गरेको सुनिन्छ । तापनि सो मन्दिरका अस्थायी पुजारी जन्मेजय भट्टको र स्थानीय महिलाहरूको गत ऋषिपञ्चमीको दिनमा भएको झगडाको विषयलाई लिएर जन्मेजय भट्टजीले जिल्ला प्रशासन कार्यालय कैलालीमा उजुरी गर्दा मैले २०६७ जेष्ठ १४ गते र ०६७ असाढ २५ गतेमा सेती समाचार पत्रमा छपाएको स्मारिका खोई भन्ने शीर्षकको पत्रिकाको फोटोकपी प्रमाणको लागि पेश गर्नुभएको छ रे । सो कारवाहीको निर्णय भएको छ छैन अहिलेसम्म रामजानकी मन्दिर व्यवस्थापन समिति गठन नभएकोले सो मन्दिर नजिकमा बस्ने गुठी समाजका केही सदस्यहरूबाटै भगवान्को नित्य नैनित्य पूजा, आरतीका लागि चाहिने तेल बत्ती धूप आदि आवश्यक पर्ने सामानहरू व्यवस्था मिलाइए पनि व्यवस्थित रूपले आजापूजा भइरहेको छ भन्न सकिने स्थिति छैन ।

रामजानकी मन्दिर निर्माण समितिका पदाधिकारीहरु :-

अध्यक्ष :	श्री रमणचन्द्र श्रेष्ठ	सदस्य :
सचिव :	श्री हरिओम श्रेष्ठ	श्री सूर्य प्रसाद श्रेष्ठ
कोषाध्यक्ष :	श्री दिलबहादुर सिंह	श्री बालमुकुन्द जोशी
सदस्य :	श्री बिधान प्रसाद श्रेष्ठ	श्री राजु श्रेष्ठ
		श्री गोबिन्द प्रसाद श्रेष्ठ
		श्री जन्मेजय भट्ट
		श्री सत्य प्रकास ओझा
		श्री बेदनारायण श्रेष्ठ

(सतिका सदस्यहरको पद फरक हुन सक्छ र केही सदस्य छुट पनि भएकोहोला मलाई एकीन याद छैन)

संरक्षक : हरिनारायण श्रेष्ठ, श्री श्यामसुन्दर श्रेष्ठ, श्री शिवराज श्रेष्ठ

श्री रामजानकी मन्दिर व्यबस्थापन समिति गठन भै नसकेकोले सो कार्य गर्नकालागि गत ऋषिपञ्चमीको भोली पल्ट श्री शैलेश्वरी गुठी समाजका सदस्य श्री दिव्यनारायण श्रेष्टको संयोजकत्वमा तदर्थ समिति गठन भएको थियो । रामजानकी मन्दिर निर्माण सम्बन्धि आम्दानी खर्चको बिबरण सम्बन्धित महानुभावहरुले बुझाइनसकेकाले व्यबस्थावन समिति गठन गर्न सकिएको छैन भनि संयोजकले भन्नु भएको छ । ■

श्री कृष्ण मन्दिर व्यवस्थापन समिति

पौराणिक धार्मिक क्षेत्र

ध.न.पा. ६ - मेलाबोझिया मटियारी, कैलाली

ऐतिहासिक पृष्ठभूमि :

जिल्ला कैलाली ध.न.पा. ६, पौराणिक धार्मिक क्षेत्र मेलाबोझिया मटियारी पूर्व-उक्त जंगल किनारामा परापूर्वकालमा शिवलिंग उत्पत्ति भई शिवरात्री, दशहरा मेला लाग्ने हुँदा मेला बोझिया भन्ने नामाकरण भएको । किराँत राजवंशीहरू शिवसाधक भएकाले त्यतिबेलादेखि नै मेला लाग्दै आएको भन्ने जनश्रुति रहीआएको छ । सोही ठाउँमा तत्कालीन निर्माण भएको पौराणिक शैलीको पानी कुँवा हालसम्म जिर्ण अवस्थामा भग्नावशेषको रूपमा रहीआएको छ । कुँवाको पूर्वतर्फ शिद्धेश्वर महादेवको शिवलिंग रहेको र दक्षिणतर्फ पञ्चधातुको लक्ष्मीनारायणको मूर्ति रहेको । हाल दुवै भूगर्भावस्थामा रहेको भन्ने हालसम्म जीवित मेला हेर्ने बुढापाकाबाट ज्ञान हुन आएको । मेला हेर्न कञ्चनपुर, कैलाली जिल्ला निवासी भक्तजनहरूको ठूलो संख्यामा आगमन हुने । किँरातवंशीय राजा रजौटादेखि आध्यात्मिक आस्था भएका भक्तजनहरू उक्त ठाउँ अति पवित्र मानी मोहना नदीमा स्नान गरी केहीदिन विश्राम गरेर तत्पश्चात् भारतका तिर्थस्थलका यात्रापश्चात् उक्त ठाउँमा पुनः मेलापर्वमा दर्शन गर्ने गरेको त्यसैबेलादेखि राजाघाट नामाकरण भएको भन्ने किंवदन्ती छ ।

वर्तमान असन्तुलित भौतिकवादको प्रभावले वैदेशिक सनातन हिन्दूधर्मप्रति जनसाधारणको अभिरुची रहँदै गएको विकराल समयमा वेद, पुराण, धर्मशास्त्रको सारभूत तथा मठ मन्दिरको माध्यमबाट सामाजिक एकता भातृत्व, शान्ति सद्भाव संस्कारिक संस्कृति, जोगाई सक्षम समुन्नत समाजको सृजनागर्न सकिने यथार्थलाई दृष्टिगत गरी २०५५ साल देखि उक्त पौराणिक धार्मिक क्षेत्रमा स्थानीय धार्मिक आस्थावान एवं समाजसेवी महानुभावहरूबाट धार्मिक कार्यको थालनी गर्नु भई २०६० सालमा जिल्ला प्रशासन कार्यालयबाट धार्मिक विधान पारित भई विभिन्न सरकारी, गैरसरकारी संघसंस्था, व्यापारी, उद्योगपति, व्यक्ति विशेषबाट आर्थिक सहयोग जुटाई श्री शिवमन्दिर, श्री राधाकृष्ण मन्दिर, श्री रामजानकी मन्दिर आश्रम, यज्ञशाला, शौचालय, हवनकुण्ड आदि निर्माण गरी नित्य आजापूजा, धार्मिक पर्वमा धार्मिक कार्यक्रम यज्ञादि सञ्चालन हुँदै

आएका । २०६३ सालमा जिल्ला वन कार्यालयमा श्रीकृष्ण धार्मिक वनको नामले दर्ता भई साढे तीन हेक्टर क्षेत्रफल कायम भएको । समाज कल्याण परिषद्, आन्तरिक राजश्व कार्यालयमा समेत दर्ता भई विधिवत वैधानिकता प्राप्त भएको यस क्षेत्रको भावी गुरुयोजना तयार गरी नापी नक्सा भएको गतविगतमा जि.वि.स., ध.न.पा.को आर्थिक सहयोगमा धार्मिक वन क्षेत्र तारवार, गेट निर्माण, शौचालय निर्माण आदि कुरा सम्पन्न भएको ।

धनगढी नगरपालिका क्षेत्रभित्र कै एक सुन्दर धार्मिक क्षेत्रको रूपमा अझ बढी विकास निर्माण गरी, धार्मिक पर्यटक थलोको रूपमा स्थापित गर्न सम्बन्धित सरकारी, गैरसरकारी, निजी लगानी प्रवाह भएमा सो क्षेत्रको सुन्दर भविष्य निश्चित देखिन्छ ।

मेलाबोझियामा लाग्ने मेलामा धेरैजसो भारतीय मुशलमान व्यापारीहरू आउने गरेकामा आजभन्दा करीब ५० वर्षपूर्व मेला लागेकै समयमा त्यहाँ हैजाको विराम फैलिई केही व्यापारी मुशलमानहरूको मृत्यु भएकोले अरु व्यापारीहरू त्यहाँ आउन छाडेकाले मेला बन्द भएको भन्ने त्यहाँका बुढापाका राना थारुहरूको भनाई छ ।

डोटीका राजा भारत सिंगाहीमा बस्नु जानुभएपछि उहाँका सन्तानका तर्फबाट केही वर्षअघि सम्म रातो तीनकुने झण्डा, पूजाका सामान आउने र सो ठाउँकै शिवमन्दिरमा झण्डा गाडी पूजा पनि गरिन्थ्यो रे ।

यसप्रकार किराँत राजवंशीहरू र डोटीका राजाको पनि सम्बन्ध रहेको भन्ने हुँदा सो मेलाबोझियामा केही सय वर्ष पहिलेनै शिव मन्दिर निर्माण भएको जस्तो देखिन आउँछ । यो अनुसन्धानको विषय हो ।

संस्थापक

संरक्षक : १००८ स्वामी श्री देवराज आचार्य (लक्ष्मीनारायण मन्दिर धनगढी)
सहसंरक्षक : बालयोगी स्वामी सागरानन्द (दुर्गादेवी मन्दिर धनगढी), विष्णुबहादुर बम (पूर्व एसपी), रामबहादुर शाही, रामचन्द्र शर्मा, मुडभरी (पूर्व क्षे.नि.), दामोदर पन्त, द्विजराज पाण्डेय, नन्दराम भट्ट, जयराज भट्ट पण्डा कृपाल सिंह ऐर, रणबहादुर शाही, स्व. शंकर दास राना, हरिदत्त पनेरु, सीताराम चटौत, धनिराम चौधरी, मोतिलाल महरा (आर्थिक सहयोगी) राजेन्द्र अग्रवाल (आर्थिक सहयोगी), द्विजराज पनेरु, ध.न.पा. ६ वडा नं. ५ र ६ का बासिन्दाहरूको अतुलनीय योगदान रहेको छ ।

श्री राधाकृष्ण मन्दिर धनगढी

- धनगढी गाउँ निवासी नवराज ओझाले आफ्नो घरदेखि पश्चिमपट्टि पर्ती जग्गामा २०३१ सालमा पिपलको बोट लगाउनुभई जग्गा ओगट्ने कार्य शुरु भएको हो ।
- २०५१ साल नरसिंह जयन्तीका दिन मन्दिर निर्माण कार्य शुरु भई ऐ. कार्तिक ७ गते मूर्ति अनावरण ।
- मूर्ति लादुराम अग्रवालबाट प्राप्त भएको ।
- जि.वि.स. सभापति श्री मोहनबहादुर शाह कैलालीबाट काँडेदार तार प्राप्त ।
- मन्दिर सार्वजनिक सहयोगबाट निर्माण भएको हो ।
- श्याम तायलबाट यज्ञशाला निर्माण भएको ।
- तीनकोठाको धर्मशाला मध्ये नवराज ओझाबाट एककोठा निर्माण । तीनचौतारा पनि नवराज ओझाबाटै निर्माण भएको ।
- सुश्री भगवती श्रेष्ठबाट भगवती मन्दिर निर्माण भएको ।
- जि.वि.स. डोटीका केशवराज उपाध्यायबाट शिवालय निर्माण ।
- मन्दिरको जग्गा २०५४ सालमा स्व. राजा वीरेन्द्रमा विन्तिपत्र दिई हु.प्र. अनुसार ०५७/६/२९ मा कि.नं. १५५८/१५६० गरी १-२-० दर्ता ।
- मन्दिरको हाताभित्र ६६ जातका बोटविरुवा रहेका ।

कार्यसमिति :

उपेन्द्रराज जोशी अध्यक्ष (२०५१ देखि ०६३ सम्म)

हरिसिंह कठायत अध्यक्ष (हाल)
पुष्पराज जोशी सचिव
विनोद दाहाल सहसचिव
नवराज ओझा कोषाध्यक्ष
चक्रबहादुर सदस्य
उपेन्द्रराज जोशी सदस्य
अच्यूत न्यौपाने सदस्य
तेजेन्द्रलाल प्रधान सदस्य

श्रीमती शान्ती ऐर सदस्य

सल्लाहका
मधुसुधनप्रसाद उपाध्याय
दीनानाथ भट्ट
उजागर [illegible]

नवराज ओझाबाट प्राप्त विवरण जस्ताको त्यस्तै ।

श्री नवदुर्गा अनुष्ठान केन्द्र
धनगढी, कैलाली

नवदुर्गा अनुष्ठान केन्द्र अन्तर्गत निर्माण भएका भवनहरूको विवरण :

१. नवदुर्गा मन्दिर विभिन्न श्रद्धालु भक्तजनहरूको सहयोगमा २०५१ सालमा निर्माण कार्य शुरु भई २०५४ सालमा योगी नरहरीनाथ ज्यूले उद्घाटन गर्नुभयो ।

२. रामजानकी मन्दिर महात्मा जी बस्ने निवास (अग्रभागमा ४ सटर भएको) वरिष्ठ समाजसेवी स्व. ठेकराज पन्तज्यूले सम्पूर्ण खर्च आफ्नै लागतमा निर्माण गरी मन्दिर समितिलाई हस्तान्तरण गनुभएको ।

३. ठेकराज धर्मशाला ४ कोठे भवन निर्माणमा १,२५,००० स्व. ठेकराज पन्तज्यूले प्रदान गर्नुभएको र अन्य विभिन्न दाताहरूको सहयोगमा निर्माण भएको ।

४. ५८/२५ को ४ कोठे घर वृद्धाश्रम बनाउने भनेर स्व. ठेकराज पन्तज्यूले आफ्नै खर्चमा निर्माण कार्यको थालनी गरी लेन्टर सम्म पुग्दा उहाँको स्वर्गबास भएकोले अधुरो अवस्थामा थियो । पुनः उहाँकी धर्मपत्नी कृष्णमाया पन्तज्यूले लेन्टर हाल्ने कार्य पूरा गर्नु भएको छ । आर्थिक अभावको कारणले त्यसभन्दा बढी गर्न नसक्ने जवाफ प्राप्त भएको छ । मन्दिर समितिमा समेत आर्थिक अभावको कारणले अधुरो अवस्थामा छ ।

५. वरिष्ठ समाजसेवी टेकबहादुर साउँद ज्यूले आफ्नै खर्चमा यज्ञशाला निर्माण गर्नुभई मन्दिर समितिलाई हस्तान्तरण गर्नुभएको छ ।

६. समाजसेवी स्व. जगदिशप्रसाद शर्मा ज्यूले मन्दिर अगाडिको सतसंग, किर्तनशाला निर्माण गर्नुभएको ।

७. समाजसेवी हरिलाल विष्टज्यूले रू. २०,०००।- को लागतमा मन्दिरभित्र टायल लगाउने कार्य गर्नुभएको ।

८. मन्दिर अगाडिको सानो घण्टी झुण्ड्याएको मन्दिर प्रवेश गेट समाजसेवी स्व. गोविन्द खरेलज्यूले निर्माण गर्नुभएको ।

९. वरिष्ठ समाजसेवी श्री श्याम तायलज्यूले मन्दिर प्रवेश मूल गेट निर्माण गनुभएको ।

१०. वरिष्ठ समाजसेवी श्री श्याम तायलज्यूले पूर्ण आफ्नै लागतमा महारुद्री मन्दिर (शिवालय) निर्माण कार्य भइरहेको छ ।

११. समाजसेवी मुरारी चौधरी ज्यूले आफ्नै लागतमा भण्डार घर निर्माण गर्नुभएको छ । केही निर्माण कार्य बाँकी छ ।

१२. मन्दिर उत्तरपट्टिको कुटी विभिन्न दाताहरूको सहयोगमा निर्माण भएको ।

१३. सु.प.का पहाडी भेगमा चलिआएका देवदेवीका मठ मन्दिरहरूमा जाँत (गाँज) मनाउने परम्परा छ । सो परम्पराको थालनी यहाँ पनि शुरुवात गर्नुपर्छ भनी ज्योतिष श्री मनिराज जोशीज्यूको पहलबाट दुर्गा जाँत (गाँज) निकाल्ने प्रचलन पनि २०५४ सालबाट प्रत्येक मार्ग शुक्ल अष्टमीको राति देव पूजन रतौडी र नवमीको दिन दिउसडीको रुपमा जाँत (गाँज) को परम्परा चलिआएको छ ।

१४. ध.न.पा. वा.नं. ५ बस्ने समाजसेवी श्री भरत बास्कोटा ज्यूले मन्दिर वरिपरि १०८ बत्ती बाल्ने दियो जडान गर्नुभएको ।

१६. ध.न.पा. १ बस्ने समाजसेवी श्री भवानी उप्रेतीज्यूले खानेपानीको लाइन जडान गर्नुभएको ।

१७. यस नवदुर्गा मन्दिरको १-८-० जग्गा दर्ता भएको ।

पदाधिकारीहरूको नामावली

१.	अध्यक्ष :	श्री नरबहादुर बोहरा
२.	उपाध्यक्ष :	श्री शिवराज ओझा
३.	सचिव :	श्री रामप्रसाद कम्ती
४.	कोषाध्यक्ष :	श्री मुनिन्द्र सिंह
५.	सह-सचिव :	श्री धर्मराज जोशी
६.	सदस्य :	श्री भानुभक्त जोशी
७.	सदस्य :	श्री सीताराम जोशी
८.	सदस्य :	श्री देवराज जोशी
९.	सदस्य :	श्री केशवराज जोशी
१०.	सदस्य :	श्री मनोज झा
११.	सदस्य :	श्रीमती अन्नपूर्णा पौडेल

श्री नवदुर्गा कालिका भवानी मन्दिर शान्तिनगर

२०२२ सालमा ध.न.पा. वा.नं. १ को जेल घरदेखि दक्षिण मोहना नदीको ढिकसम्म पहाडबाट ओर्लिएका जनताहरूले जंगल कटान गरी बसोबास गरिसकेपछि २०२८ सालमा शान्तिनगर बस्ने कृष्णदत्त पाठकले एक कठ्ठा जग्गा प्रदान गर्नुभएको हुँदा खगेन्द्र फुलारा, रतन फुलारा, भक्तबहादुर मल्लको सल्लाहमा श्री कालिकादेवी मन्दिरको स्थापना गरी देवदत्त पाठकबाट वरपिपलको वृक्षारोपण गरिएको थियो । र दैनिक आजपूजाका साथै वडादर्शै, चैत्राष्टमीमा बली हान्ने पनि गरिएको थियो । सोही ठाउँमा २०५१ सालमा कृष्णदत्त पाठकले पुनः आधा कठ्ठा जग्गा दिनुभएपछि रतनदेव फुलाराको अध्यक्षमा लक्ष्मीराज जोशी, लालमणि पाठक समेतको मन्दिर निर्माण समिति गठन भई विभिन्न महानुभावहरूबाट चन्दा संकलन गरी श्री नवदुर्गा मन्दिर निर्माण गरी गोदावरी नदीबाट ल्याइएको शिलामा मालाखेती बस्ने भोजराज ऐरले कुदेको भगवतीको मूर्ति त्यहाँ स्थापना गरिएको हो ।

सो मन्दिरमा २०६१ सालमा श्रीमद्रामचरित्रमानस महायज्ञ र २०६३ सालमा श्रीमद्देवी भागवत महापुराण लगाइँदा कृष्णदत्त पाठकका छोरा लालमणि पाठकबाट दान भएको आधा कठ्ठा जग्गासमेत २ कठ्ठा जग्गाको एरियामा नगरपालिकाको समेत सहयोगबाट उत्तरतर्फको दिवाल र बर-पिपलको चौतारा बनाउने कार्य भएको हो । सो कार्य सम्पन्न भएपछि गोदावरी चुरेपानी निवासी स्वामी श्री १००८ महाराज जयन्त गिरीज्यूका सल्लाहअनुसार सो मन्दिरमा बली दिने कार्य रोक्ने व्यवस्था भएको छ ।

मन्दिरमा समयसमयमा विवाह, व्रतबन्ध समेतको कार्यहरू हुन्छन् र दैनिक आजापूजा स्थानीयबासीहरूको सहयोगबाट चलिरहेको छ ।

मन्दिर सञ्चालक समितिमा देहायबमोजिमका महानुभावहरू हुनुहुन्छ :

- अध्यक्ष : श्री रतनदेव फुलारा
- उपाध्यक्ष : श्री भानुभक्त जोशी
- सचिव : श्री धर्मराज उपाध्याय
- सहसचिव : श्री चेतराज फुलारा

- कोषाध्यक्ष : श्री कुलराज ओझा
- सदस्य : श्री निमबहादुर मल्ल
- सदस्य : श्री लालबहादुर मल्ल
- सदस्य : श्री पदमबहादुर खड्का
- सदस्य : श्री कृष्णबहादुर विष्ट
- सदस्य : श्रीमती सीतादेवी केसी
- सदस्य : श्री राधादेवी मल्ल

सल्लाहकार :

- श्री मनिराज जोशी
- श्री कृष्णबहादुर मल्ल
- श्रीमती ज्ञानुदेवी बोस

श्री रतनदेव फुलाराबाट प्राप्त विवरण अनुसार ।

■

श्रीकृष्ण मन्दिर (गितासत्संग भवन)

श्रीकृष्णमन्दिर (गीतासत्संग भवन) निर्माणका लागि श्री लक्ष्मीनारायण मन्दिर परिसरको साढे ४ कट्ठा जग्गा उक्त समितिबाट उपलब्ध भएपछि जयपृथ्वीबहादुर चन्दको अध्यक्षतामा डा. शिवदत्त जोशी समेत सदस्य रहेको मन्दिर निर्माण समितिले विभिन्न महानुभावहरूबाट चन्दा संकलन गरी मन्दिर निर्माण सम्पन्न गर्नुका साथै पछि होमकुण्ड समेत निर्माण गरिएको थियो । हाल जयपृथ्वीबहादुर चन्द स्वर्गीय भइसक्नुभएको छ । भवन निर्माणमा सहयोग गर्ने चन्दादाताको नाम सो मन्दिरमा टाँसिएको शिलालेखबाट जानकारी हुन्छ ।

मन्दिरमा भगवानको मूर्ति स्थापना भएपछि ..... सालमा मन्दिर निर्माण समितिका पदाधिकारीहरू र श्री शैलेश्वरी गुठी समाजका सदस्यहरूसमेत भई श्रीकृष्णाष्टमीका दिनमा मन्दिरमा विशेष आजापूजा, भजनकीर्तन गरियो र दोस्रो दिन भगवान्को रथ यात्रा निकालिएको थियो । रथ यात्रा बजार परिक्रमा भइसकेपछि साँझमा भगवान्को मूर्ति भित्र्याउने क्रममा सो समितिका केही सदस्य र गुठी समाजका केही सदस्यहरूबीच भनाभन भई हात हालाहाल सम्मको स्थिति सिर्जना भएकोमा जेनतेन झगडा साम्य भई भगवानको मूर्ति आरती गरी भित्र्याइयो । अघिल्लो वर्ष सो घटना भएपछि श्री शैलेश्वरी गुठी समाजका अध्यक्षले आफ्नो समाजको अपमान भएको सम्झी (अर्घेली कस्को थियो मन्दिर निर्माण समितिका पदाधिकारीहरू डा. शिवदत्त जोशी, दीनानाथ भट्ट, दीर्घराज जोशीहरूलाई पनि थाहा होला ।) हसनपुर निवासी स्वर्गीय कृष्णप्रसाद श्रेष्ठकी श्रीमती र छोरा सिद्धिप्रसाद श्रेष्ठसँग सम्पर्क गरी निजको घर प्राङ्गणमा भगवानको फोटो स्थापना गरी श्रीकृष्णाष्टमीका दिनमा आजपूजा, भजनकीर्तन र भोलिपल्ट रथयात्रा निकालियो । यसप्रकार ४/५ वर्षसम्म सोही घरबाट गुठी समाजले भगवान्को रथयात्रा निकालिरहेकोमा काठमाडौंमा बसेका सिद्धिप्रसादका दाजु शक्तिप्रसाद, महेन्द्रप्रसादले भगवान्का रथयात्रा घरबाट निकालिने प्रथा चलाउनु भएन । भगवान्कै मन्दिरबाट चलाउने व्यवस्था हुनुपर्छ भनी खबर पठाएकोले सिद्धिप्रसादले अनुमति नदिँदा सो गुठी समाजबाट श्रीरामजानकी मन्दिर निर्माणस्थल नजिक कालिका मन्दिरबाट १/२ साल भगवान्को रथयात्रा निकालियो र रामजानकी मन्दिर निर्माण सम्पन्न भएपछि

सोही मन्दिरबाट रथयात्रा निकालिने गरिएको छ । यता श्रीकृष्ण मन्दिरबाट निकालिने रथलाई श्री लक्ष्मीनारायण मन्दिरबाट निकालिने रथको पछाडि सँगसँगै लगाई बजार परिक्रमा गराइने व्यवस्था भएको छ । लक्ष्मीनारायण मन्दिरकै तर्फबाट श्रीकृष्ण मन्दिरमा बिहान बेलुका आजापूजा धूपबत्ती गरिँदै आएको छ ।

श्रीकृष्ण मन्दिर धनगढीमा प्रत्येक शनिबार दिन बिहान भजनकीर्तन गर्ने भनी श्री शैलेश्वरी गुठी समाजका सदस्य श्री दिव्यनारायण श्रेष्ठको अध्यक्षतामा अन्य जातिका मानिसहरू सम्मिलित भई मिति २०६० सालमा श्री शारदा संगीत समिति गठन भई कार्य शुरु भयो । तिनै सल्लाहकारहरूबाट रकम उठाई भारत लखनऊबाट हार्मोनियम, तबला, सितार, लाउडस्पीकर, माइकसमेत खरीद गरी ल्याइ भजनकीर्तन कार्य चलिरहेको थियो । यस्तैमा अध्यक्षकी श्रीमती विरामी पर्दा अध्यक्षको अनुपस्थितिमा कीर्तनमा बाधा परिरहेकोमा गत २०६६ साल माघ महिनामा उनको देहान्त भएपछि सो कीर्तन गर्ने कार्य बन्द भयो । माइक, लाउडस्पीकर र बाजाहरू समेतको सामान श्री रामजानकी मन्दिरमा लगिएको छ । जस मध्ये सीतार बज्न नपाउदै फुटेर थन्कियो ।

■

सिद्धिदातृ कालिका मन्दिर बैयाबेहडी

बैयाबेहडीका केही समाजसेवी दाताहरूले अर्पण गरेको जग्गामा साँस्कृतिक संरक्षण समिति बैयाबेहडीले जनताकै आर्थिक सहयोगमा २०५४ सालमा सिद्धिदातृ भगवती मन्दिर निर्माण तथा बली दिनका लागि कालिका मन्दिर र छुट्टै मौला पनि बनाएका छन् । र स्थानीय जनताकै सहयोगबाट मन्दिरमा आजापूजा हुन्छ। राजु श्रेष्ठले मन्दिरमा बत्ती बाल्नका लागि २ लिटर तेल दिने गर्नुभएको छ । मन्दिरको बाहिर चारकुनामा गणेशप्रसाद श्रेष्ठ श्रीगणेश, सूर्य, शिव, विष्णुसमेत चार देवदेवीको स्थापना गर्नुभएको छ । जिल्ला विकास समितिबाट रकम प्राप्त गरी मन्दिरको वरिपरी दिवाल लगाउने कार्य भएको छ । यसमा गणेशप्रसाद श्रेष्ठबाट पनि आर्थिक सहयोग प्राप्त भएको हो ।

समितिका पदाधिकारीहरू

- अध्यक्ष : श्री नरबहादुर बम
- सचिव : श्री धर्मराज ओझा
- सहसचिव : श्री नेत्रबहादुर साउँद,
- कोषाध्यक्ष : श्री टेकबहादुर साउँद
- सदस्य : श्री तपराज ओझा
- सदस्य : श्री शेरबहादुर बोगटी
- सदस्य : श्री शेरबहादुर विष्ट
- सदस्य : श्री दुर्गा महरा
- सदस्य : श्री रामचन्द्र जोशी

■

श्री डिलासैनी भगवती मन्दिर बोराडाँडी

पन्ध्रौं शताब्दीतिर बैतडी पुलचौडी तल्लादेहीमा बोहरा जातिका मानिसले जमिन जोत्न हलो चलाउँदा जमिन भित्रबाट एउटा असाधारण प्रकृतिको शिला निस्किएछ। सो शिलाबाट आकाशवाणी भएअनुसार सो ठाउँमा उक्त शिलालाई स्थापना गरी त्यस भेगका १२/१३ गाउँका जनता मिली श्री डिलासैनी भगवतीको नाममा मन्दिर बनाई घटस्थापनादेखि नवमीसम्म र चैत्राष्टमीमा पनि धुमधामका साथ आजापूजा गरी जात्रा समेत चलाएको भन्ने कुरा वंशावलीमा पनि उल्लेख छ । त्यसैले यहाँ बसोबास गरेका त्यस क्षेत्रका जनताहरूले २०४८ सालमा सानो कुनै ठाउँमा भगवतीको पूजाआजा गर्ने गरिएकोमा २०५२ सालमा अग्नी विष्टको प्रयासमा डेढ विघा गग्गा उपलब्ध गरी बोराडाँडीमा श्री डिलासैनी भगवतीको मन्दिर स्थापना गरिएको र चैत्राष्टमीमा आजापूजा गरी मेला लगाउने व्यवस्था गरिएको हुँदा श्रद्धालु महानुभावहरूले यस पुनित कार्यमा यथाशक्य योगदान गर्नुहुनेछ भन्ने कामना गर्दछु भनी श्रीमती पूर्णेश्वरी साउँदले लेख्नुभएको छ। (गगनदर्पण २०६५) मन्दिर परिसरमा हवनकुण्ड, योगी महात्मा आश्रम, पिपलचौतारा पनि बनेको छ ।

मन्दिरको सञ्चालक समिति यसप्रकार छ :

- अध्यक्ष : श्री अग्नी विष्ट
- उपाध्यक्ष : श्री गणेश विष्ट
- सचिव : श्री चन्द्रदेव जोशी
- कोषाध्यक्ष : श्री शेरबहादुर
- सदस्य : श्री गगनसिंह ढुंगाल
- सदस्य : श्री जगदीश विष्ट
- सदस्य : श्री लोक विष्ट
- सदस्य : श्री मोहन साउँद
- सदस्य : श्री त्रिलोक विष्ट
- सदस्य : श्री लोक साउँद
- सदस्य : श्री जनक विष्ट

श्री शैलेश्वरी मन्दिर घुइयाघाट

श्री शैलेश्वरी मन्दिर डोटी सिलगढीमा प्रतिदिन बिहान शिलगाउँका पुजारी भट्टहरूद्वारा पूजा र साँझमा आरती हुन्छ । बिहान धामी गाउँका पार्कीले नगरा बजाउँछन् । माघ शुक्ल एकादशीदेखि पूर्णिमासम्म, जेष्ठ शुक्ल एकादशीदेखि पूर्णिमासम्म र कात्तिक शुक्ल एकादशीदेखि पूर्णिमासम्म पञ्चपर्वी पूजाका साथै कात्तिक पूर्णिमाका दिनमा श्री शैलेश्वरीको जाँत (गाँज) श्रृंगार गरी नचाइन्छ। सो अवसरमा र शरद ऋतुको नवरात्र तथा वसन्त ऋतुको नवरात्रमा पनि विशेष पूजा होम हुने हुनाले धामी गाउँ 'जहाँ भगवतीको भण्डार छ ।' त्यहाँका भोण्डारेको धामीहरूले बारबरेला र बजारबाट होम पूजाका सामग्री उठाउँछन् र विशेष पूजाहोम आदि हुन्छ । त्यस अवसरमा धामी गाउँका पार्कीहरूले बाजा बजाउनु पर्दछ । सिलगाउँबाट देउरो आएको दिनमा त्यहाँका दमाईहरू पनि सँगै बाजा बजाउँछन् । यसरी प्रत्येक १२ वर्षमा लक्ष्यहोम र १२औं लक्ष्यहोम (१४४ वर्ष) पुगेपछि कोटीहोम हुने परम्परा छ। २०५९ सालमा श्री शैलेश्वरी मन्दिरमा कोटिहोम भएको थियो। यसप्रकार श्री शैलेश्वरी मन्दिर र धामी गाउँका पार्कीहरूको सदियौं पुरानो सम्बन्ध हुनाले २०२३ सालमा पहाडी जिल्लाहरूमा भोकमरीको समस्या पैदा भएकोले पहाडका अरु मानिसहरू जस्तै उक्त धामी गाउँका धेरैजसो पार्कीहरू धनगढीमा आई घुइयाघाट भन्ने ठाउँको पर्ती जग्गा आगेटी घर बनाई बसेका छन् । ती पार्कीहरूका नायक गगनसिंह पार्की धनगढी नगरपञ्चायतमा सदस्य भएको समयमा अर्को नायक टीका पार्की समेतले २०३५ सालतिर सो घुइयाघाटमा केही जग्गा ओगटी आफ्ना आराध्यदेवी भगवती शैलेश्वरीको मन्दिर बनाई ब्राह्मणद्वारा भगवतीको मूर्ति स्थापना गरी दैनिक पूजाआजा गर्ने र कार्तिक शुक्ल पूर्णिमाको दिनमा श्री शैलेश्वरीको गाँज बनाई नचाउने गरेका छन् । मन्दिरमा सो ठाउँका सबै पार्कीहरूको विशेष योगदान छ। त्यस ठाउँमा बस्नें अरु ब्राह्मण क्षेत्रीहरूले पनि मन्दिर निर्माण र आजापूजा समेतमा सहयोग गर्ने गरेका छन् ।

कुनै कुनै महानुभावले घुइयाघाटमा बनेको श्री शैलेश्वरी मन्दिरलाई पार्कीहरूको शैलेश्वरी हो भनी भन्ने गरिएको पनि सुनिएको थियो ।

■

श्री भगवती मन्दिर मिलनचोक

ध.न.पा. वडा नं. २ मिलनचोकमा त्यहाँका नेवारहरूको शिवगुठी संस्थाद्वारा डेढ कठ्ठा जग्गा खरीद गरी २०६१ सालमा भगवती मन्दिर निर्माण गरी मूर्ति स्थापना भई आजापूजा चलिरहेको छ। सो गुठीका अध्यक्ष चौराहा निवासी श्री श्यामकुमार श्रेष्ठको अध्यक्षतामा उपाध्यक्ष शान्तमान श्रेष्ठ, सचिव चिरणजिवी श्रेष्ठ हुनुहुन्छ र मन्दिरमा पूजा गर्ने पुजारीलाई गुठीको तर्फबाट बार्षिक रू. ७२०० दिने गरिआएको बुझिएको छ। कोषाध्यक्ष सुरजकुमार श्रेष्ठ, सदस्य भुपेन्द्र श्रेष्ठ, सदस्य हिराकुमार श्रेष्ठ, सदस्य हेमराज श्रेष्ठ, सदस्य महेन्द्रकुमार श्रेष्ठ, सदस्य बुद्धिलाल श्रेष्ठ रहेका छन्। ■

शिव मन्दिर उग्रतारा भगवती मन्दिर

ध.न.पा. वार्ड नं. ४ उत्तरबेहडीको जंगल अतिक्रमण हुन लागेकोले २०४६/०४७ सालमा दार्चुलाबाट आई त्यहाँ बसोबास गरेका लक्ष्मण विष्ट समेतले यहाँ शिवमन्दिर बनाउनुपर्छ भनी शिवजीको नाममा त्रिसुल गाडी त्यहाँ बभ्राङ्गतिरबाट आउनुभएका बाबाजीद्वारा पूजाअर्चना गरिएको करीब ८ विगाह जंगललाई वनविभागबाट धार्मिक बन भनी छुट्याइएको हुँदा सो त्रिसुल गाडिएको नजिकमा बसोबास गर्नेहरूले चन्दा संकलन गरी शिवमन्दिर र जोगीहरू बस्ने पक्की कुर्सी बनाइएकोले हाल त्यहाँ छजनी माईजीहरू बस्ने गर्नुभएको छ र नजिक गाईगोठ, बगैंचा पनि बनाइएको छ। ती माईजीहरूले नै शिवजीको पूजा अराधना गर्ने गर्नुभएको छ। सो शिवपुरी धाम नजिकमा स्थानीय मानबहादुर खड्काजीले श्री उग्रतारा भगवतीको मन्दिर आफ्नै तर्फबाट निर्माण गरी भगवतीको मूर्ति स्थापनाका साथै हनुमानको मूर्ति पनि स्थापना गर्नुभएको छ।

सो शिव मन्दिर र भगवतीको मन्दिरमा दैनिक आजापूजा गर्न आजीवन सदस्यहरूबाट उठेको रकमको छुट्टै कोष खडा गरिएको छ। ताराप्रसाद पौडेलको अध्यक्षतामा गठन भएको समितिमा उपाध्यक्ष महेन्द्र अवस्थी, सचिव छत्रबहादुर बडेला, सहसचिव गणेशदत्त भट्ट, कोषाध्यक्ष कृतिसिंह माल, सदस्यहरू राजेन्द्र

सिंह साउँद, सर्वजित साउँद, गौरदत्त भट्ट, जानकी जोशी, करुणाकर भट्ट, कृष्ण रावल र संरक्षक मानबहादुर खड्का हुनुहुन्छ। कहिले भारत लखिमपुर बस्ने नेपाली मूलका बाबाजी यहाँ आउनुभई आवश्यक सरसल्लाह दिनुहुन्छ।

ध.न.पा.बाट रू. १,००,०००, कृषि विकास बैंकबाट रू. १,००,००० र आजीवन सदस्यहरूबाट रू. १,४७,००० को लागतमा हवनकुण्डको पनि निर्माण हुँदैछ। त्यहाँ नजिक बस्ने चौधरीहरूले पनि आफ्नो देवताको पूजागर्न सो क्षेत्रमा जमिनमा फर्स बनाई टीनको छाना लगाई देवताको स्थापना पनि गरेका छन्।

हिरागिरी माता पदेन सदस्य र संरक्षक हुनुहुन्छ।

यो विवरण श्री शम्भु केसी बेहडीबाट प्राप्त भएको हो।

सरस्वतीनगरको शिव मन्दिर

ध.न.पा. २ सरस्वतीनगरमा श्रीमान भागी विष्टले आफ्नो नाममा दर्ता भएको आधा कठ्ठा जग्गामा शिव मन्दिर र वर-पिपल रोपी २०६६ सालमा चौतारा निर्माण गरी समाजलाई हस्तान्तरण गरेका हुन्। सो मन्दिर निर्माण भएकोमा आजापूजाको लागि लालबहादुर विष्टको अध्यक्षतामा १३ जना सदस्य रहेको सञ्चालक समिति गठन गरिएको छ। कोषाध्यक्ष श्री नरबहादुर विष्ट, सचिव श्री कमलबहादुर विष्ट, सदस्यहरूमा श्री राजु थापा, श्री गोरखबहादुर ओली, श्री यदु नेकी, श्री देवा थापा, श्री चेतबहादुर नगरकोटी, श्री जंगबहादुर थापा, श्री हर्कबहादुर विष्ट, श्री गोरखबहादुर ओली रहेका छन्।

हेमराज श्रेष्ठबाट प्राप्त विवरण।

सरस्वतीनगरमा अर्को शिव मन्दिर

ध.न.पा. वा.नं. २ सरस्वतीनगरमा श्रीमती धौलीदेवी बोहराले आफ्नो नाममा दर्ता भएको एक कठ्ठा जग्गामा २०६५ सालमा शिव मन्दिर निर्माण गरी पिपल चौतारा समेत बनाई २०६६ सालमा समाजलाई हस्तान्तरण गर्नुभयो । हाल सो शिव मन्दिर जिल्ला प्रशासन कार्यालयमा शिव मन्दिर विकास समितिको नाममा दर्ता गरिएको छ। हाल श्रीमती नन्दादेवी उपाध्यायको अध्यक्षतामा १३ सदस्यीय सञ्चालक समिति गठन गरी २०६६ चैत्र १५ गतेमा सो समिति र समाजले सप्ताह लगाउने कार्य सम्पन्न गरिसकेका छन् ।

- संरक्षक : मानबहादुर सिंह
- अध्यक्ष : नन्दादेवी उपाध्याय
- उपाध्यक्ष : नन्दादेवी सिंह
- सचिव : छायाँ भाट
- सहसचिव : अरुणा सिंह
- कोषाध्यक्ष : हिरा जोशी
- सदस्य : अम्बिका भण्डारी
- सदस्य : घना बटाला
- सदस्य : लक्ष्मी सिंह
- सदस्य : चन्द्रा सिंह
- सदस्य : यशोदा जोशी
- सदस्य : लक्ष्मी जोशी
- सदस्य : नन्दादेवी ओली
- सदस्य : चन्द्रा बोहरा

हेमराज श्रेष्ठबाट प्राप्त विवरण ।

गणेश मन्दिर विशालनगर

धनगढी चौराहा निवासी श्री श्यामकुमार श्रेष्ठले ध.न.पा. वार्ड नं. ४ विशालनगरमा श्री गणेश मन्दिर निर्माणका लागि एक कट्ठा जग्गा दिनुभएकोमा सो स्थान वरपरका बासिन्दाहरूको आर्थिक सहयोगबाट २०५६ सालमा श्री गणेश मन्दिर निर्माण भई मूर्ति स्थापना भएको छ। मन्दिरमा दैनिक पूजाका लागि उहाँले मासिक रू. ५०० र मन्दिर सफासुग्घर गर्नका लागि रू. १०० तथा मन्दिरमा फलफूल चढाउनका लागि मासिक रू. २५० जति दिने गर्नुभएको बुझिएको छ। मन्दिर सञ्चालक समितिमा देहाय बमोजिमका पदाधिकारीहरू रहनुभएको छ।

- अध्यक्ष : चिन्तामणि ढकाल
- सचिव : कैलाश श्रेष्ठ
- कोषाध्यक्ष : वेदप्रकाश श्रेष्ठ
- सदस्य : श्री पुष्प आचार्य
- सदस्य : श्री दलबहादुर सुवेदी
- सदस्य : श्री रामबहादुर विष्ट
- सदस्य : श्री देवनारायण रिजाल
- सदस्य : श्री दिव्यराम लम्साल
- सदस्य : श्रीमती शान्ता भट्ट
- सदस्य : श्रीमती बिमला सुरी
- सदस्य : श्री टोपबहादुर सिंह
- सदस्य : श्री तिलक बुढाथोकी
- सदस्य : श्री बिक्रम अधिकारी
- सल्लाहकार : श्री श्यामकुमार श्रेष्ठ

■

शिवनगरको शिवमन्दिर

भारतीय व्यापारी ठाकुर प्रसादले त्यहाँ इँटा भट्टा खोलेकोमा सधैंजसो सर्प देखिने हुँदा नजिक घर हुने रामचन्द्र विनाडीसँग सल्लाह गर्दा यही नजिकै शिव मन्दिर बनाऔं, तिम्रो भलो हुनेछ भनी सल्लाह दिएपछि कुनै व्यक्तिसँग ३ धुर जग्गा किनी वा मागी त्रिसुल गाडी महादेवको स्थापना गरेपछि उनलाई राम्रो भएछ र २०४४/०४५ सालमा शिवमन्दिर बन्ने भएको हो । निज ठाकुरप्रसाद हाल कहाँ छन् थाहा छैन । उनीसँग भएको सल्लाह अनुसार मन्दिर बनेपछि हालसम्म मैले नै भगवानको आजापूजा गरिरहेको छु, नजिकैका श्रद्धावान व्यक्तिहरूले पूजाको लागि चाहिने धूपबत्तीहरू दिने गर्नुभएको छ । पहिले शिव पार्वतीको मूर्ति जमिनमा राखिएको थियो, पछि हामीहरूले जमिनदेखि केही उँचा पेटी चुनी शिव पार्वती र गणेशजीको मूर्ति स्थापना गरेका हौं भनी रामचन्द्र विनाडीजीले भन्नुभएको हो । ■

ग्वाँसी समैची कालिका मन्दिर

ध.न.पा. वा.नं. २ का भिष्मराज जोशीका अनुसार उहाँ र उहाँका भाइ मदनराज जोशीले एक/एक कठ्ठा जमिन मन्दिर बनाउनका लागि अर्पण गर्नुभएपछि उहाँहरूका परिवार र छिमेकका बासिन्दाहरूको आर्थिक सहयोग गरी रू. एक लाख जुटाई मन्दिर बनाउन शुरु गरिएकोमा रकम नपुगेकोले हसनपुर निवासी राजसभाका सदस्य माननीय श्री सुनिल भण्डारीले रू. २०,००० सरकारी रकम दिनुभएको थियो । त्यसले पनि नपुग्दा पद्मराजजीले रू. ५०,००० खर्च गरी मन्दिर निर्माण कार्य पूरा भएपछि उहाँहरूका भाउजू महेश्वरी जोशीले रू. ३०,००० दिनुभएकोमा भिष्मराजजीले काठमाडौंबाट महाकाली, विष्णु, सूर्य, गणेश र शिवका पत्थरका मूर्तिहरू ल्याउनु भई २०५५ सालमा ग्वाँसी समैचीको नामले मन्दिरमा स्थापना भई आजापूजा गर्ने गरियो । र २ वर्षअघि चैत्राष्टमीको नवरात्रमा त्यहाँ नवाह लगाइयो । सो अवसरमा त्यस क्षेत्रमा यज्ञशाला बनाउनका लागि दर्शनार्थीहरू समेतबाट पनि चन्दा उठाइयो । रकमको अभावमा यज्ञशाला बनाउन सकिएको छैन । मन्दिरको उत्तरतिर

खोला भएकोले मन्दिर सुरक्षित राख्नका लागि मदनराजजीले नै रू. ५०,००० खर्च गरी दिवाल लगाइदिनुभएको छ। मन्दिरका आजापूजाका लागि भिष्मराज, मदनराज र उहाँका भाउजूले नै आवश्यक पर्ने सामान आफ्नो घरबाट ल्याई पालैपालो गरी आजापूजा गर्नेगरेको विषय मदनराजजीले जानकारी दिनुभएको छ। ■

वैयाबेहडीको शिव मन्दिर

ध.न.पा. वा.नं. २ बैयाबेहडी सु.प. क्याम्पसदेखि पश्चिम एभरेष्ट इ.बो. स्कूलदेखि पूर्व मूल सडकदेखि दक्षिणको खोलाको किनाराको पर्ती जग्गा चोकमा बद्रीनाथ भण्डारीसमेत त्यस ठाउँका बासिन्दाहरूको आर्थिक सहयोगमा २०५९ सालमा शिव मन्दिर निर्माण शुरु गरी २०६० सालमा सम्पन्न भएपछि शिवरात्रीका दिनमा भगवान्को मूर्ति स्थापना गरियो। सोही अवसरमा बझाङ चीर सुनकुडाबाट आई धनगढीमा बसोबास गर्नुभएका डि. गणेशबहादुर मल्लका छोरा स्व. राजेन्द्र बहादुर मल्लको स्मृतिमा उहाँकी धर्मपत्नी निर्मला मल्लले मन्दिर परिसरभित्रै खानेपानीको धारा निर्माण गरिदिनुभएको थियो। उत्तरपट्टिको जग्गामा एकतले भजनकीर्तन भवन बनाइएको दाता बद्रीनाथ भण्डारीले आफ्नै खर्चमा तला थपिदिनुभयो।

२०६५ सालमा मन्दिरसँगै जोडिएको ३ धूर जग्गा महेशदत्त पाण्डेयले मन्दिरलाई अर्पण गर्नुभएको थियो। बद्रीनाथ भण्डारी, हर्कबहादुर सिंह, गिरीराज ओझाको सक्रियतामा हाल यज्ञशालाको पनि निर्माण भएको छ। मन्दिरमा हरेक साल शिवपुराण लगाइन्छ। जग्गाका क्षेत्रफल डेढ कठ्ठा मात्र छ। मन्दिरमा दैनिक आजापूजा भइरहन्छ। आफ्नो स्रोतले केही नहुँदा स्थानीय जनताहरूकै सहयोगमा आजापूजा चलिरहेको छ। व्यवस्थापन समिति यसप्रकार छ :

- अध्यक्ष : श्री बद्रीनाथ भण्डारी
- उपाध्यक्ष : श्री हर्कबहादुर सिंह
- सचिव : श्री गिरीराज ओझा
- सहसचिव : श्री तेजबहादुर सिंह
- कोषाध्यक्ष : श्री भिमबहादुर चन्द
- सदस्य : श्री भागीराम चौधरी
- सदस्य : श्रीमती मन्दोदरी भण्डारी
- सदस्य : श्रीमती रेणु शाह
- सदस्य : श्री यज्ञराज जोशी
- सदस्य : श्री केशवराज पन्त
- सदस्य : श्री भक्तराज ओझा

■

श्री भगवती मन्दिर शान्तिनगर

२०२२ सालमा डोटी पुन्नागाउँका एकजना नेपाली सपरिवार धनगढीमा आउँदा मछेली खोलानजिक ग्वाँसी समैची (देवीको स्थान मानिएको ठाउँ) मा जन्मेकी लक्ष्मी नेपालीको डोटी सिलगाउँबाट धनगढीमा आइबसेका धर्म नेपालीसँग २०३१ सालमा विवाह भएपछि उनले धेरै दुःख पाइन्। केही वर्षपछि उनीमा देवी चढी काम्ने गरेकी रहिछन् । सो थाहा पाएपछि केही दुःखी विरामीहरू उनीकहाँ हेराउन जाने र उनले कामेर भनेअनुसार काम गरेपछि विरामी निको हुने रहेछ । यो कुरा प्रचार भएपछि धेरै मानिसहरू चामलको पोका, फलफूलको भेटी लगी विरामी हेराउन जान लागेपछि पछिपछि ता हेराउनेहरूको घुइँचो पनि लाग्न लाग्यो । प्रायः सबैजसो विरामीहरू उनले भनेअनुसारको काम गरेपछि फाइदा हुने, मनोकामना पूरा हुने विश्वास भएकोले लक्ष्मी नेपालीले आफू बसेको ऐलानी लग्गाको उत्तरपट्टि आधा कट्ठा जग्गा खरीद गरी २०६३ सालमा भगवतीको मन्दिर बनाउन शुरु गर्दा उक्त विश्वासी महानुभावहरूले चढाएको सुन चाँदी, नगद र चन्दा सहयोगबाट मन्दिर निर्माण सम्पन्न भएको हो । मन्दिरको पूर्वपट्टि हेराउनेहरू बस्न हुने एक कोठा र बरण्डाको घर पनि निर्माण भएको छ । निर्माण कार्यमा जम्मा ६,००,००० जति खर्च भएको रहेछ । भगवतीको आजापूजा नजिक बस्नेहरू समेतबाट भइरहेको बुझिन्छ । ■

श्री निङ्लासैनी देवी मन्दिर

ध.न.पा. कैलालीगाउँ (चन्द्रटोल)

चिनीयाकाजी रिजालका छोराहरू रिजाल परिवारबाट प्राप्त ७ कठ्ठा जग्गामा २०६३ सालमा चन्दादाताहरूद्वारा संकलित रकमबाट उक्त देवी मन्दिरको निर्माण भएको हो । मन्दिर परिसरभित्र २०६५ सालमा सत्सङ्ग भवन पनि निर्माण भएको छ । विभिन्न व्यक्तिहरूको अंश दानबाट पुजारीलाई मासिक रू. ५०० तलब दिनेगरी भगवतीको नित्य पूजा गर्ने व्यवस्था मिलाइएको छ । कात्तिक शुक्ल पूर्णिमाको दिनमा भगवतीको गाँज बनाई नचाउने पनि गरिएको छ । हाल उक्त मन्दिर व्यवस्थापन समितिमा अध्यक्ष श्री सिताराम अवस्थी, उपाध्यक्ष श्री चेतराज ओझा, सचिव श्री खगेन्द्र अवस्थी, कोषाध्यक्ष श्री दीर्घराज ओझा तथा संस्थापक संरक्षक श्री रघुनाथ ओझा हुनुहुन्छ । रू. १००१ देखि माथि चन्दा दिने महानुभावहरूको नाम शिलालेखमा राखिने व्यवस्था हुँदैछ ।

यो विवरण अध्यक्षज्यूले दिनुभएको आधारमा ।

■

जाईगाउँ भैरव मन्दिर

ध.न.पा. वार्ड नं. ५ जाईगाउँ मटियारी गाउँको सिमाना पर्ने जग्गामा त्यहाँ नजिकै बस्ने बासिन्दाहरूले भैरव मन्दिर बनाउनका लागि जिल्ला प्रशासन कार्यालय समेतमा लेखापढी गरी भैरव मन्दिरको नाममा डेढ विगाह जग्गा दर्ता गराएका र मटियारी गाउँकै कान्छी जिमिदार्नीले आफ्नो दर्ताको उक्त जग्गा मिलानको ७/८ कट्ठा जग्गा दान दिई स्थानीय व्यक्तिहरूबाट आर्थिक सहयोग जुटाई धनगढी नगरपालिकाका प्रधानपञ्च यज्ञराज पन्त तथा जिल्ला पञ्चायत कैलालीका सभापति मोहनबहादुर शाहबाट संयुक्त रूपमा भैरव मन्दिरको शिलान्यास गराइएको थियो। निर्माण कार्य पूरा भएपछि मूर्ति स्थापना गरिएको हो। उक्त जग्गामध्येबाट गायत्री मन्दिर बनाउनका लागि ३ कट्ठा जग्गा सु.प. साहित्य समाजका लागि ३ कट्ठा जग्गा र ब्रह्मकुमारी राजयोग ॐ शान्तिका लागि ३ कट्ठा समेत ९ कट्ठा जग्गा दिने सो मन्दिर सञ्चालक समितिले निर्णय गरेको छ। मन्दिरको केही जग्गा अधिया कमाउन दिई आउने आयस्ता र स्थानीय जनताहरूकै आर्थिक सहयोगबाट हालसम्मं नियमित रूपमा आजापूजा चलिरहेको छ।

मन्दिर बनाउन शुरुदेखि नै सहयोग गर्नेहरू

- श्री गणेशबहादुर शाही
- श्री लालबहादुर शाही
- श्री गगनबहादुर शाही
- ड्रा.स्व. गगनसिंह महरा
- श्री खड्कबहादुर शाही
- श्री भक्तराज जोशी
- भू.पू. एस.पी श्री रामबहादुर शाही
- श्री कृष्ण बहादुर महरा

भू.पू. एस.पी श्री रामबहादुर शाही र फरेष्टर श्री गगनबहदुर शाहीबाट प्राप्त विवरण अनुसार। ■

गायत्री सत्संग भवन एक सिंहावलोकन

वेदमूर्ति तपोनिष्ठ यस युगका गायत्री प्रणेता पं. श्रीराम शर्मा आचार्यज्यूले अखिल विश्व गायत्री परिवारको रूपमा संस्था खडा गरी आध्यात्मिक चिन्तनद्वारा गायत्रीलाई वेदमाता, देवमाता, विश्वमाताको रूपमा प्रतिष्ठापित गरी मानवीय चेतना प्रवाहित गर्दै मनुष्यमा देवत्व, धर्तीमा स्वर्गको अवतरण गराउने दिव्य दर्शनको प्रतिपादन गर्नुभएको र सो कार्यलाई निरन्तरता दिंदै विश्वव्यापी बनाउने उद्देश्य अनुरूप २०४२ साल फागुन ३ गते प्रज्ञा अभियान नामले जिल्ला प्रशासन कार्यालय कैलालीमा दर्ता भई अनवरत रूपमा मानबयोगी कार्यक्रम गर्दै आइरहेको छ ।

मिति २०६२/१०/५ मा ध.न.पा. वा.नं. ५ जाईमा श्री भैरव महाकाली व्यवस्थापन समितिले १०,९३४ वर्गफिट जग्गा प्रदान गरेका र सो स्थानमा आवश्यकीय सबै सुविधा सहितको भव्य गायत्री सत्संग भवन तयार भइसकेको छ ।

हाल कार्यरत यस संस्थाका पदाधिकारीहरू

- डा. श्री मुक्तिकान्त पन्त अध्यक्ष
- श्री सिताराम अवस्थी उपाध्यक्ष
- श्री भोजराज जोशी सचिव
- श्री लक्ष्मणप्रसाद मल्ल सहसचिव
- श्री भोजप्रकाश मल्ल कोषाध्यक्ष
- श्री वीरबहादुर सोव सदस्य
- श्रीमती शान्ती पन्त सदस्य
- श्री पतवारी राना सदस्य
- श्री गगनबहादुर बोहरा सदस्य

(सौजन्य : तेजबहादुर मल्ल)

श्री शिव पञ्चायन मन्दिर, कैलाली गाउँ

धर्म संस्कृति परम्परा आदि कायम गर्ने उद्देश्यले ध.न.पा. वा.नं. १३ कैलाली गाउँमा श्री तारानाथ ओझाको अध्यक्षतामा समिति गठन भई २०५४ सालमा ध.न.पा., जि.वि.स. र स्थानीय जनताको आर्थिक सहयोगमा तत्कालीन नगरप्रमुख श्री खेमराज पाण्डेयबाट उक्त मन्दिरको शिलान्यास भएको र निर्माण कार्य सम्पन्न भएपछि बोराडाँडी निवासी श्री कृष्णदत्त अवस्थीबाट प्राप्त नर्वदेश्वर महादेवको मूर्तिको २०५८ साल गंगादशहराका दिनमा प्राणप्रतिष्ठा भएपश्चात आजसम्म निरन्तर र विशेष पर्वमा समेत आजापूजा, भजनकीर्तन पनि हुने गरेको छ । श्री तेजराज पन्तको सभापतित्व कालमा मन्दिरअगाडि चोक पनि निर्माण भएको छ ।

सौजन्य : श्री तारानाथ ओझाबाट ।

वडा नं. १२ जुगेडाका मन्दिरहरू

धनगढी नगरपालिका वडा नं. १२ जुगेडा नयाँ बस्तीमा केही देवीदेवताका मन्दिरहरू छन् भन्ने सुनेको थिएँ । म जान सकिन र मेरा शुभेच्छुक श्री टंक कुँवरज्यू (सु.प. क्याम्पसका प्राध्यापक) लाई ती गाउँहरूमा भएका देवीदेवताका मन्दिरहरूको विवरण उपलब्ध गराइदिनुहोस् भनी अनुरोध गरेकोमा उहाँले जुगेडाका निम्न गाउँहरूमा बनेका मन्दिरहरूको छोटकरी विवरण खुलाइदिनु भयो । साथै ती मन्दिरहरू सबै सरकारी जमिनमा नै स्थानीय बासिन्दाहरूको आर्थिक सहयोगबाट बनेका र हालसम्म स्थानीय सम्बन्धित मन्दिर एरियाका जनताहरूकै सहयोगमा सुचारु रूपले आजापूजा भइरहेको छ भन्ने पनि भन्नुभएको थियो ।

१. श्री दुर्गा मन्दिर

स्थान : ध.न.पा. १२, ए गाउँ
स्थापना : २०३५ साल
वर्तमान अध्यक्ष : श्री खगेन्द्रराज जोशी
निर्माण लागत रू. १०,००,०००
सचिव श्री डिल्ली थापा

२. श्री कालिका मन्दिर

स्थान : ध.न.पा. १२, एगाउँ (कम्पनी)
स्थापना : २०५६ साल
अध्यक्ष : श्री पदम थापा
निर्माण लागत रू. ८०,०००

३. श्री कालिका मन्दिर

स्थान : ध.न.पा. १२, एगाउँ
स्थापना : २०४७ साल
लागत रू. १,५०,०००
अध्यक्ष : श्री कृष्ण लामा
सचिव : श्री डिल्ली थापा

४. शिव मन्दिर

स्थान : ध.न.पा. १२, एगाउँ
स्थापना : २०४५ साल
अध्यक्ष : श्री कृष्ण भट्टराई
निर्माण लागत रू. ३,००,०००

५. श्री नवदुर्गा मन्दिर

स्थान : ध.न.पा. १२, बीगाउँ (सेन्टर प्लट)
स्थापना : २०३५ साल
अध्यक्ष : श्री धनबहादुर खड्का
निर्माण लागत रू. १२,००,०००

६. श्री नवदुर्गा मन्दिर

स्थान : ध.न.पा. १२, सीगाउँ
स्थापना : २०५६ साल
लागत रू. ५,००,०००
अध्यक्ष : श्री रामबहादुर सिंह
सचिव : श्री तारा सिंह

७. श्री हनुमान मन्दिर

स्थान : ध.न.पा. १२, डीगाउँ
स्थापना : २०५६ साल
निर्माण लागत रू. ८,००,०००
अध्यक्ष : श्री ललित केसी

८. शिव मन्दिर

स्थान : ध.न.पा. १२, सीगाउँ
स्थापना : २०४० साल
निर्माण लागत रू. ३,००,०००
अध्यक्ष : कुवेर थापा

■

देवहरिया जोखर ताल नजिकको शिव मन्दिर

सामुदायक बन समितिका अध्यक्ष श्रीकालि रानाका अनुसार २०४१ सालमा सो गाउँका सबै राना थारुहरुको आर्थिक सहयोगबाट करिव ५ कठ्ठा जग्गाको बीचमा शिव मन्दिर निर्माण भएको हो । त्यहाँ पहिले देखि नै शिवजीको पूजा गरिने रहेछ। मन्दिर निर्माण भएपछि हाल सम्म सो गाउलेहरुकै सहयोगबाट महन्त सत्यनाथ रानाद्वारा दैनिक पूजा भइरहेको छ ।

ब्यबस्थापन समितिमा:-

- अध्यक्ष : काली राना
- उपाध्यक्ष : नन्दलाल राना
- सचिव : सिताराम राना
- कोषाध्यक्ष : हरि राना

सल्लाहकार श्री जागी राना हुनुहुन्छ ।

■

बस अड्डा उत्तरको शिव मन्दिर

धनगढी नगरपालिका बडा नं ४ बेहडी बस्ने श्रीमति सरिता थापाले आफुले बिक्रि गरेको जग्गाको बाँकी भाग भनि आफ्नै खर्चबाट सार्बजनिक शिव मन्दिर निर्माण गर्नु भएकोमा सो जग्गामा अदालतमा मुद्दा परि मन्दिर बनेको जग्गा सो खरिद गर्ने मानिस महेश्वर राम जोशी कै ठहरिए पनि उनले बिबाद नगर्दा मन्दिरमा आजापुजा निरन्तर चलिरहेको छ। मन्दिरको पुजाआजाको लागि चाहिने धुप बत्ती र पूजागर्ने पुजारीलाई मासिक रु छसय थापाले नै दिने गर्नु भएको बुझिएको छ ।

■

श्री भुवनेश्वरी मन्दिर सरस्वती टोल

धनपा बडा नं. २ सन्तोषी टोल निवासी भूपू क्षेत्रिय शिक्षा निर्देशक श्री नन्दराज पन्त जीको सकृयतामा नेपाल प्रहरी प्रधान कार्यालयबाट क्षेत्रिय प्रहरी कार्यालय सेती अञ्चल धनगढीको कार्यालय परिसरको जग्गा मध्ये, पश्चिम दक्षिण तर्फको मोडमा २ कठ्ठा जग्गा निकासा गराई स्थानीय बासिन्दाहरू समेतको आर्थिक सहयोगमा तीनतले श्री भुवनेश्वरी मन्दिरको निर्माण कार्य सम्पन्न भए पनि रंगरोगन गर्न बाँकी हुनाले आउँदो वर्षमा सरस्वतीको मूर्ति स्थापना हुन सक्ला । यस कार्यमा सूर्यप्रसाद जोशी र भोजराज जोशीसमेतको सहभागिता रहेको बुझिएको छ । ■

लोकचक्र बुद्ध विहार, धनगढी

नौ जिल्लाको सुदूरपश्चिमाञ्चल क्षेत्रमा कुनै बुद्ध विहार नहुँदा पञ्चायतकालमा बुद्धविहार बनाई बुद्धका शान्ति दर्शन यस क्षेत्रको जनजनमा पुऱ्याउने अभिप्रायले संस्थापक स्व. वकील प्रेमलाल तुलाधर र उहाँको धर्मपत्नी प्रेमकुमारी तुलाधरले आफ्नै घरमा बुद्धमूर्ति राखी २०३९ सालदेखि बुद्ध जयन्ती मनाउने परम्परा थालेको हो । बुद्ध विहार बनाउनको लागि स्थानीय निकाय र तत्कालीन सरकारसँग जग्गा पाउँ भनी निवेदन गर्दा नपाएकोले उसैबेला आफ्नै नाउको ज.वि. ०-३-१९ (कठ्ठा, धुर) जग्गा र उक्त जग्गामा जान १०×१८० फिटमा बनेको लाखौं रुपैयाँ मोलिने पक्की घर भत्काई बाटो समेत दिई २०४४ असार महिनामा रजिष्ट्रेशन पास गरी दिई श्रद्धेय भन्ते भिक्षु मैत्रीबाट शिलान्यास गरी बनाई २०४५ सालको बुद्ध जयन्तीका दिन केन्द्रीय प्रतिनिधि सर्वज्ञरत्न तुलाधर, तीर्थधर तुलाधरको समुपस्थितिमा जिल्ला सभापतिबाट उद्घाटन भएको सो समारोहमा प्रयागराज जोशीले स्वागत भाषण गरेको, सचिव शिवकुमार डँगोलले बिहार निर्माणको बारेमा जानकारी गरेका थिए । बिहार निर्माणको लागि जग्गा दाता प्रेमकुमारी तुलाधरबाट, विभिन्न दाताहरूको आर्थिक सहयोगबाट बिहार निर्माण भएको हो । त्यस्तै गरी धनगढीमा छैठौं राष्ट्रिय बौद्ध सम्मेलन हुने कुरालाई दृष्टिगत गरी पूर्वाधार खडा गर्न र बिहारको जिर्णोद्धार गर्न नेपालगञ्ज निवासी हिराकाजी शाक्यले दिनुभएको सहयोगमा नपुग भएको रकम पुनः संस्थापकज्यूबाट व्यक्तिगत रकम थप गरी बनाएको हो । संस्थापक ज्यूबाट १ कठ्ठा जग्गा आँखा अस्पताललाई समेत दिनुभएको छ । भूमिदान नै दानहरूमा उच्च दान हो, जसद्वारा धर्म कमाइन्छ भन्ने पवित्र उद्देश बोकेर दिएको दानमा आज यस क्षेत्रमा एकमात्र बिहारको रुपमा लोकचक्र बुद्ध बिहारको निर्माण भएको छ । यस बिहारमा एउटा कार्यक्रम मञ्चसहित ५ वटा कोठा भुइँतला र माथि २ कोठा गरी जम्मा ८ कोठा रहेकोमा जस्ताको छानो भएकोले सबै टिनहरू पुरानो भई चुने भएकोले भिक्षुहरू, अन्य उपासकहरू र श्रद्धालु भक्तजनहरूलाई बस्न गाह्रो भएको छ । धेरै ठाउँमा यसको लागि पहल गर्दा पनि कुनै सहयोंग हुन सकेको छैन । त्यस्तै राम्रो गेटको अभावले धेरैचोटि चोरी पनि भइसकेको छ । अहिलेको

मूल्याङ्कनमा हिसाब गर्दा निकै मूल्य पर्ने यस बिहारको कुनै पनि आयश्रोत नभएकोले यसलाई मर्मत गर्न कठिन भएको छ। यो सम्पत्ति कुनै व्यक्तिको नभएर साझा सम्पत्ति हो त्यसैले यसलाई सम्वर्द्धन, जगेर्ना गर्न हामी सबैको दायित्व र कर्तव्य हुनेछ। यस सुदूरपश्चिम क्षेत्रकै धरोहरको रूपमा रहेको यस बिहारलाई नमुनाको बिहारको रूपमा खडा गर्न सबैको सहयोग खाँचो छ। छैठौं राष्ट्रिय बौद्ध सम्मेलन समेत भएको यस बिहारमा बुद्धको अस्तुधातु राखी पवित्र बनाएको यस भूमिलाई हामी सबै मिली उठाऊँ, जोगाऊँ, सम्वर्द्धन गरौं। अहिलेसम्म निरन्तर रूपले सबैको सहयोगबाट बुद्ध जयन्ती धुमधामले मनाइरहेका छौं। यो सहयोग निरन्तर रहिरहोस्। सबैलाई साधुवाद छ।

भवतू सम्ब मंगलम्

जानकी तुलाधरबाट प्राप्त

■

छोपलिङ्ग बुद्धमन्दिर जुगेडा

- स्थान : ए गाउँ १२ गुम्बा डाँडा
- स्थापना : २०४३ वि.सं.
- वर्तमान अध्यक्ष : लालबहादुर तामाङ्ग
- निर्माण लागत : २०,००,०००।-

■

मस्जिद

धनगढीमा मुसलमान व्यापारीहरु पहिलेदेखि नै बसेका भएपनि २०२२ सालमा मात्र धनगढी नगरपाकि बडा नं. एकमा श्री पशुपति मन्दिरको पश्चिमपट्टिको लाइनमा मुस्लीम समुदायको मस्जिद र मदरसा पनि बनेकोछ। मस्जिदमा दिनको ५ पटक नवाज पढिन्छ र हरेक शुक्रबार त्यहाँ केही फरकमा बनेको इदगाहमा सबै मुसलमानहरु भेला भई नवाज पढी आपसमा भेटघाट गर्ने गरेकाछन। प्रत्येक बषृ इद-उल-दुहा र रोजा गरि दुई पर्ब मनाउने गरेका छन। मुसलमानहरुको कब्रिस्थान पनि अलग्गैछ। यो बिबरण सो मस्जिदका अध्यक्षले दिनु भएको हो। ■

गुरुनानक सत्संग भवन धनगढी

धनगढी न.पा. वार्ड नं. ४ चटकपुरमा करिब २ कठ्ठा जग्गामा शिख समुदायको २०३३ सालमा उक्त नामको गुरुद्वारा बनेको छ। त्यहाँ प्रत्येक दिन बिहान बेलुका आजापूजा, धूपबत्ती, भजनकीर्तन र शनिबार दिन विशेष आजापूजा गुरुग्रन्थ पनि पढिन्छ। प्रवचन पनि हुन्छ। प्रत्येक सालको वैशाख १ गते शिख धर्मको स्थापना दिवस गुरुनानक गुरु गोविन्द सिंहको जन्मदिवस धुमधामका साथ मनाइन्छ। प्रत्येक महिनाको संक्रान्तिको दिनमा त्यहाँ लङ्गर लगाउनुका साथै गुरु अर्जुनदेवको शहिदी पर्वका दिनमा सबैलाई मीठा सर्वत पिलाइन्छ। संस्थापक सदस्य सरदार सूरजित सिंह, सचिव सरदार गुरद्विप सिंह

गुरद्विप सिंहबाट प्राप्त विवरण।

■

चर्च

धनपा बडा नं. सन्तोषी टोलमा केही बर्ष अघि कृश्चियन धर्माबलम्वीहरुले ३ कठ्ठा जग्गा खरिद गरि त्यहाँ चर्च बनाउका छन ।त्यहाँ प्रत्येक शनिवारका दिन सम्बन्धित सबै सदस्यहरु भेला भै इसुको प्राथना गर्ने गरेको बुझिएको छ। त्यहाँका मुख्य कार्यकर्ता नेपालगञ्ज निवासी श्री जोसेफ श्रेष्ट हुनुहुँदो रहेछ वहाँसंग सम्पर्क नहुँदा बिस्तृत बिबरण खुलाउन सकिएन। ■

कैलाली जिल्लाका विद्यालयहरूको विवरण

क्र.सं.	श्रोतकेन्द्र	सामुदायिक	संस्थागत
१.	गेटा	१०	८
२.	बडीगाउँ	२७	
३.	श्रीपुर	१६	४
४.	किमतोला	३२	२
५.	धनगढी	३५	६१
६.	मालाखेती	३४	१०
७.	फूलवारी	४३	३
८.	हसुलिया	३१	६
९.	लिक्मा	५८	१८
१०.	सुख्खड	४४	१३
११.	भजनी	३३	१३
१२.	बौनिया	३१	११
१३.	चुहा	४७	३२
१४.	खैरीफाँटा	३२	१८
१५.	टीकापुर	४०	३२
१६.	कोल्तडी	३५	
	जम्मा	५७४	२०१

धनगढी नगरपालिका भित्रको विद्यालयहरू

(क) सामुदायिक विद्यालयतर्फ

क्र.सं.	विद्यालयको नाम	प्र.अ./प्राचार्यको नाम
१.	पञ्चोदय उ.मा.वि. हसनपुर	यादव प्रसाद जोशी
२.	बासुदेवी उ.मा.वि. रघुनगर	तर्कराज जोशी
३.	धनगढी उ.मा.वि. धनगढी	श्रीमती पूर्णा सिंह
४.	नवदुर्गा मा.वि. मोहना	समर चौधरी
५.	सरस्वती नि.मा.वि. मनेहरा	ज्ञानेन्द्रबहादुर शाह
६.	जनता रा.मा.वि. कैलालीगाउँ	हेमराज भट्ट
७.	त्रिभुवन उ.मा.वि. बोराडाँडी	सिताराम अवस्थी
८.	त्रिनगर उ.मा.वि. धनगढी	श्रीमती मनोरमा श्रेष्ठ
९.	रा.नि.मा.वि. तारानगर	मदन बम
१०.	जनकल्याण मा.वि. जुगेडा	महाविर साँकी
११.	सरस्वती नि.मा.वि. शान्तीनगर	पदमराज जोशी
१२.	भवानी मा.वि. घुइयाघाट	नरबहादुर तामाङ्ग
१३.	शारदा उ.मा.वि. बैयाबेहडी	श्रीमती विमला ओझा
१४.	नवदुर्गा प्रा.वि. जनकवस्ती	रामबहादुर देउवा
१५.	दुर्गा नि.मा.वि. दुर्गावस्ती	बबूएलाल यादव
१६.	शारदा मा.वि. सिगाउँ	पदमराज जोशी
१७.	सरस्वती प्रा.वि. वंगराकटान	कलाधर ठाकूर
१८.	शैलेश्वरी प्रा.वि. सरस्वतीनगर	मानबहादुर मल्ल
१९.	रा.नि.मा.वि. बेली	श्रीमती अप्सरा घिमिरे
२०.	भैरवबाबा प्रा.वि. मटियारी	गोपाल सिंह ऐर
२१.	सिद्धनाथ नि.मा.वि. सिगाउँ	हरी लम्साल
२२.	जनता नि.मा.वि. चटकपुर	श्रीमतिमीना जोशी
२३.	रा.मा.वि. उत्तरबेहडी	श्रीमती यानूमाया कुँवर
२४.	वि.पि. स्मृति प्रा.वि. घुइयाघाट	जयप्रकाश मिश्र
२५.	मदरसा नुरल नवि प्रा.वि.	मोहम्मद जुवेर आलम
२६.	मुक्तिनाथ प्रा.वि. मनिहरा	शालीभान ऐर

२७.	जनजागृति प्रा.वि. पटेला	धर्मसिंह चौधरी
२८.	शिव प्रा.वि. देवहरिया	कृष्णराज ओझा
२९.	रा.मदरसा मुस्लिम	मनमति चौधरी
३०.	नवज्योति प्रा.वि. मनिहरा	सुष्मा ओझा
३१.	गुम्वा छोइलिंग प्रा.वि. जुगेडा	निर्मल लामा
३२.	शिव प्रा.वि. बडहरा	
३३.	बेहडाबाबा प्रा.वि. जुगेडा	
३४.	पार्वती प्रा.वि. शिवनगर	
३५.	मदरसा गासिया गरीब नवाज	

(ख) संस्थागत विद्यालयतर्फ

क्र.सं.	विद्यालयको नाम	प्र.अ./प्राचार्यको नाम
१.	शिद्धार्थ उ.मा.वि. धनगढी	सिवि चन्द
२.	मालिका इ.बो. धनगढी	नर्वु लामा
३.	चिल्ड्रेन एकेडेमी	कुँवरजित साउँद
४.	ग्रिनल्याण्ड इ.बो. स्कूल	पुरन चौधरी
५.	हेभेन्स गार्डेन इ.बो. स्कूल	ज्ञानबहादुर हमाल
६.	हिलवर्ल्ड इ.बो. स्कूल	डि.आर. शर्मा
७.	सनराइज ई.बो. स्कूल	प्रिजा सापकोटा
८.	लिटिल फ्लावर ई.बो. स्कूल	सि.पि. रावल
९.	स्टेपिङ्ग स्टोन ई.बो. स्कूल	आर. हमाल
१०	मयूर इ.बो. स्कूल	हरिहर खरेल
११	ब्रोड भिजन इन्टरनेशनल एजुकेशन	लक्ष्मी प्रसाद पन्त
१२	मोर्डन इ.बो. स्कूल	
१३	प्रियंका इ.बो. स्कूल	श्रीमती पवित्रा लामा
१४	कैलाली मोडेल उ.मा.वि.	के.आर. भट्ट
१५	ज्योति इ.बो. स्कूल	श्रीमती रोशनी घिमिरे
१६	द गार्डनर बो. स्कूल	कैलाश दहाल
१७	गुरुकुल एकेडेमी उत्तरबेहडी	दिपक सुरी
१८	ग्यालेक्सी उ.मा.वि. हसनपुर	जीवनाथ जैशी

१९	शारदा विद्या निकेतन	वि.पि. बलायर
२०	फारवेस्ट बो.स्कूल	
२१	पाइनर इ.बो. स्कूल	चेतराज जोशी
२२	क्यामब्रीज इ.बो. स्कूल	मोहन कुँवर
२३	ज्ञान निकेतन इ.बो. स्कूल	डम्वर विष्ट
२४	ऐश्वर्य विद्या निकेतन उमावि धनगढी	धर्मदेव भट्ट
२५	डि लाइट इ.बो. स्कूल	बद्री रिजाल
२६	एरिष्टो बो. स्कूल	हरी क्षेत्री
२७	कैलाली विद्या निकेतन	तोपेन्द्र शाह
२८	मोर्डन एरा इ.बो.	आर.सि. यादव
२९	नवदुर्गा बो. स्कूल	अम्विका प्र. आचार्य
३०	थ्री स्टार इ.बो. स्कूल	गोपाल शर्मा
३१	अपि विद्या निकेतन	नारायण चौधरी
३२	कालिका इ.बो. स्कूल	रामबहादुर कार्की
३३	स्टोनब्रिज इ.बो. स्कूल	गोविन्द तिमिल्सेना
३४	मिलन इ.बो. स्कूल	सिताराम बुढाथोकी
३५	सिद्धार्थ इ.बो. स्कूल	
३६	यु.एस.ए. उ.मा.वि.	दुर्गा जोशी
३७	एलाइन्स इ.ने. स्कूल	के.डी. भट्ट
३८	एक्सिस विद्याश्रम स्कूल	श्रीमती अनिता पन्त
३९	पञ्चकोटी विद्या निकेतन	सन्तोषी श्रेष्ठ
३०	शैलेश्वरी अक्सफोर्ड इ.स्कूल	रमेश वि.क.
३१	पशुपति शिक्षा मन्दिर देवहरिया	रामबहादुर शाह
३२	डिस्कभरि बोर्डिङ्ग स्कूल	सागर कुश्मी
३३	गुराँस एकेडमी बो. स्कूल	सि.वि. बुढाथोकी
३४	ग्ली एकेडेमी बो. सकूल	रविन्द्र वनर्जी
३५	अक्सफोर्ड युनिभर्सल बो. स्कूल	खेमराज भट्ट
३६	क्यास्पियन एकेडेमी	हरि रेग्मी
३७	वेस्टर्न किस्टन बो. स्कूल	
३८	पब्लिक विद्या निकेतन	पुरन राना

३९	किंगफिसर इ.बो. स्कूल	सिद्धराज ओझा
४०	आर.वि. एकेडेमी बो. स्कूल	शिवकुमार राना
४१	शान्ति इ. स्कूल	धनराज कोइराला
४२	सनराइज एकेडेमी	देवबहादुर कुँवर
४३	गोल्डेन ज्योति इ.स्कूल	नरेन्द्र सिंह
४४	कोपिला एकेडेमी स्कूल	चन्द्रबहादुर साउँद
४५	केदारनाथ विद्या निकेतन	महेश जोशी
४६	जेसिस इ.बो. स्कूल	करुणाकर पाण्डेय
४७	नवजीवन बो. स्कूल	जीवा ओली
४८	हिमाल एकेडमी बो. स्कूल	विक्रम शर्मा
४९	दुन एकेडेमी बो. स्कूल	रामप्रसाद उपाध्याय
५०	इमरल्ड एकेडेमी मा.वि.	हेमराज ओझा
५१	प्रभा पब्लिक स्कूल	ललित पन्त

■

दोश्रो खण्ड

सम्झनाका टुक्राहरू

नेपाली मुद्राहरू

श्री ५ पृथ्वी नारायण शाह देखि श्री ५ राजेन्द्र ,सुरेन्द्रशाहहरुका नाम अंकित चाँदीका आधा तोलाका पचास पैसे बाटरला मोहरहरुमा केही नराम्रा अक्षरहरु थिए ,त्यस्तै पाँच पैसे ढ्याक, दुई पैसे र एक पैसेका अक्षरहर पनि राम्रा थिएनन्। श्री ५ पृथ्वी बिरबिक्रम र श्री ५ त्रिभुवन बीर बिक्रम शाह नाम अंकित चाँदीका रुपिगा,मोहर, पच्चीसपैसेसुकी, बीश पैसे पचन्नीहरु टक्सारमा काटिएका हुनाले अक्षर राम्रा थिए। त्यस बेलाका तामा ५ पैसे ,दुई पैसे र एक पैसेका अक्षरपनि राम्रा थिए। २ हजार चार पाँच साल सम्मका शुद्ध चाँदीका रुपिग्रा ,मोहर,सुकी पचन्नीहरु हुन्थे । २००८/९ साल तिर बीचमा पाँच तारेमा त्रिभूवनको चित्र अंकित भएको फलाम सिल्वर मिसिएको जस्तो चिप्लो मोहर पनि प्रचलनमा आएको थियो। त्यसलाई चन्कट भन्दथे। २००८/९ साल देखि श्री ५ त्रिभूवनको फोटो छापिएको रु १०० सय ,रु.दश,रु.पाँच र रु. एकका नोटहरु सर्ब प्रथम प्रचलनमा आएको हो।

पृथ्वी नारायण शाह भन्दा पूर्ब मल्ल राजाका पालामा पनि चाँदीका मोहर थिए रे ? सो मोहरलाई महेन्द्रमल्ली भन्ने रहेछन। सो मोहर देख्न पाइएन। त्यसै अबसरमा होला तामाका डाडुका भीड काटेका जस्ता आधा इञ्च मोटा पौने इञ्च लम्बाइका एक पैसे र त्यति नै मोटा एक इञ्च जति लम्बाइका र दुई पैसे ढ्याक भनिन्थ्यो ति पैसाहरुमा कतैपनि केही अक्षर लेखिएको हुदैनथ्यो।

बालबालिकाको अन्नप्राशनको अबसरमा शिलगढीका बजारियाहरुले नेपाली चाँदीका मोहरहरुको बनाईएको माला लगाइदिने चलन थियो। बजारियाहरुका महिला सुत्केरी हुने समयमा धेरै अप्ठेरो परेमा पृथ्वी नारायण शाह अंकित मोहर खोजी-खोजी देखाइन्थ्यो र महिला सजिलैसंग सुत्केरी हुन्छन भन्ने बिश्वास थियो। पछि पुराना मुद्रा संकलन गर्नेहरुले उक्त मोहर पाएमा धेरै मूल्य तिरि लैजाने गरेको पनि सुनिन्थ्यो। ■

बिदेशी सिक्काहरू

ब्रिटिस साम्राज्यको अधिनमा भारत रहदा सम्म उक्त साम्राज्यका बादशाह पञ्चम जार्ज,सप्तम एडबर्डहरुका चित्र अंकित चाँदीका सिक्का कम्पनी रुपियाका नाममा नेपालमा पनि प्रचलनमा थिए। सोह्र आना भरतौलका कम्पनी थिए भने आठ आना तौलका अठन्नी र चार आना तौलमा चवन्नीहरु थिए । ती चाँदीका कम्पनीका मालाहरु बनाइ यस क्षेत्रका सबै गाउले महिलाहरुले चाडबाड ,मेला उत्सब र बिब्राहका समयमा पहिरने गर्दथे । कसै कसैको गलामा अठन्नी र चवन्नीका मालाहरु पनि देखिन्थे । यदाकदा चवन्नी भन्दा आधा तौलका सिक्काहरु पनि देखिन्थे ।

पछिपछि निस्केका चाँदीका दुई पाता जोडिएका जस्ता रु एकका सिक्का थिए र सो रुपियालाई ताले कम्पनी ,ताले अठन्नी, ताले चवन्नी भनी यस क्षेत्रका मानिसहरु भन्दथे । तामाका पुराना पैसालाई डबल पैसा भनिन्थ्यो ।

भारत स्वतन्त्र भएपछि असोक स्तम्भ चित्र अंकित एकसय,पचास,दश,पाँच र एकका नोटहरुका साथै एक रुपिया आठ आना चार आना चाँदीका जस्ता देखिने मिश्रित धातुका सिक्काहरु र पित्तलका चार कुना परेका दुइ आना हिसावमा दोअन्नी र दश वा बाह्र गोलो कुना परेका एकअन्नी (एकआना) सिक्काहरु पनि प्रचलनमा थिए । ■

मान्द्रोमा रुपियाँ गन्ने

सिलगढी बजारको बीचमा कुनै गुरुङले बनाएको पौवामा डोटी अछाम मालअड्डा रहेको थियो । माल अड्डाका हाकिम नायवसुब्बा एक, तहरीर खरदार समेतको दरबन्दी थियो । मालअड्डाको मुख्य काम जिल्लाभरीबाट उठ्ने मालपोत बुझी आम्दानी बाँध्ने, हाल आवादी जग्गा दर्ता गर्ने, जग्गा रजिष्ट्रेशन पास गर्ने र परिआएको तालोकदारी तथा जग्गा सम्बन्धी मुद्दा हेर्ने (तेरो मेरो बाहेक) । मालअड्डामा मालपोत बुझाउनेहरूको भिड भइरहन्थ्यो । मालपोत बुझ्ने कार्य तोकिएबमोजिम नगदी तहविलदारको जिम्मामा हुन्थ्यो र दिनभर उठेको मालपोत वा डोटी गौंडा, अदालत, वन कार्यालयहरूबाट उठेको आम्दानी पनि मालअड्डामा बुझाउनु पर्ने र सो काम पनि तहविलदारकै जिम्मामा हुन्थ्यो । दिनभर भएको आम्दानी स्याहामा आम्दानी बाँधिएअनुसारको हेरी रकम बढी भएमा हाकिम र तहविलदारको जिम्माको दुई साँचोमा अड्डाभित्रै कोठामा राखिन्थ्यो । थोरै रकम भएमा तहविलदारकै जिम्मा एक साँचोमा अड्डाभित्रै रहन्थ्यो । दुई साँचोमा राख्न पाइने तोकिएअनुसारको रकम भन्दा बढी भएमा उसैदिन हजार हजार रुपियाँको कपडाको थैली बनाई बन्द लाहाछाप गरी बडाहाकिम निवास गौंडामा रहेको ३ साँचोमा राख्न लगी बडाहाकिमको जिम्मामा एक साँचो डोटी मोहडा अदालतको डिठ्ठाको जिम्मामा एक साँचो, डोटी मालअड्डाकै हाकिमको जिम्माको एक साँचो गरी ३ साँचे ढुकुटीमा खोली हिसाब जनाई तीनैजनाको सही छाप गरी कोठाभित्रको ठूलो बाकसमा राखी बन्द गरी तीनैजनाको अलग अलग ताला लगाई बाहिर ढोकामा पनि तीनै जना जिम्माको भोटेताल्चा लगाई राख्नुपर्ने व्यवस्था थियो । महिना भुक्तान भएपछि सबै अड्डाका कर्मचारीहरूको तलब वितरण गर्न सबै अड्डाबाट प्राप्त अकर्णबमोजिम चाहिने रकम अन्दाज गरी सो तीन साँचाबाट खर्च लेखाई मालअड्डाको हाकिमको जिम्मा डोटी मालमा ल्याउँथे र सम्बन्धित अड्डाका अकर्णद्वारा माग भएबमोजिमको रकम सम्बन्धित अड्डाका हाकिम तहविलदारको जिम्मामा मालअड्डाको श्रेस्तामा खर्च लेखी जिम्मा दिइन्थे । आफ्नै अड्डाका हाकिम कर्मचारीहरूको तलब दिँदा तहविलदारले आफैं बसेको स्थानबाट थैलीबाट रुपियाँ झिकी बायाँ हातमा हल्लाई लक्खु पारी

दायाँ हातको माहिली औंला र बुढी औंलाले रू. ४/४ को फरक गरी बाँया हातबाट दाहिने हातले रू. ४, ८, १२, १६, २० गरी लक्कु बनाउँदै २०/२० रुपैयाँको लक्खु बाकसमाथि वा सम्म पारिएको ठाउँमा राख्दै १०० रुपियाँको भए ५ लक्खु, २०० को भए १० लक्खु, बढी भएमा सोही प्रकारले लक्खु बनाउँदा तहविलदारको हातमा हेरिरहने तथा बाकसमा राखिएको लक्खु बराबरको छ कि छैन हेरी जाँची मात्र आफ्नो जिम्मामा लिन्थे । रु. १००० भन्दा बढी दिनुपर्ने भएमा अड्डाबाहिरको चौरको एक छेउमा अड्डाकै सिपाहीको सुरक्षामा निगालाले बनेको तीन हात चौडा, चार हात लम्बाईको मान्द्रोमा बिछाई मालअड्डाका तहविलदारले थैलीबाट रुपियाँ झिकी बायाँ हातमा रुपियाँको लक्खु बनाई बिछाइएको मान्द्रोको किनाराबाट भुईंमा नभर्नेगरी २/३" किनार छाडी एक रुपियाँ राखी त्यसको उतापट्टि सो रुपियाँको एक छेउमा माथि अर्को रुपियाँ राख्ने, फेरि पहिले राखिएका रुपियाँको मुनी पहिलो र दोस्रो रुपियाँको किनारामा माथिबाट तेस्रो रुपियाँ र त्यसैको उतापट्टि पहिलेजस्तै राखिएको रुपियाँको केही किनारा च्यापिने गरी चौथो रुपियाँ राखी पाँचौ रुपियाँ सो रुपियाँहरूको माथि बीचमा राख्ने । यसप्रकार पाँच/पाँच रुपियाँको २० वटा लहर भएपछि सोको मुनी माथि लेखिएजस्तै दोस्रो लहर राख्ने, त्यसपछि त्यसैगरी तेस्रो चौथो गरी २०/२० को १० लहर पुऱ्याई १००० र २००० दिनुपर्ने भए २०/२० को दोस्रो लहर बनाएपछि जिम्मा लिने हाकिम तहविलदारले पनि सो लहर बनाउँदा हेरिरहने र १, २, ३ गरी सबै लहरहरू जाँची रकम उठाई आफ्नो जिम्मामा लिई सुरक्षा साथमा आफ्नो अड्डामा लैजानु पर्दथ्यो । धेरै रुपियाँ लिनुदिनु पर्नेभएमा चारवटा मान्द्रोमा त्यसरी नै रुपियाँको लहर बनाइन्थ्यो । बैतडी डडेल्धुरा मालअड्डाहरूमा उठेको आम्दानीबाट चाहिने खर्च कटाई नियमले ती मालअड्डाहरूमा राख्न पाइनेभन्दा बढी भएमा बढी भएको रकम कपडाको थैलोमा एक/एक हजारको पोको बनाई सिलबन्द गरी बाहिर छालाले मोडी तोडा बनाई सुरक्षासाथ डोटी मालमा बुझाउन ल्याउनु पर्ने हुँदा त्यसरी आएको रकम डोटी मालका हाकिम तहविलदारको रोहोवरमा सम्बन्धित मालअड्डाका जिम्मेबार कर्मचारीले आफैंले वा डोटी मालअड्डाका तहविलदारले माथि लेखिएबमोजिम मान्द्रोमा १, २, ३, ४, ५ को २० लाइनको एक लहरका हिसाबले १० लहरको १०००, २० लहरको २००० गरी हेरी जाँची जति बुझाउन लगेको हो सो लिई

स्रेस्तामा आम्दानी बाँधी फ़ेरि हजार हजारको ठेली बन्द गरी ३ साँचे ढुकुटीमा बुझाउन लैजानु पर्दथ्यो ।

बैतडी, डडेल्धुरा र डोटी मालअड्डाहरूमा आम्दानी हुने रकम प्रायःजसो भारतीय मुद्रामा नै आउने हुनाले डोटी माल गौडाको ३ साँचोमा भारतीय रुपियाँ नै हुने र सो ढुकुटीमा राख्न पाइने मन्दा बढी भएमा केन्द्रका आदेशले डोटीबाट पनि बैतडी डडेल्धुराबाट आएको जस्तो गरी रु. हजार हजारको बन्दी थैली बनाई सार्कीद्वारा छालाले मोडी सिलाउन लगाई डोटी मालअड्डाका तहविलदार समेतका कर्मचारीको जिम्मामा कालिजंग पल्टनबाट खटिएका कमाण्डर र सिपाहीको सुरक्षाको साथमा भरियाद्वारा डोटीबाट दैलेख, सल्यान, प्युठान गरी पाल्पा मालअड्डामा बुझाउन पठाइन्थ्यो । एक जना भरियाले हजार हजारको २ वा ३ तोडासम्म बोक्न सक्ने हुनाले ती तोडाहरू बोरा वा थैलीमा बन्द गरी भरियाद्वारा बोकाई भरियालाई तोकेबमोजिमको ज्याला दिइन्थ्यो र यहाँबाट खटिगएका कर्मचारी, सिपाहीहरू पाल्पा मालमा सो रुपियाँ बुझाइसकेपछि बुटवल भैरहवा हुँदै भारतीय रेलद्वारा गौरीफण्टामा आई डोटी, सिलगढीमा फर्किन्थे ।। यसैगरी केन्द्रका आदेशले पाल्पाबाट तोकिएबमोजिम चाँदीका नेपाली रुपियाँ मोहर सुकी पचन्नी तथा तामाका पाँचपैसे, २ पैसा र १ पैसाहरूको तोडा पाल्पा मालअड्डाका कर्मचारीहरूले डोटीमा बुझाउन ल्याउँथे र डोटी मालबाट पनि ती नेपाली मुद्राहरूका तोडाहरू डडेल्धुरा, बैतडी मालमा बुझाउन पठाइन्थ्यो । डोटी जिल्लामा देहाय बमोजिमका गर्खा र दराहरू थिए ।

डोटीमा

दिपायल गर्खा, चौकी गर्खा, जिजिकोट गर्खा, पाँचकट्टे गर्खा, बानेडुङ्गा गर्खा, संलेना गर्खा, दानकोट गर्खा, वायल गर्खा, फुरसिल गर्खा, गडसेरा गर्खा, निरौली गर्खा, जोरायल, गर्खा, तल्लो बोक्टान गर्खा, उपल्लो बोक्टान गर्खा, चिर गर्खा र बुंगल गर्खा, साइल गर्खा थिए । थलारा सायल दरा २६ दरा ।

बझाङ्गमा

२६ दरा, थली नौबीस दरा, पडेस नौबीस दरा, सुनी दरा, छान्ना दरा, चौगाउँ दरा ।

बाजुरामा

२६ दरा, नौबीस दरा, बाह्रबीस दरा, कुन्ना दरा ।

अछाम

८०० दरा, ५०० दरा, १५२० दरा, ७०० दरा ।

बझाङ्गी राजाले बझाङ्ग जिल्लामा आफैंले मालअड्डा खडा गरी कर्मचारी राखी मालपोत उठाई सरकारलाई तिर्नुपर्ने सिरथो डोटी मालअड्डामा बुझाई बाँकी आफैं खान पाउनु हुन्थ्यो ।

थलारी राजाले पनि डोटी चौकी गर्खा, थलारा २६ दरा, सायल दराको मालापोत अमालद्वारा आफैं उठाई सरकारलाई सिरथो बुझाई बाँकी आफैं खान पाउनु हुन्थ्यो ।

अछाम जिल्लामा १९८५ मा सर्पट नापी भएकाले सो जिल्लाको मालपोतवापत धान, डोटी धर्म भकारीमा बुझाउनु पर्दथ्यो । २००७ सालको क्रान्तिपछि यो प्रथा हट्यो र डोटी मालमा मालपोत बुझाउनु पर्दथ्यो । २०१४ सालमा श्री ५ महेन्द्रको सवारीको समयमा अछामीहरूको माग बमोजिम डोटी अछाम मालअड्डाबाट अछाम माल झिकी अछाम जिल्लामा नै अछाम माल खडा भयो ।

बाजुरेली राजा, अछामी राजा, दरनाली राजा, विमकोटका राजा, डोटीका राजा, घुँघुरकोटका राजाहरू मानाचामल बुझ्न डोटी मालमा आउनुहुन्थ्यो ।

डोटी जिल्ला अन्तर्गतको चिर गर्खा, बुँगल गर्खाको मालपोत ती गर्खाहरूका जिम्मेवालमार्फत आउँथ्यो । सेती नदी वारी दिपायल गर्खा र सेती नदी पारीका सबै गर्खाहरूको मालपोत डोटी मालबाट नियुक्त पाएका तालिमदार मुखिया मार्फत् डोटी मालअड्डामा नै आउँथ्यो । ■

पिँजडामा अड्डासार कैदी चलान

फौजदारी मुद्दाका अभियोग लागेका अपराधीलाई मुद्दाका तहकिकातको सिलसिलामा थुनामा वा अभियोग प्रमाणित भएपछि अदालतका फैसलाले कैद तोकिएका कैदीहरूलाई नेल हत्कडीसहित र ज्यानमारालाई नेलहत्कडी गलफन्दीसहित जेलमा कैद राखिन्थ्यो । ती कैदीहरूमध्ये जेल तोडी भागेका कैदी फेला परेमा वा महसुर, खुन्खार ज्यानमारा कैदी वा राजकाज, गाथगादी सम्बन्धी अपराधीलाई मुलुकी ऐन वा केन्द्रका आदेशले पाल्पा जेलमा अड्डासार चलान गरिन्थ्यो । यसरी चलान गर्दा बैतडी जेलमा रहेका कैदीहरूलाई बैतडीबाट डडेल्धुरा जेलमा र डडेल्धुराबाट डोटी जेलमा चलान गर्नुपर्ने व्यवस्था थियो । यसैगरी, डोटी जेलमा रहेका कैदीहरूलाई दैलेख जेलमा र दैलेखबाट सल्यान, प्यूठान हुँदै पाल्पा जेलमा चलान गर्नु पर्दथ्यो । कैदी चलान गर्दा सम्बन्धित गौडाले आफ्ना मातहतका जेलरलाई ती कैदी जिम्मा लगाई मिलेसियाका हातहतियारसहितका अफिसर जवानको जिम्मामा तोकिएका जिल्लाको गौडामातहतको जेलमा चलान गर्नुपर्ने हुन्थ्यो ।

यसरी पाल्पा चलान गर्ने सिलसिलामा १९९५/ ०९६ सालतिर एकजना खुन्खार ज्यानमारा कैदी हो वा राजकाज गाथगादी सम्बन्धी अभियोगीलाई हो । मुर्दा लैजाने घरजस्तोमा कैदी बस्न र सुत्नसम्म हुनेगरी बाँसको चोयाको लामो पिँजडा बनाई त्यसमा निजलाई बसाई चारजनाले बोकी लगेको देखेको थिएँ । पाल्पाबाट सदरजेल काठमाडौमा चलान गर्नुपर्ने कैदीलाई त्यसरीनै अड्डासार चलान गरी पठाइन्थ्यो होला ।

डोटी जेलबाट पाल्पा जेलमा चलान भएका चोरी मुद्दामा कैद तोकिएका कैदीमध्ये केही कैदीहरू तोकिएको कैद भुक्तान गरी डोटीमा आफ्नै गाउँघरमा फर्केका र डोटीको महसुर चोर मोतीखुचे काठमाडौं सदर जेलमा कैद कुरी कैदभुक्तान भएपछि डोटीमा फर्केको विषय मैले २०६५ सालमा प्रकाशित गरेको सम्झनाको साहेबहरू नामक पुस्तिकाको पा.नं १७ मा मनमोहन मिश्रकै पालामा मोतीखुचे काण्ड भन्ने शीर्षकमा उल्लेख गरिएको छ ।

अदालतको फैसला र थुनुवा पूँजी बमोजिम जेलमा राख्ने थुनुवा कैदीका साथसाथै गौडाबाट नजरबन्दीमा राखिएकाहरूलाई पनि डोटी जेलमा

राखिन्थ्यो । जेलमा राखिएका थुनुवा कैदीहरूलाई बयान गराउन आवश्यक भई अदालतबाट लेखिआएमा जेलरले हातहतियारसहितका मिलेसियाका जवानहरूका साथमा निजहरूलाई नेल हत्कडी सहित र ज्यानमाराका कैदीहरूलाई हातमा हत्कडी, खुट्टामा नेल र घाँटीमा गलफन्दीसमेत जेलघरबाट बजारै बजार अदालतमा लैजाँदा ज्यानमारा कैदी घाँटीको गलफन्दी र खुट्टाको नेल हातको हत्कडी समेत फलामे सिक्रीले एउटैमा जोडिएको हुनाले लामो लामो पाइला चाल्न नमिल्ने भई खुट्टाको नेल र गलफण्डीको सिक्रीलाई आफ्नै हातले समाती हिँड्दा निजा कैदीलाई धेरै अप्ठ्यारो परेको जस्तो देखिन्थ्यो । ■

सुरत बहादुर राइटर

सुरत बहादुर, टेकबहादुर अमात्य

(यहाँ सुती, उनी, सनी र रेशमी कपडा साडीहरू सुपथ मूल्यमा पाइन्छ ।)

हल्का आकाशे रंगको भुईमा निलो रंगको रोरानले माथिको लाइन ठूला राम्रा अक्षरमा र तलको लाइन केही सानो, राम्रो अक्षरमा लेखाई भारतबाट तयार पारी ल्याएको अन्दाजी ३ फिट लामो २ फिट चौडा भएको फ्रेमसहितका साइनबोर्ड सुरतबहादुर राइटरको दुईतले घरको रातोमाटोले पोतिएको पहिलो तलाको मध्यभागमा सडकबाट अटालीले नछेक्निने गरी टाँसिएको थियो ।।

र भूँइतलाको ५५ कौवलको बीच भागमा माथि एक दाम भन्ने शब्द पित्तलको पातामा राखी टाँसिएको पनि थियो ।। यो विषय २००० सालभन्दा पहिलेको हो । त्यसभन्दा पहिले कसैले पनि साइनबोर्ड टाँसेका थिएनन् ।।

सुरतबहादुर जीले कुन अड्डामा राइटर पदमा नोकरी गर्नुभएको थियो थाहा छैन । सबैले उहाँलाई सुरतबहादुर राइटर भनी सम्बोधन गर्दथे ।।

डोटी जिल्लाका प्रख्यात कपडाका व्यापारी सुरतबहादुरको घर दोकानमा सधैंजसो कपडा किन्न आउनेको भिड भइरहन्थ्यो । अछामतिरका व्यापारी र जुम्ला हुम्लासम्मका थोक प्यापारीहरू पनि उहाँको दोकानबाट भारीका भारी कपडाहरू खरिद गरी आफ्ना जिल्लामा लैजाने गर्दथे ।। उहाँको दोकानमा मूल्य घट्बढ हुँदैनथ्यो । त्यसैले बजारका अन्य दोकानमा भन्दा सुरतबहादुर जीको दोकानबाट धेरै मानिसहरू कपडा किन्न रुचाउँथे ।। उहाँका भाइ टेकबहादुर जीले पनि दाजुकै साथमा व्यापारमा व्यस्त रहनुहुन्थ्यो ।। दशैं तिहारसम्ममा दोकानमा रहेका कपडाहरू धेरैजसो बिक्री भइसकेको हुनाले हिउँद लागेपछि कपडा खरीद गरी ल्याउन अरु व्यपारीहरूजस्तै सुरतबहादुर जी पनि भारत टनकपुरतर्फ आफ्नै घोडामा चढी जानुहुन्थ्यो ।। उहाँका साथमा २ नाले बाह्रबोर बन्दुक बोक्ने मानि र घोडाको सयस भात पकाउने मानिस पाल र रुपियाँ बोकेका केही व्यापारी साथीहरू समेत धेरै मानिसहरू हुन्थे र बडा हाकिमको सवारी चलेजस्तो बाटोमा पर्ने सबै गाउँलेहरूलाई भान हुन्थ्यो । पहिलेको कैलाली कञ्चनपुर इलाकाको ब्रह्मदेव भन्ने स्थानमा उहाँको २/३ महिनाको लागि पाल टाँगेको स्थायी डेरा हुन्थ्यो । पहाडतिरका सबै मानिस

महाकाली नदी पार गरी भारत टनकपुर जान नरुचाउने हुनाले टनकपुर तिरको केही व्यापारी र डडेलधुरातिरका व्यापारीहरूको कपडा, नून, गुड, आदि सामानहरू सजिलैसँग उपलब्ध गराउनेगरी ब्रह्मदेव मण्डी नामले अस्थायी बजार हुन्थ्यो ।

ब्रह्मदेउ नजिक महाकाली नदी र सो नदीपारी टनकपुरको ठूलो बजार थियो । सिलगढीका व्यापारीहरू नाउबाट सो नदी पार गरी टनकपुर पुगी त्यहाँका आफ्नो जानपहिचानका ठूला व्यापारीहरूसँग सम्पर्क गरी आफूले ल्याएका रुपियाँका साथै साहुले पत्यायजति उधारो पनि कपडा खरिद गरी ल्याउँथे । सिलगढीका व्यापारीहरूको सम्पर्क भएको टनकपुरका ठूला व्यापारी सेठ प्राणकृष्ण चौवे र, कैलासीका छोराहरू बृजबासीका छोरा, सेठ मदनगोपालजीहरूका दोकानबाट कपडाहरू खरिद गरी भरियाद्वारा सिलगढीमा ल्याउँथे । केही साना व्यापारीहरू सिलगढीबाट आफ्नै कम्मरमा पटुका बाँधी रुपियाँ लैजाने र टनकपुरबाट मौलाबकस समेतको दोकानबाट किराना सामानहरू नगद र उधारोमा खरिद गरी चाँडै फर्की सिलगढीमा ल्याउँथे ।

त्यस्तै सुरतबहादुर जीको टनकपुरका प्रमुख व्यापारी प्राणकृष्ण चौवेसँग विशेष सम्बन्ध थियो । धेरैजसो कपडाहरू चौवेजीकै दोकानबाट खरिद गरी सिलगढीमा पठाउने गर्नुहुन्थ्यो । सिलगढीमा कपडाहरू प्राप्त भएपछि भाइ टेकबहादुर जीले कपडा जम्मा गरी बिक्री भएको रकम विश्वासी अन्य व्यापारीहरूका हातमा सुरतबहादुरजीकहाँ पठाउने र सुरतबहादुरजी टनकपुर गई नयाँ नयाँ वानाका कपडाहरू ल्याउन दिल्लीसम्म पनि पुगी दिल्लीका व्यापारीसँग सम्पर्क गरी नगद र उधारो पनि कपडा खरिद गरी ल्याई सिलगढीमा पठाउने गर्नुहुन्थ्यो । ब्रह्मदेवमा बसेका बेला कहिलेकाहिँ जंगलतिर सिकार गर्न सिकारीहरू साथमा लिई जाने र सिकारमा मारिएको जरायो चित्तलका मासु ब्रह्मदेवका अन्य व्यापारीहरूलाई वितरण गरी भोजभतेर गर्नुहुन्थ्यो रे । यसप्रकार २/३ महिना ब्रह्मदेव टनकपुरतर्फ बिताई फागुन महिनातिर सिलगढी फर्किनुहुन्थ्यो ।

ब्रह्मदेउबाट सिलगढी बजारका अन्य व्यापारीहरू समेतले आफ्ना सामान पठाउन दिनहुँ बीसौं भरिया खोजिरहनु पर्ने र भरियाको लागि व्यापारीहरूको आपसमै तछाडमछाड पर्ने हुनाले, ब्रह्मदेउमा खच्चडहरूको ओहोरदोहोर भएको देखेपछि सुरतबहादुर जीले २००७/००८ सालतिर

ब्रह्मदेउबाट सिलगढीसम्म खच्चडद्वारा कपडा समेतका भारी बोकाई ल्याउन आफ्नै तर्फबाट खर्च लगाई गाउँगाउँमा अप्ठ्यारो परेको धेरै ठाउँमा कुलीद्वारा पहाडका पखेराहरू फोड्न लगाई भारी बोकेका खच्चडहरू सजिलैसँग आवतजावत गर्न सक्ने बाटो बनाउन लगाउनु भएको हो । त्यसपछि महिनामा २/३ पटक कपडासमेत भारी बोकेका सबै व्यापारीहरूका गरी ५०औंको संख्यामा खच्चडहरू सिलगढी बजारमा आएका देखिन्थे । त्यसपछि अछामका व्यापारीहरूले पनि टनकपुरबाट कपडा खरिद गरी सोझै अछामसम्म पुऱ्याउने गरेका थिए ।

टनकपुरका मेयर सेठ प्राणकृष्ण चौवेजीका घर दोकानमा सुरतबहादुर जीको आवतजावत हुन्थ्यो र कहिलेकाहिँ चौवेजीको आग्रहमा चौवेजीकै घरमा बास पनि बस्नुहुन्थ्यो । त्यसबेला टनकपुरका अरु ठूला व्यापारीहरू उहाँसँग परिचय गरी हात मिलाउने गर्थे । स-साना किराना सामानका व्यापारीहरू सुरतबहादुरजीलाई देखेपछि आपसमा 'यही है पहाडी सेठ सुरतबहादुर जी' भनेर कौतुहलबस हेरिरहन्थे । र अरुलाई पनि देखाउँथे । टनकपुरका सबै व्यापारीहरू सुरतबहादुर जीको सम्मान पनि गर्दथे ।

सुरतबहादुरजीको घरमा धेरै राम्रोसँग कदममा दगुर्ने लाल रंगको अरवी घोडा जस्तो ठूलो घोडा पनि पालिएको थियो । सो घोडालाई दानापानी घाँस आदि दिने सयस छुट्टै भएपनि इन्द्रचोक घरभएका भक्ते कसाईले दिनहुँ बेलुकी सो घोडालाई काठी कसी चढी बजार तलमाथि कदममै दौडाउने गर्दथे। त्यसबेलामा उनले आफ्नो खुट्टा पिरौलामा पट्टि बाँध्ने र दुवै खुट्टाको जुत्ताको कुर्कुच्चामा घोडालाई हान्न फलामको सानो डल्लो भएको वस्तु फिट गरेका हुन्थे । दिनहुँ घोडालाई फलामको काँडा भएको बुरुसले मल्ने र कहिलेकाहिँ घोडाको टाप बढेका सो बढेको टापले पनि काटिदिन्थे । यस कामका लागि उनलाई मेहनताना पनि दिइन्थ्यो । कहिलेकाहिँ टेकबहादुरजीले सो घोडा दौडाएको देखिन्थ्यो र सुरतबहादुर जीका एकमात्र छोरा बसन्तबहादुरले पनि सो घोडा चढी दौडाउन सिक्ने गरेका थिए । उक्त साइनबोर्ड टाँसिनुभन्दा पहिले कहिलेकाहिँ सुरतबहादुरजीको घरमा ग्रामोफोनबाट हिन्दी गीतका रेकर्डहरू बजिरहन्थ्यो, २००७ सालको क्रान्ति हुनुभन्दा २/३ महिना अघिदेखि उहाँले ल्याउनुभएको रेडियोबाट नेपालको क्रान्ति सम्बन्धी समाचारहरू आइरहन हुनाले बेलुकातिर बजारका धेरै युवाहरू सो समाचार सुन्न टेकबहादुर जीको

घरपश्चिमपट्टिको पिपलचौतारामा जम्मा हुने गर्दथे ।

सुरतबहादुरजीको एउटा खैरो रंगको खसी छोडुवा गरेर पालिएको थियो। पेटभरी दानापानी र मनपरी ढंगले घाँस खान पाएकोले खसी धेरै मोटो ठूलो भएको घर आँगन छेउमै रहने बस्ने गरेको थियो । ३/४ बर्षपछि २०/२५ धार्नी जति वजन भएको सो खसी कालगतीले मर्दा उसलाई सेतो कपडाले बेरेर कहिँ गाड्न लगाउनु भएको थियो ।

सुरतबहादुर जीका एउटी छोरी ज्ञानुदेवीको २००३ सालमा महेशनारायण श्रेष्ठसँग विवाह भएपछि २००९ साल वा ००९ सालमा छोरा बसन्तबहादुरको विवाह काठमाडौंमा भएकोमा दुलही भित्र्याउने दिनमा सिलगढी बजार खलंगा, बाह्रबडेला आदिका सबैलाई निमन्त्रणा गरिएको थियो । र सो कार्य सम्पन्न भएको २/३ दिनपछि विवाहको भोजको आयोजना गरिएकोमा बजार खलंगाका जन्तीहरूका लागि २ दिनसम्म घरमै भोजको व्यवस्था गरियो भने बाह्रबडेलाका लागि प्रत्येक एक गाउँका मुखिया जिम्मामा चाहिने चामल, दाल, मरमसला, एक खशीका दरले आआफ्नै गाउँमै भोज खुवाउन दिई पठाउनुभएको थियो ।

१९९७ सालतिर सिलगढी माथिल्लो बजारमा श्रीकृष्ण मन्दिर निर्माण गर्न सुरतबहादुर जीले सबैभन्दा बढी चन्दा दिनुभएको थियो र मन्दिर निर्माण सम्पन्न भएपछि माथिल्लो तलाको शिरमा राख्न काठमाडौंबाटै तामाको गजुर बनाउन लगाई सो गजुरको टुप्पामा एकतोला सुनको मोलम्मा लगाई ल्याई मन्दिरमा जडान गरिएको हो ।

सिलगढीका सबै ठूला व्यापारीहरूले दिल्ली र टनकपुरबाट उधारो कपडा ल्याउने गरेकामा दशैं तिहारको समयमा दिल्लीका व्यापारीका मुनिम मोतिराम र टनकपुरका व्यापारी रामकृष्ण चौवे, मदनगोपाल, कैलाशका छोराहरू वा उनीहरूका मुनिमहरू सो उधारो रकम उठाउन सिलगढी आउने गर्दथे । यसै क्रममा २००९ सालमा कैलाशजीका नाति नथन भन्ने व्यापारी पनि सिलगढीमा आएका थिए । उनले बजारका साहुजीहरूबाट आफूले लिनुपर्ने रकम उठाइरहेका थिए । यसैबीच तिहारको पञ्चक शुरु भयो र सरकारी सूचना अनुसार पाँच दिनसम्म जुवा खेल्न फुकुवा गरिएको थियो । सिलगढीका डिठ्ठा गजराज श्रेष्ठको घरतलाको कोठामा जुवा खेल्ने खाल बनाइएको थियो । बजारमा पनि ठाउँ ठाउँमा जुवाका खालहरू थापिएका थिए । कहिँ खडखडे, कहिँ तास, कहिँ पासाको खेलमा पैंसाको बाजी राखेर खेल हुने गर्दथ्यो ।

पञ्चकभित्रको लक्ष्मीपूजाको दिन राति ८ बजेपछि डिठ्ठा गजराजको घरमा कौडीद्वारा जुवा खेल्न बजारका नाम चलेका खेलाडीहरूको जमघट भएको थियो। सो अवसरमा टनकपुरबाट आएका नथनजी पनि खेल्न आएका र उनले तीया दाउ लिएका थिए। सुरतबहादुरजीले छक्का दाउ लिनुभएको थियो। खालमा बस्ने ४ जना र च्याँखे थाप्ने ८/१० जनाको बीचमा एक हातमा भारु नेरु २/३ सम्मको हानथाप भइरहेको थियो। कुनै खालमा बस्नेहरूले १/२ हात मारेपनि लगातार दाउ मार्न सकेका थिएनन्। नौ बजेतिर नथनजीको तीया दाउमा कौडा पऱ्यो। उनले दाउ हान्न खोज्दा आफ्नो खालमा सुरतबहादुरजीले भारु सवा सय थाप्नु भयो। च्याँखे थाप्नेहरूले अरु दाउमा केही रकम थापे। नथनजीले कौडाले तीया दाउ हान्दा कौडीमा तीया नै पऱ्यो र मारेका हुनाले सबै रकम समेटेर आफ्नो काखमा राखे। दोस्रो हातमा पहिले थापेका रकमको दोब्बर थाप्ने काम भयो। सुरतबहादुरजीले भारु ढाईसय थाप्नुभयो। अरुहरूले पनि थापे। सो दोस्रो हात पनि नथनले मारे। एवम् प्रकार तेस्रो हातमा सुरतबहादुरजीले भारु ५ सय, चौथो हातमा भारु एक हजार, पाँचौं हातमा भारु २ हजार, छैठौं हातमा भारु ४ हजार र सातौं हातमा भारु ८ हजार रकम गरी सातौं हातसम्म नथनजीले मार्दै जाँदा सुरतबहादुरजीले मात्र भारु एक सय २५ कम १६ हजार रुपियाँ हार्नुभयो। अरु च्याँखे थाप्नेहरू पनि करिब करिब रित्तीसकेका थिए। र आठौं हातमा भारु १६ हजार थाप्नको लागि रुपियाँ लिन जान्छु भनी उठ्नुभयो। सातौं हातमा भारु ८ हजार थाप्न नजिकै घर जाँदा राइटर धुवलाल श्रेष्ठले सो कुरा थाहा पाउनुभएको थियो र सुरतबहादुरजी आफ्नै दाजु डिठ्ठा गजराजको साला नाता पर्ने हुनाले उहाँ पनि सो जुवा हेर्न आउनुभएको थियो। सातौं हात नथनजीले मारीसकेपछि आठौं हातमा रुपियाँ थाप्न घरमा जान्छु भनी उठ्नु भएको समयमा डि. गजराज श्रेष्ठ, राइटर धुवलाल श्रेष्ठले सुरतबहादुरजीलाई सम्झाई अब पैसा थाप्ने विचारै नगर यो आठौं हात पनि उसले मारेमा तिम्रो घरखेत पनि हुन सक्छ भनी सम्झाई रहँदा सुरतबहादुरजी पनि साम्य हुनुभयो। उहाँले मदिरा पनि पिउनुभएको थियो। उहाँलाई घरमा पुऱ्याई डिठ्ठा गजराज आफ्नो घरमा फर्कनुभयो। नथनजीले मारेर सोहरेका रुपियाँको पोको पारिसकेका थिए। र सो जुवाको खाल त्यतिकैमा बन्द भयो।

श्री ३ वीरशमशेरका पालामा काठमाडौंबाट धपाइएका पुण्य शम्शेर

समेत चार भाइ जरनेलहरू डोटीमा आएकामा एक भाइ बडाहाकिम पदमा नियुक्ति भई काम गर्ने र अरु भाइ बसी बसी भत्ता खान पाउँथे । ती चार भाइ जरनेलमध्ये कान्छो भाइ जरनेल बहादुर शमशेरले धेरै वर्षसम्म डोटी गौडाको बडाहाकिम भई काम गर्ने मौका पाउनुभएको थियो । सो अवधिमा उहाँले डोटीको सिलगाउँदेखि माथि ठूलो दरबार बनाउन लगाउनुभयो । उहाँले बोगटान गर्खाको गर्भा भन्ने ठाउँमा र कैलाली बोगटान तप्पाको चौमाला भन्ने ठाउँमा पनि दरबार बनाउन लगाउनुभएको थियो । हिउँद बर्षा मौसममा कहिले डोटी सिलगढी दरबारमा, कहिले गर्भा र कहिले चौमाला दरबारमा बस्ने गर्नुभएको थियो । १९८५ सालको अछ्राम सर्पट नापीमा अछ्राममा ठूलाठालुसँग रिसिइवी परेपछि अछ्रामीहरूको उजुरीको आधारमा बडाहाकिम जरनेल बहादुर शमशेरलाई डोटी गौडाबाट झिकाइएको हुनाले उहाँ विरगञ्जमा आफूले बनाएको ओम आश्रममा बस्न जानुभयो । सिलगढीको उक्त दरबार आफ्नै मानिसहरूको जिम्मामा छाड्नुभएको थियो । उहाँका जेठा छोरा वेदप्रकाश शमशेर डडेल्धुरा गौडाको बडाहाकिम पदमा नियुक्ति भएपछि उहाँले मानिस पठाई रेखदेख गराउनु पनि हुन्थ्यो । २००० सालमा सिलगढीमा सुनकाण्ड हुँदा सो मुद्दा उहाँले हेर्न पाउने अधिकार पाउनुभएको समयमा डोटीमा आफ्नै दरबारमा बसी मुद्दाको तहकिकात गर्नुभएको थियो र २००२ सालमा वेदप्रकाश शमशेरलाई नै डोटी गौडाको बडाहाकिम पदमा नियुक्त गरिएको थियो । उहाँले २ वर्षसम्म यसै दरबारमा बसी कार्य सञ्चालन गर्नुभयो । पछि २००४ साल श्रावण महिनामा सन्निपात ज्वरोको विरामले उहाँको त्यसै दरबारमा निधन भयो ।

त्यसको केही वर्षपछि उक्त दरबार समेत अरु घरजग्गा पनि बझाङ्गी राजाका भाइछोरा नाता पर्ने कुनै सिंहलाई बहादुर शमशेरले पहिले नै आफ्नै छोरी विवाह गरिदिनुभएको थियो । तिनै छोरीलाई बकसपत्र दिनुभएकोमा निजले भारु १० हजारमा २०१० सालतिर सेठ सुरतबहादुर अमात्यलाई राजिनामा पास गरिदिनुभयो । सो घर हालसम्म सुरतबहादुरजीकै छोराबुहारीहरूले चलन गरी केही भाग भाडामा दिने र जग्गाहरू पनि आफूले भागचलन गरिरहेका छन् ।

साँवलो वर्ण हृष्टपुष्ट ठूलो शरीरका सुरतबहादुरजी सधैं केही हल्का निलो रंगको मर्सराइज्ड, सनराइज्ड कपडाका कमिज सरुवाल र भादगाउँले कालोटोपी लगाई आफ्नो दोकानमा बसिरहनुहुन्थ्यो । एकादशी वा अन्य पर्वका दिनमा भगवानको दर्शन गर्न बराबर ९/१० बजेतिर माथिल्लो बजारको

श्रीकृष्ण मन्दिरमा प्रायः यस्तै लुगा लगाई सधैं आउनुहुन्थ्यो । आफ्ना सहपाठी उस्ताद हिक्मतबहादुरजीको आग्रहमा कहिलेकाहिँ पर्वका दिन राति हुने भजनमा पनि उस्थित हुनुहुन्थ्यो । त्यस अवसरमा उहाँको सँगमा कस्तुरीको वीणा पनि हुन्थ्यो र सुल्फामा अत्तर (चरेस) पिउनेहरूलाई कस्तुरी बिनाका साना टुक्रा दिई अत्तरमा मिसाई सुल्फा भर्न लगाई आफू पनि पिउने र अरुलाई पिलाउने गर्नुहुन्थ्यो । सालबसाल जुम्लातिरका व्यापारीहरू उहाँको दोकानमा कपडा खरिद गर्न आउँदाको समयमा कुनै कसैले उहाँलाई कस्तुरीको वीणा पनि उचित मूल्यमा ल्याइदिने गरेका थिए कि ?

उक्त साइनबोर्ड टाँसिनुभन्दा पहिले वि.सं. १९९५/१९९६ सालतिर उहाँहरूका बुवा पद्मबहादुर अमात्य (उहाँलाई पनि राइटर भन्दथे) को काठमाडौंमा मृत्यु भएपछि उहाँको चिना सेती नदीमा सेलाउन छोरा टेकबहादुरजीका साथमा बजारका धेरै मानिस मलामी जस्तै भएर गएका थिए । ११औं दिनमा वा १५औं दिनमा स्वर्गबासीका नाममा साँढे सढेनी पनि छाडिएको थियो ।

दिनहुँ बिहानदेखि बेलुकासम्म फलामे गजद्वारा कपडा नापी बिक्री गर्नुपर्ने हुनाले दिनभरको थकाई मेटाउन होला दोकान बन्द गरेपछि राति मदिरा पनि पिउने गर्नुहुन्थ्यो । साथीभाइहरू दोकानमा जम्मा भएको समय साँझतिर सुल्फामा अत्तर (चरेस)को साथमा कस्तुरी विनाका टुक्रा मिसाई सुल्फाद्वारा पिउने पनि गर्नुभएको थियो । यसरी मदिरा र चरेस पनि दिनहुँ पिउने गर्नुभएकोले टि.वी.को विराम लागी दिनप्रतिदिन डुब्लाउँदै जाँदा उपचारको लागि २०१२ सालमा उहाँलाई तामदानमा राखी भरियाद्वारा बोकाई भारत टनकपुरतिर लगिएको थियो । साथमा उहाँकी श्रीमती पनि जानु भएको थियो । उपचारको लागि भारतका कुन कुन ठाउँमा पुऱ्याइएको थियो थाहा छैन । जति औषधोपचार गरेपनि विराम निको नभई झन् झन् बढी हुँदै आएपछि भारत टनकपुरमै उहाँको देहावसान भयो । र शवलाई महाकाली नदी किनारामा जलाइयो । हरेक साल व्यापारको सिलसिलामा हिउँदमा ब्रह्मदेव मन्दिरमा बसी प्रायःजसो दिनहुँ महाकाली नदीमा नुहाउने र नाउद्वारा नदी वारपार गरिरहनुहुने डोटीका प्रमुख व्यापारी सेठ सुरतबहादुर अमात्यजी उपचारका क्रममा महाकाली नदी डुंगामा पार गरी जानुभएको वारी फर्कन पाउनुभएन । ■

धर्मराज हलुवाई

सिलगढी बजार इन्द्रचोकमा रामचन्द्र अग्रवाल र गोपाल अग्रवाल दुई भाइ हलुवाइहरूका छुट्टाछुट्टै दोकान थिए । ती दोकानहरूमा दूधबाट बनेका पेडा, बर्फी, लड्डु, खावाहरू बिक्री हुन्थ्यो । त्यति साह्रो चल्ती थिएन ।

सिलगढी बजारदेखि पश्चिम जिजिकोट गर्खा, नेटकाँडा गाउँतिरका धर्मराज महरा सानै उमेरदेखि सिलगढी बजारमा बस्नुभएको र राम्रा सिलस्वभावका हुनाले बजारकै केटीसँग उहाँको विवाह भएको थियो । सानोतिनो किराना सामानका पसल खोली भारतबाट सामान ल्याई बिक्री गर्ने गर्नुहुन्थ्यो । भारततर्फ गइरहने क्रममा उहाँले भारतका हलुवाइसँग सम्पर्क गरी केही अवधिसम्म उनकै दोकानमा बसी विभिन्न प्रकारका मिठाइहरू बनाउन सिक्नुभएको थियो । अनि सिलगढी बजारको आफ्नै घरमा मिठाइको दोकान खोल्नुभयो । दोकानमा विभिन्न प्रकारका मिठाइहरू देख्नमा राम्रा, सफा उज्याला देखिन्थे । मिठाइहरूमा जलेवी, पेंडा, बर्फी, खावा, चक्लेटी रंगको बम्बईसन, हलुवासन, बेसनको लड्डु, सोनपावडी, कलाकण्द आदि बनाइन्थ्यो । यसप्रकारको मिठाइहरू धेरै मानिसले नदेखेका हुनाले सबै अचम्म मान्दथे ।

जलेवी सम्बन्धको एउटा पुरानो कुरा पनि यहाँ उल्लेख गर्दैछु । यस क्षेत्रका प्रायः सबैजसो मानिसहरू आफ्नो घर खर्चको लागि चाहिने नून, गुड, कपडा ल्याउन मधेश माल (मालाखेती, चौमाला र ब्रह्मदेव मन्डितिर) आफूलाई पायक परेको ठाउँमा जान्थे । यसै सिलसिलामा ब्रह्मदेव गएका कुनै गाउँका मानिसहरूलाई मिठाइ खान मन लागेछ र मिठाइको दोकानबाट एक सेरजति जलेबी (जल्फी) किनी ल्याई एकठाउँमा बसी खाँदा टोकेको जलेबीको भित्रबाट चिनीको चास्नीलाई मह चुहिएको देखेपछि एउटा बुज्रुगले आधा जलेबी हेर्दै यसो भनेछन् 'धन्नका चेला अंग्रेज, अगास चिलगाडी त चलाइथी चलाइथी यई जल्फीकी भितर म कस्याँ हाल्यी होई' । यो कहावत डोटी, डडेल्धुरा, बैतडीतर्फ पनि कहिलेकाहिँ कुनै कुनै मानिसको मुखबाट सुन्न पाइन्छ ।

बजारका युवा तथा स-साना केटाहरू पनि त्यस किसिमको मिठाई

खान पल्केका थिए । उहाँको दोकाननजिक डोटी गौडा, हुलाक, अदालत, वैदखाना आदि कार्यालयहरू हुनाले अड्डाका कर्मचारीहरू, झगड्याहरू पनि बेलामौकामा दोकानमै बसी मिठाई खान्थे । र कहिलेकाहिँ अड्डाहरूमा पनि लगी समूहमा पैसा तिरी खाने गर्दथे । चाडपर्वहरूमा अत्यधिक मात्रामा मिठाई बिक्री हुन्थ्यो । मिठाई बनाउनका लागि आवश्यक पर्ने दूध बालासैनतिरबाट दिनहुँ एक गाग्री, कलेना मुडेगाउँतिरबाट एकदुई गाग्री दूध आउँथ्यो । उहाँले मिठाई बनाउन सोडा पनि प्रयोग गर्न जान्नुभएको हुनाले मिठाई उज्यालो र राम्रो देखिन्थ्यो । मिठाइको दोकानबाट उहाँले प्रसस्त पैसा आर्जन गर्नुभयो र छोरालाई भारतमा पढ्न पनि पठाउनुभयो । छोराहरू अन्य व्यापार, सरकारी सेवामा लागेपछि र उहाँको तथा उहाँकी श्रीमतीको देहान्त भएपछि सो मिठाइको दोकान बन्द भयो । बजारमा एक/दुई दोकानमा साधारण किसिमका मिठाई बनाई बिक्री गर्ने कार्य सुस्त रुपमा चलेको छ ।

फरासिलो स्वभावका मिलनसार व्यक्ति हुनाले बजारमा कसैले सप्ताह, पुराण वा भगवानको कथा लगाई धेरै मानिसहरूलाई निमन्त्रणा गरेको अवस्थामा सम्बन्धित व्यक्तिको आग्रहअनुसार ठूलाठूला कराईमा हलुवापुरी बनाइदिन पनि गाह्रो मान्नु हुँदैनथियो । ■

कम्पाउण्डर मनिराम खत्री

डोटी सिलगढी निवासी पण्डित परिवारमा उहाँको जन्म भएको हो । पं. सिद्धराज जोशीका सौतेनी क्षेत्रीनी आमापट्टिका भाइ हुनुहुन्थ्यो । बीचबजारमा उहाँको छुट्टै घर थियो । जेठी श्रीमतीबाट सन्तान नभएकाले उनकै बहिनीलाई कान्छी श्रीमती बनाइ ल्याइएपछि उनीबाट ४ छोरा र एक छोरी जन्मेका हुन् ।

मनिराम खत्री डोटी पि.चन्द्र अस्पतालमा ड्रेसर पदमा भर्ना हुनुभएको थियो । उहाँले विरामीको घाउमा पट्टि मलहम लगाउनका साथै अन्य विरामीहरूलाई औषधी वितरण गर्ने काम पनि गर्नेहुनाले उहाँलाई कम्पाउण्डर भनी सम्बोधन गर्दथे । सबैसँग राम्रो बोली व्यवहार गर्ने जोसुकैको घरमा मानिस विरामी भएर बोलाइएका बखत बजार खलंगा नजिक गाउँ जहाँ पनि पुगी औषधोपचार गरी औषधीको मूल्यबाहेक मेहतनाना लिनु हुँदैनथियो ।

उहाँको घरको सामुन्ने माथिल्लो बजारमा श्रीकृष्ण मन्दिर निर्माण तथा भगवानको मूर्ति स्थापना भएपछि सधैं आजापूजा र बेलुकी कीर्तन तथा संक्रान्ति, एकादशी, पूर्णिमाका साथै अन्य पर्वका दिनहरूमा राति भजन पनि हुने र श्रीकृष्णाष्टमी, श्री रामनमवीका दिनमा अहोरात्र र अखण्ड कीर्तन पनि हुन्थ्यो ।

कहिलेकाहिँ धेरै मानिसहरू जम्मा भएको महफिलमा सरिक भई आफूले जानेका हास्यकला प्रदर्शन गर्न रुचाउने उहाँको स्वभाव भएकोले मन्दिरमा हुने सानोतिनो नाटक वा भजन कीर्तनमा आफ्नै घरभित्रबाट विभिन्न रंगीविरंगी पोशाक लगाई श्रृंगार गरी जोकरको रुपमा एक्कासी उपस्थित भई सबैलाई चकित पार्दै

'यस्य ज्ञान दया सिन्धो, लगा धक्का गिरा परा ।
से वृत्ता मछेयो ढिरा, हाँडी फुटी खिचडी विगडी ॥'

भनिसकेपछि रामायण महाभारतका श्लोकहरू मधुरवाणी र लयमा गाई अनि प्रहसनको कार्य शुरु गरी बेलाबेलामा गीत गाउने ठूलो धम्मर हल्लाई नाच्ने पनि गर्नुहुन्थ्यो । वृद्धावस्था भएको हुनाले स्वाँ स्वाँ गरी थकाई मारी गीत गाएको स्पष्टै थाहा हुन्थ्यो ।

एकपटक श्रीकृष्ण मन्दिरमा भएको साँस्कृतिक कार्यक्रममा उहाँ र

उहाँकै उमेरका दीर्घनारायण श्रेष्ठले दाउराको भारी पिठ्यूँमा बोकी विरहनी लयमा रुँदै गाएको गीत यस प्रकारको थियो, रचना कस्को हो थाहा थिएन :

कति न भयो कसरी गरुँ गुरानी ।
सारा शहरमा कोही लिँदैनन्,
मेरो यो दाउरानी कठिन भयो .....
केले किनु अब नून तमाखु
केले किनु खुर्सानी कठिन भयो .....

भिमफेदीमा सरुवा भई फर्किनुभएपछि उहाँले पालनपोषण गर्नुभएको आफ्नो जेठी सासू तीर्थ जानुभएको समयमा उहीँ परलोक हुनुभएकोले उहाँको आत्माको शान्तिको लागि उहाँ कै घरमा सप्ताह पनि लगाइदिनु भएको थियो र उहाँको स्मृतिमा उहाँकै सम्पत्तिबाट कम्पाउण्डरजीले दिपायलबाट सिलगढी जाने बाटोमा पर्ने चिसापानी भन्ने ठाउँमा पौवा बनाई पानी पिउने धारा समेत बनाइदिनु भएको थियो ।

धार्मिक प्रवृत्तिका व्यक्ति उहाँको घरमा सबै पूर्णिमाका दिनमा साना केटाकेटीबाहेक सबैजना ब्रत बसी साँझमा भगवानको पूजा हुन्थ्यो । सो पूजाका लागि उहाँले बजारदेखि निकै टाढा राँतोली गाउँबाट समेत झोलाभरीं फूल टिपी ल्याई माला गाँसी भगवानलाई चढाउने गर्नुहुन्थ्यो । कहिलेकाहिँ मुख्य पर्वका दिनमा आफ्नो घरमा पनि भजनकीर्तन गराउन छिमेकहरू र आफ्ना हितैषीहरूलाई बोलाउने र भजन कीर्तन सकिएपछि प्रशादका रुपमा फलफूलका साथै मोहनभोग (हलुवा) वितरण गर्नुहुन्थ्यो । उहाँको घरमा बनाइएको हलुवा मुखमा हाल्नासाथ चपाउनै नपर्नेगरी निलिन्थ्यो । त्यसैले होला उहाँले बनाउनुभएको हलुवा कम्पाउण्डरी हलुवाका नामले सिलगढीमा प्रख्यात थियो ।

श्रीकृष्ण मन्दिरमा चतुर्मासमा पं. सिद्धराज जोशीद्वारा पुराण लगाउने गरिँदा बिहान पं. लोकराज जोशी (उहाँका भतिजा) ले पारायण लगाउनु हुने र एकादशी र एकादशीका दिनबाहेक बेलुकी पं. सिद्धराज जोशीले पारायणको अर्थ लगाउनुहुन्थ्यो । सो अवसरमा मन्दिर नजिकका सबै मानिसहरू र बजारका अन्य गन्नेमान्ने व्यक्तिहरूको पनि उपस्थिति रहन्थ्यो ।

चतुर्मासाको एकादशीका दिनहरूमा राति मन्दिरमा भजन पनि गरिने हुनाले मनिरामजीले भजनकीर्तनमा रुची राख्ने छिमेकका इच्छुक व्यक्तिबाट

एक किलो घ्यू एक किलो चिनी दुई किलो गहुँको पिठो उठाई आफ्नो घरमा लगी बेलुकी उहींबाट मोहनभोग (हलुवा) तयार पारी परातमा राखी ल्याई भगवानको गाथमुनी राख्ने र कीर्तन सकिएपछि सो प्रशाद त्यहाँ जम्मा भएका महिला पुरुष, बालबालिकाहरूलाई वितरण गरिन्थ्यो । अनि महिला तथा केटाकेटीहरू धेरै रातिसम्म बस्न नसक्नेहरू आ-आफ्ना घरमा गइसकेपछि तल्लोबजार, माथिल्लोबजारका केही उस्तादहरूबाट विभिन्न भजन गीत रागहरू गाएको श्रवण गर्ने समेतको आधि रातसम्म जमघट भइरहन्थ्यो ।

छोराहरू सरकारी सेवामा काठमाडौंमा रहँदा उहीं घर बनाई बसेकाले वृद्ध मनिरामजी सपरिवार काठमाडौं जानुभयो । सो घरनजिक श्री पशुपतिनाथको मन्दिर हुनाले सकुन्जेलसम्म भगवानको दर्शनका लागि फूलहरू खोजी लगी जानुहुन्थ्यो । अशक्त भएपछि काठमाडौंमा उहाँको स्वर्गबास भयो । ■

कान्छा दाइ र सेती गंगाको तीप

सानै उमेरमा बाउको देहान्त भएको र जेठा दाजु लठेप्रो, महिला दाजु उदण्ड स्वभावको हुँदा अरुको लहैलहैमा लागेर लाहुरे हुन भारत पसेको, अभिभावकको नाममा बुढी आमा मात्र भएको हाम्रै कान्छा दाइ छिमेकी अरु केटाहरूसँगै भाषापाठशालामा पहिलो क्लासमा भर्ना भएपछि पढाईमा भन्दा खेंलमा बढी ध्यान दिने हुँदा पहिलो क्लासको जाँचै नदिई पाठशाला छाडी गुच्ची खेल्नतिर तन मन लगाउन लागे । २/४ जना आफूजस्तै गुच्ची खेल्नेहरूसँग दिनभर बिताउन लागे र पास पनि भए । गल्लीका ढुंगामा पेटीहरूमा (खोपी खेल्ने) पैसाका गुच्ची खेलेर दिनको २०/२५ पैसा पनि कमाउने भए । खेल्ने बानी हुनाले उनको हात धेरै सोझो थियो । र अप्ठ्यारो परेको ठाउँमा परेको पैसा सजिलैसँग घ्वाँई (पाँच पैसाको ढ्याक) ले ताकेर हानेपछि मार्न सक्दथे । पढाई छाडेपछि उनी बेलाबेलामा तलको गीत गाउँथे ।

'लिख्ते लिख्ते अँगुली टुटी, पढ्ते पढ्ते आँखी फुटी
आते नही क ख ग घ, भाते नही च छ ज झ ।'

सायद यो गीत उनको भारत पसेको दाजुले सिकाएको थियो कि ?

यसप्रकार उमेर चढ्दै जाँदा गुच्ची खेल्दाको समयमा अरुले गिज्याएको हुनाले सो खेल्ने कार्य छाडी गाउँबाट मुमफली खरिद गरी ल्याई भुटेर एक/एक पैसाको भाग लगाई मह-बदाम भनी बिक्री गर्दथे, भल्मा गाउँलेहरूले ल्याएको डोकाभरी आलु किनी उसिनी नाङ्लोमा एक/एक पैसाको भाग लगाई बिक्री गर्न लागे । अछ्रामको सोकट भन्ने गाउँ सिलगढी बजारबाट एक दिनको टाढा पर्दछ । त्यहाँबाट कुखुराका चल्लाहरू ल्याई बिक्री गर्दथे । एकपटक उनले नारी गाउँबाट माछ्राका सुकुटीका पुलाहरू किनेर ल्याई आफ्नो घरको पसलमा नाङ्लोमा राखी बिक्री गर्न लागेको देखी मैले दाजु यो माछ्रा कहाँबाट ल्याएको भनी सोध्दा उनले सेती नदीको पारी किनारा नारी गाउँबाट किनेर ल्याएको हुँ, त्यहाँ सेती नदी पानी भित्रैबाट काठहरू गाडी ठाडो तेर्सो काठको पुलजस्तो तीप बनाएको हुन्छ । र बीचबीचमा धेरै ठाउँमा माछ्रा मार्ने सोला थापेको हुन्छ । सोलाहरूमा धेरै माछ्रा पर्छन् । गाउँलेहरूले ती माछ्रा मारी सुकुटी बनाउँछन् । त्यहीँ बाट सुकुटी किनेर आउँदा सोही तीपबाट तरीआएको हुँ भनी

भनेकोले दिपायलमा सेती नदीको धेरै माथि पुल बनेको छ, तल पानीमै पुलजस्तो तीप बनेको छ भनी सुन्दा अचम्म लाग्यो। उनले तीप हेर्ने मन भए हिँड जाऊँ एक रात माछा खान पाइन्छ भने। म २००० सालमा सदरको जाँच प्रथम परीक्षा दिई पास भएपछि केही काम नपाई हल्लनपुरी भएर बसेको मान्छे हुनाले उनले भनेको दिनमा उनका पछि लागी एउटा पछ्यौरा काँधमा राखी एक रुपियाँ साथमा लिई हिँडे। गोदडा भन्ने गाउँमा पुगेपछि उनी एउटा घरमा गई दही छ भनी सोधे। घरधनीले छ भनेपछि एक मोहरको एक गाबु दही किनें। सिलभरको ठूलो कटौरामा दही खन्याउँदा गाबुजस्तो दही खनियो। पोखिएला जस्तो भएकोले तुरुन्त अर्को कटौरा थापी दुवै कटौरामा बराबर पारी दुईजनाले खायौं र त्यहाँबाट बरमाण्डको ओरालो हुँदै दाङ भन्ने ठाउँमा पुग्यौं। त्यहाँ वरको ठूलो बोट ४/५ ओटा जडाहरू माथिबाट झरी तल जमिनमा गाडिएका केही मोटा थिए। त्यहाँबाट हिँडी सेती नदीमा नाउमा बस्यौं। माझीले तारेर पारी पुऱ्याइदिए। नाउमा नदी तर्दा आनन्द लाग्यो। पछि केहीबेरमै नारी गाउँमा पुग्यौं। कान्छा दाइले आफ्नो चिनाजानीको मान्छेको घरमा पुऱ्यायो। साँझ परिसकेको थियो। घरभित्र पस्नासाथ माछा सुकाको बास आयो। एकातिर आगो बालिरहेको थियो, भाडमाथि तमाम माछाका छिडाहरू सुकाइरहेका थिए। एकछिनपछि बाक्लो रोटी र पकाएको माछाको झोल भरिएको कटौरा हाम्रा अगाडि राखिदिए। कटौरामा २/३ माछाका टुक्रा थिए। खाना खायौं र त्यही अर्को कुनामा सुत्यौं। बिहान सबेरै उठेर गंगाको बगरतिर लाग्यौं। नियमित काम सकी गंगा किनारामा पुगी हातमुख धोई डेरामा फर्क्यौं। कान्छादाइ घरघरमा गएर सुकाएका माछाका पुला किन्न लागे। एक घरबाट १२ छिडाको एक पुलाको ४ आनाको दरले २/३ पुला माछा किनें। यसरी १२/१३ पुला माछा किन्न ५/६ घरमा गए। सबै घरमा माछा सुकाएको बास आउँथ्यो। म उनको पछिपछि लागेको थिएँ। मैले पनि आठ आनाको दुई पुला माछा किनेर डेरामा फर्क्यौं। भात पाकिसकेको रहेछ। भातको साथमा आला माछा पकाएको टुक्रा झोलको कटौरा थियो। सो खाई पिई हिँड्दा कान्छा दाइको १२/१३ पुला माछाको पछ्यौरामा पारेको पोका निकै ठूलो हुनाले मैले उनीबाट २ पुला माछा मागी ४ पुलाको सानो पोको बनाएँ। पछ्यौराका गाँठो पारेको छेऊ तालुमा पारी पिठ्यूँमा पोको राखी हिँड्यौं। गंगामा समथल परी ठूलो मानिसको कम्मरसम्मको पानीमा धेरैजसो

फाँट परेको ठाउँमा तीप बनाएका रहेछन् । तीपको छेउ किनारामा बसिहेर्दा ४/५ हातको फरकमा पानी बगेको ४/५ हातकै मोटो खुटी परेको काठहरू अलिकति तेर्सो पारी पानीमा केही गाडी मानिसले बोक्न सक्ने ठूला ठूला ढुंगाले च्यापेका र सो खुटामाथि तेर्सो पारी मोटै दलिनजस्तै लामो काठहरू हाली बाँधेका तथा पानी बग्ने तर्फबाट दुई ढाई इन्चिजति मोटो, ७/८ इन्चिजति लम्वा काठलाई पछाडि ढल्के पारी पानीमुनी जमिनमा केही गाडी ढुंगा पत्थरले नै च्यापेका देखिन्थे । ती काठहरूमा औंला सम्म छिर्न सक्नेगरी पारीबाटै धेरै तेर्सा काठहरूलाई बाँधी ३/४ हातको फरकमा एक फुटजति गोलाकार परेको प्वाल राखी त्यसमा ४ फिट जति लामो बाँसको मसिनो सरालाई बुनेर एकातर्फबाट सबै सुरा मिलाई बाँधेका र अर्कोतर्फ एक फुट गोलाई भएको बीचमा दुई ढाई इन्चि जति प्वाल राखी साना साना सराले वरिपरीबाट बुनी तलबाट आएको माछा छिर्नसक्ने तर फर्कन नसक्नेगरी तयार पारिएको सोला उक्त पानी छिर्ने प्वालको मुख पारी अड्काएका रहेछन् । यसरी तयार पारिएको तीप हेर्दा नदीमै तेर्सो पारी बनाएको काठैकाठको पुलजस्तो देखिने रहेछ । हामी त्यसै तीपबाट तरी पारी पुग्नुपर्ने भयो र म डराउन लागेकोले त्यही तीपमा बसेका एकजना मान्छेले मेरो गुन्टा बोकी आफू अगाडि उभिएर तेर्सो काठमा टेक्दै हिँडे पनि म त्यसरी हिँड्न नसक्नेहुँदा तेर्सो पारेको काठमा बसी छर्के पारी गाडिएको काठमा समाई अलिअलि गर्दै सरी वारी पुगें । कान्छादाइ पिठ्यूँमा गुन्टा बोकी छर्के परेको काठको सहारा लिई उभिएरै वारी पुगे । पारीबाट वारीसम्म सो तीपमा पचासौं सोला देखिए । केही खाली थिए भने केहीमा माछा परी भित्रभित्रै घुमिरहेको देखिन्थ्यो । गाउँलेहरू कसैको दुई, कसैको तीन सम्म सोला रहेछन् । सोलामा धेरैजसो पोको (असला) र थोरै मात्र रहु माछा परेका रहेछन् । असला माछाको साँचो चलेका दिनमा सोला भरी भरी माछा पर्छन् रे । हिउँदका कुनै दिनमा धेरै माछाहरू एकसाथ आउने दिनलाई माछाको साँचो चलेको भन्ने रहेछन् । यसरी सेती नदीमा बनेको तीप तरिसकेपछि आफ्नो आफ्नो गुण्टो पिठ्यूँमा राखी टाउकामा सो पोकाको गाँठो छेउ घुसारी हिँड्यौं । दाड्को फाँट हिँडिसके पछि ब्रह्माण्डको डाँडाको उकालोमा विस्तारै विस्तारै उक्लिई दिउँसोको गर्मीमा उकालो चढ्दा मलाई धेरै थकाई लाग्यो । पसिना आयो ! प्यास धेरै लागेकोले पानी पिउन मन लाग्यो । तर बीचमा कतै खोला धारा थिएन । हिँड्दै जाँदा कान्छादाइले एउटा खोल्सामा पानीको खाल देखेपछि उ त्यहाँ पानीको सानो

खाल छ, तर पानी धमिलो छ । पिउनु भए जा भनी देखाए । दुई दिनअगाडि आकाशबाट पानी परेकोले सो खोल्सामा पानी केही जमेको रहेछ । मलाई धेरै प्यास लागेकोले म त्यतैतिर लागें । र दुई हातको पसियोमा पानी भरी एक साँसले पिएँ । पानी गाई भैंसीको गोबर गहुँत मिसिएको जस्तो गन्ध लाग्यो । र फेरि पानी पिउने इच्छा भएन । उकालो सकिएपछि उही गोदरा गाउँ आइपुग्यो । जाँदाखेरी दही खाएको घरमा पुगी दही किनेर कटौरा भरीभरी दही खाई सानो खोला तरी रणखणको उकालो लाग्यौं । नागबेली परेको उकालोमा १५/२० मिनेटजति उक्लेर टुप्पामा पुगेपछि कान्छादाइले हेर एक राते माछाको टाउको खानुपर्छ, खुब मजा आउँछ भनी आफ्नो गुण्टो खोली ठूलै टाउको भएको माछाको छिडाबाट टाउको झिँके । मैले पनि आफ्नो गुण्टाबाट एउटा माछाको टाउको झिकेर दुवैजनाले सो टाउको खायौं । माछाको टाउकोको तेल भएपट्टिको भाग चपाउँदा खुबै मीठो लाग्यो । त्यसपछि आ-आफ्नो गुण्टा शिरमा राखी हिँड्यौं । रातुली गाउँ सुनारटोल हुँदै ठुटे पिपल नपुग्दै ठाडो गल्लीबाट ओर्लिई मारमालीको घरपर्खालमा चढी कान्छादाइ आफ्नो घरमा गए, म तेर्सो गल्ली भएर आफ्नो घरमा पुगें ।

साँझको बेला थियो, बुवाले देखेपछि माछा खाएर आएको मोटाएको जस्तो छ । त्यो पोकाको के हो ? माछा हो ? तेरो कमाई हो कि ? कतै पैसा चोरेर माछा किनेर ल्याएको त होइन ? भनी व्यङ्ग्य गर्नुभयो । वास्तवमा कान्छादाइसँग तीप हेर्न जानेकुरा भएपछि आमासँग म कान्छादाइसँग नारीमा जान्छु, एक रुपैयाँ देऊ भनेर मागें । आमाले मसँग छैन भन्नु भएर मैले त्यसरी नै एक रुपैयाँको जुगाड गरेको थिएँ ।

घरको दैनीय स्थिति भएकोले बाजेकै पालामा बनेको फुसको छाना भएको घर छाउन नसकी भत्किएर गयो । यसैबीच, आमाको पनि देहान्त भएकोले २००५ सालमा कान्छादाइ बम्बई तिर लागे । उहीँ नोकरी, घरजम गरी ३ छोरा, एक छोरीको बाबुले सबै छोराछोरीहरूको विवाह गरे । सबैले आफ्ना आफ्नो खेत किनी बम्बईमा बसेका छन् । बुढो भएपनि नजिक मन्दिरमा गई सेवा गर्ने कान्छा दाइ केही वर्षअगाडि आफ्नो जन्मथलोमा आई श्री शैलेश्वरी मन्दिरमा रू. ५००१ चन्दा दिई आफ्नो हिस्साको घरेडी दाजुका छोरा भतिजा नाता पर्नेलाई बकसपत्र दिई बम्बईमा फर्कनुभयो । हाल सो घरेडीमा निजका भतिजाले पक्की घर बनाई बसेका छन् । ■

सहर माछा

बर्षातको मौसम साउन भाद्र महिनामा सेती नदीमा बाढी आएको समयमा ठूला माछाहरू नदीको ठूलो धार धमिलो पानीमा खेल्न, घुम्न असजिलो हुने र माटोले आँखा छोपिने हुनाले होला नदीको किनाराको थोरै पानी भएको ठाउँमा आई खेल्ने रहेछन्। ठूला माछा मार्न जानेकाहरूले नदीको किनारा तलमाथि चक्कर लगाई माछाको पत्ता लागेमा बल्छी थापी वा जालमा पारी लाठीले पिटेर मारी नदीबाहिर ल्याउने र धेरै मानिस भई मारेमा गाउँ मै लगी काटी भाग लगाई बाडिचुडी खाने दुई तीन चार जनाले मात्र माछा मारेमा समयले भ्याएमा उसै दिन र नभए भोलिपल्ट बिहान माछाको घाँटी दुवैतिर चक्का परेको ठाउँमा बलियो रस्सीले बाँधी रस्सीको भाग काँधमा पारी अगाडिबाट रस्सी तानी लैजाँदा ५ फिटभन्दा लामो माछाको पुच्छरतिरको केही भाग जमिनमा लत्रने रहेछ। त्यसरी एकजनाले माछा बोकी तानी लैजाँदा निज थाकेपछि अर्कोले पालो दिएर दिपायलबाट दुई कोष टाढा पर्ने सिलगढी बजारमा बिक्रीको लागि ल्याउने माछा केही पहेंलो रंग जस्तो देखिने केराको थामजति मोटो बनेलको टाउको जस्तो टाउको भएको शहर माछा ल्याएको देखेपछि साना केटाहरू उ शहर माछा भनी माछाको पछाडिपट्टि झुम्मिन्थे। माछा खान इच्छुक बजारियाहरूले निज माछा ल्याउनेसँग मोलतोल गरी मोल मिलेपछि एउटाको घरमा लगी बञ्चरोले काटी टुक्रा टुक्रा बनाई तुलामा जोखी धार्नी, बिसौलीको हिसाबले पैसा उठाई माछा बिक्री गर्न आउनेको हातमा पैसा दिई आ-आफ्नो घरमा लगी स-साना टुक्रा बनाई पकाई खान्थे। माछा काट्ने ठाउँमा २/२ इन्चिजति गोलाई भएको माछाको कत्लाको थुप्रो रहन्थ्यो। २००५/००६ सालमा माछामय सिलगढी बजार भएपछि सिलगढीमा शहर माछा बिक्री गर्न ल्याएको देखिएन (सम्झनाका साहेबहरू र म भन्ने पुस्तिकको पानो ७५ मा)।

बि.सं. २००० सालभन्दा अघि सिलगढी बजारमा कुनै वस्तु तौल गर्ने तराजु काँटा, शेर, आधाशेर, पाउका ढकहरू थिएनन् र सरकारी निसाना लागेको फलामे डण्डी तुलाबाट तोल गरी लिने दिने चलन थियो। तुलाको नमुना यस प्रकारको थियो : सवा फुटजति लामो फलामको डण्डी एकातिर दुई सुताजति मोटो, छेउको प्वालमा सानो नाड्लोको तीनतिरबाट बाँधिएको रस्सीलाई माथि

लगी एउटै बनाई बाँध्ने, अर्को सानो समाउने रस्सी पनि सोही ठाउँ छेउमा बाँध्ने। रस्सी बाँधिएको ठाउँदेखि अलि पर उक्त डण्डीमा पहिलो घेरा, सो घेरादेखि अलि पर अलि मोटो भएको डण्डीमा अर्को घेरा र त्यहादेखि अलि पर अर्को घेरा त्यसपछि उक्त डण्डी अलिअलि मोटो पारी छेउतिर चारपाटा पछि बाटुलो डल्लो भएको र सरकारी निसाना लागेको हुन्थ्यो। तौल गर्दा माथि समाउने रस्सीदेखि परको घेरामा सो रस्सी पुऱ्याई मालवस्तु नाङ्लोमा राखी तौल गरेमा एक धारनी, दोस्रो घेरामा सो रस्सी लगी तल वस्तु राखी तौल गरेमा बिसौली र तेस्रो घेरामा रस्सी राखी तल नाङ्गलोमा मालवस्तु राखी तौल गरेमा आधा बिसौलीको हिसाब हुन्थ्यो। एक धारनीको तौल ३ शेर भनिन्थ्यो। समाउने रस्सी घेराको बीचमा पारेमा ठीक तौल हुने र अलिकति वरपर भएमा तौलमा घटिबढी पनि हुनसक्थ्यो।

श्री शैलेश्वरी मन्दिरतिरबाट तल हेर्दा दक्षिणतिरबाट उत्तर बाहिनी भएर बगेकी सेती नदीको निलो पानी बासुधारा भएर पूर्वतिर बगेको देखिन्थ्यो। हिउँदका दिनमा कुनै दिन सेती नदी सुसाएको उक्त ठाउँसमेतबाट सुनिन्थ्यो र सो सुन्नेहरूले आज गंगा सुसाएको छ, को मर्छ भनी भन्दथे। साउन भदौको भेलमा गंगा सुसाएको सधैं सुनिइरहन्थ्यो। ■

बम पड्काई बाम माछा मार्ने

२०१३ साल फागुन महिनातिर कुनै शुक्रबारका दिनमा अड्डा छुट्टी भएपछि हरिनारायणको होटेलमा गई अरनी खाँदाका बेला आनन्ददाइले भोलि शनिबारको छुट्टी छ सेती नदीको बाटुलाखान गई बाम माछा मार्न जाऔं, मसँग माछा मार्ने बम छ भनी भनेकाले शनिबारका दिन आनन्ददाइ, वृजदाइ र म होटेलको हरिनारायण र अरु एक/दुई जना समेत बिहानको खाना खाई १० बजेतिर बारुदखाना गौरीकुण्ड हुँदै खोलैखोला भएर बालासैन, बाटुलाखान, धोवीखोला र सेती नदीको दोभानमा पुग्यौं। सम्सानघाट हुनाले जतातते मुर्दा लैजाँदाको फालेको बाठ, मुर्दा पोलेको ठाउँ, मुर्दा गाडेको ठाउँ देखिन्थ्यो। आनन्ददाइसँग एउटा डिटोनेटर रहेछ। उनले बगरबाट एउटा केही बाक्लो एक वित्ताजति लामो ढुंगा खोजे। सो ढुंगामा डिटोनेटर बाँध्न कपडा चाहिने हुँदा बगरमा फालिएको बाठको कपडा उठाई उक्त ढुंगामा डेटोनेटर र तारलाई मिलाई सो बाठको कपडाले बलियोसँग बेरी बाँधी एक हात जति तार बाहिर

पारी गंगाको रह परेको ठाउँतिर गयौं। आनन्ददाइले म बम पड्काउँछु। माछा मऱ्यो कि ? छोप्न सके छोप्नु। तिमीहरू तलतिर जाऊ भने। हामी सो ठाउँबाट केही तल नदीको किनार छेउतर्फ गयौं। उनले सलाई कोरी तार सल्काई एक वित्ताजति तार बाँकी भएपछि नदीमा फाले। केही छिनमा नै बम पड्क्यो। पानीको मुस्लो केही माथिसम्म आयो। तर माछा मरी पल्टिई पानीमा बगेको देखिएन। केही माछाहरू पानीभित्रै तलतल गएको जस्तो देखियो। एक पनि माछा मरेनन्। उनले भने बम अलि ढिला पड्क्यो। बम जमिनमा पर्नासाथ खान माछाहरू आएका थिए, बारुदको गन्ध पाई तुरुन्त भागेर गए। पछि मात्र बम पड्किएकोले माछा नमरेको हो भने। आज खाली हात फर्किनु पऱ्यो। नदीमा नुहाएर जाउँ भनेपछि नुहाई बेलुकीतिर उकालोमा स्वाँ स्वाँ गर्दै आ-आफ्ना घर फर्कियौं।

सेती नदी दिपायलतिरबाट पूर्व बग्दै धोवी खोला मिल्ने ठाउँ नदी कुनामा गहिरो रह परेपछि केही दक्षिणतिर बगेकी छन्। सम्सानघाट हुनाले सधैंजसो मुर्दा ल्याई जलाउने र गाड्ने समेत हुनाले हो कि त्यो रहमा बाम माछाहरूको बासस्थान जस्तो रहेछ। त्यहाँ नजिकमा माछा मार्ने बालासैनका मानिसहरूले हिउँदका दिनमा २/३ दिन बिराएर गौरीकुण्ड बारुदखाना हुँदै ठाडो गल्लीबाट बजारमा बाम माछा बिक्री गर्न ल्याउँथे। तीन इन्चीको पाइपजति मोटो तीन चार फिटजति लामो सानो अजिंगरजस्तो ३/४ धार्नी तौल भएको बाम माछा ५/६ जना मिलेर धार्नी बिसौलीको भाग लगाई त्यसको मोल तिरी किनी खान्थे। बाम माछाको छालामा धेरै बोसो लागेको हुन्थ्यो। मानिसहरू मुर्दा खान पाएकोले धेरै मोटो भएको होला भनी भन्दथे। ■

राना गाउँको भुरा माछा

सेती नदीका विभिन्न ठाउँमा विभिन्न जातका माछाहरू पाइन्छन्। रानागाउँको सेती नदीतिर नदीको मूलधार उत्तरतिर मुर्छत्तिएर बगेको र रानागाउँतर्फ केही परसम्म समथल भई बगेको हुँदा त्यहाँ ठूला माछाहरू आवतजावत नगर्ने र सानो सानो भुरा माछाहरू मात्र प्रशस्त मात्रामा पाइने हुनाले त्यहाँका मानिसहरूले भुरा माछाहरू मारी बाँसको मसिनो सिंकामा एउटामा ४/५ माछाहरूको टाउको पुच्छरलाई घुमाई तयार पारेका धेरै

मसिना माछाका छिडाहरू आगोको भाडमा सुकाई १२/१२ छिडाको पुला बनाई बजारमा बिक्री गर्न ल्याउँथे । भुरा माछाको साचो चलेका बेला सबै गाउँलेहरूले पुलाका पुला भुरा माछाका डोका बोकी सिलगढी बजारमा बिक्री गर्न ल्याएको देखिन्थे । माछाको मूल्य एक आनाको एक पुला पर्दथ्यो ।

त्यस्तै, साइलीगाढमा पाइने केही ठूला माछाहरू पनि एउटा अलि मोटो बाँसको सिंकामा टाउको पुच्छर घुमाई छिडाएको २ वा ३ माछा घुसारेको माछाको पुलाहरू पनि साइडतिरबाट कसैकसैले बिक्री गर्न ल्याउँथे । साइलगाढको माछाहरू अरू माछाहरूभन्दा मीठो हुन्थ्यो । ■

माछा मार्ने ढोइयो

२००७ सालको क्रान्तिपछि फागुन महिनाको अन्त्यतिर दिपायलमा कुनै कामविशेषले गएको समयमा २००४ सालमा घरेलु काम सिक्न काठमाडौंका जाँदाको साथी मुखिया दलबहादुर माझीसँग भेट भयो र आज मेरो घर जाउँ भनी भने । बेलुकीको खाना खाई उनकै घरमा सुतें । भोलिपल्ट बिहानको खाना खाइसकेपछि दिउँसो सेती गंगाका ढोइयोमा माछा मारेको हेर्न जाउँ भने । म पनि त्यहाँ गएँ । तल नदीमा ओर्लेपछि बासुधारादेखि केही तल गंगाको भंगालो छुट्टिई दुई भागमा बगेको रहेछ । यतापट्टिको सानो धार पार गरी बगरमा जान आग्रह गरे । म पौडी खेल्न नजान्ने हुनाले गंगाको पारी जान सक्दिन भनें । उनले म लैजान्छु भनी आ-आफ्नो कमिज फुकाली धोती कम्मरमा बेरी मलाई पनि लुगा फुकाल्न लगाए । एक हातले मेरो हात जोडले समाई अर्को हातले लामो लठ्ठी पानीमा टेक्दै चाँडो चाँडो पाइला टेक्दै पानीमा हिँडे । उनले जोड्ले मेरो हात समाएकाले खुट्टा पानीमा टेकेपनि पानीमा खुट्टा बगेकोजस्तो हुन्थ्यो । यसरी करीब लठारिंदै उनको साथमा गंगाको वीच बगरमा पुगियो । त्यहाँ २/३ जना मान्छेहरू माछा मार्न बसेका रहेछन् । र माछा जालमा परेपछि बगरमै आफूले पत्थर फाली बनाएको खाल्डोमा माछा हाली माथिबाट पत्थरले नै छोपी राख्ने गरेका रहेछन् । दलबहादुरजीले पनि आफूले जाल हानी छोपेको माछा आफूले बनाएको खाडलमा हालेका रहेछन् ।

माछाहरू तलबाट आउँदा किनारतिरबाट नआई बीच भागबाट आउने हुँदा भंगालो छुट्टिएको ठाउँमा बीचको किनाराबाट आउनुपर्ने हुनाले माछा

मार्नेहरूले भंगालो छुटेको ठाउँमा दोहोरै केही परसम्म काँडा भएको झिग्रा केही बाङ्गो पारी हाली पानीले नबगाउने गरी पत्थरले च्यापेकाले तलतिरबाट आएका माछा काँडाबाट पार हुन नसकी पानीमा उफ्रने र सो थाहा पाएपछि त्यहाँ बसेकाहरूले जाल हानी माछा छोप्ने रहेछन् । बगरमा बसेकै बेला एकातिरबाट पानीमा माछा उफ्रेको थाहा पाई उनीहरूले जाल हानी माछा पक्री आफ्नो खाल्डोमा हालेको पनि देखियो। दलबहादुरजीले आफ्नो खाडलमा हालेको माछा झिकी भारी काँधमा झुण्ड्याई पहिलेजस्तै मेरो हात पक्री मलाई पानीमा लछार्दै वारी ल्याएपछि उनकै घरमा गई सो माछा पकाएको झोल टुक्रासँगै रोटी खाई राति त्यही सुतें र भोलिपल्ट विहान पनि खाना खाई उनीबाट बिदा भई आफ्नो घरतर्फको बाटो समातें । ■

कुनै दिन माछाले हामीलाई खान्छ

२०१९ साल फागुन महिनाको कुरा हो । बैतडी माल अड्डाका हाकिमले भोलि शनिबारको दिनमा महाकाली र चौलानी नदीको संगम भएको स्थान सेरा भन्ने ठाउँमा वनभोजको आयोजना गरेको छु । बिहान उहीँ खाना खानेगरी आउनुहोला भनी मलाई (म त्यसबेलामा बैतडी गौंडामा तहरिर खरिदार पदमा कार्य गर्दैथिएँ ।) र बैतडी अदालतका हाकिमलाई पनि निमन्त्रणा गरी जानुभो । मेरो र अदालतको हाकिमको डेरा एउटै घरको दुई खण्डमा अलग अलग थियो ।

भोलिपल्ट बिहान ८ बजेतिर म तयार भई पछाडिपट्टिको डेरामा उहाँलाई बोलाउन गएँ । उहाँ तयार भइसक्नु भएको रहेछ । र सिढीबाट तल ओर्लिइ आउनलाग्दा ठेकको पेटीबाट उछटिनुभयो । लौ साइत बिग्रीयो भनी फर्की घरभित्र पसी केही बेरमा आउनुभयो । दुईजना सँगै आयौं । बजारका २/४ जना मानिसहरू पनि तयार भएका रहेछन् । सबैजना कुराकानी गर्दै सेरातिर लाग्यौं । करिब डेढ घण्टापछि सेरा गाउँमा पुगियो र माल अड्डाका हाकिमले भन्नुभएको ठाउँ पत्ता लगाई उहीँ पुग्यौं । एकातिर खाना तयार हुँदै रहेछ, माल अड्डाका हाकिम र हामीहरू एकछिन साथै बसी गफसफ गर्न लाग्यौं । खाना तयार भएपछि हामी सबैलाई खाना खान बोलाइयो । हामीहरूलाई बस्न बोलाइएको ठाउँमा बस्यौं । बाहुनले भातको थाल, दालको कटौरा हाम्रो अगाडि राख्यो । एकजनाले एक/एक ठूलो कटौरामा दही र अर्को एकजनाले आलो माछा पकाइएको टुक्रा र झोल भएको सिलभरको ठूलो कटौरा राखे । इच्छा हुनेले माछाको टुक्रा पनि थपी थपी खाए । बेलाबेलामा चौलानी नदीमा बम पड्काइएको आवाज आउँथ्यो । खाना खाइसकेको एकछिन पछि मालका हाकिमले माछा मारेको हेर्न जाउँ भनी चौलानी नदीको माथितिर लैजानुभयो । हामीहरू पुगेपछि १०/१५ मिनेटको फरकमा चौलानी नदीमा बम पड्काउन लगाउनुभयो । ५/७ जनाले माछा छोपेका र २/४ माछा पानीमा तलतल बगेको देखिन्थ्यो । बम पड्काई माछा मारेको रमिता हेर्न एकठाउँमा बसेको बेलामा अदालतका हाकिमले जलचर ऐन लागु भएको छ, अदालतको हाकिम नै यसरी माछा मार्ने काममा दर्शक भई बस्नुपर्‍यो भनी खिन्न भएर बोल्नु

भएन । हामीहरू २/३ घण्टा त्यहीँ बस्यौं । अनि आफ्नो डेरामा फर्कन तरखरमा लागेका बेला मालका हाकिमले सबैलाई एक/दुई एक/दुई माछा दिलाउनुभयो । मालका हाकिमबाट बिदा भई हामी बाटो लाग्यौं । हाम्रो भागको माछा साथमा गएका केटाहरूले बोकेका थिए । उकालो बाटोमा ठाउँ ठाउँमा थकाई मार्दै हिँड्दै थियौं । एकठाउँमा निकैबेर थकाई मार्दाको समयमा साथमा गएका मास्टरजीले आज हामीले माछा खायौं, कुनै दिन माछाले हामीलाई खान्छ भनी भनेका थिए । अदालतका हाकिमले महाकाली नदीको माछाले यहाँकै मान्छेलाई खाला, हामीलाई सेती नदीको माछाले खाला भनी भन्नुहुँदा मास्टरजीले के थाहा कहाँको मान्छेलाई कहाँको माछाले खान्छ ? भनी भनेका थिए । त्यसको केही बेरपछि हामीहरू सदरमुकाम आ-आफ्नो डेरामा आइपुग्यौं । साँझ परिसकेको थियो । मेरो डेरामा पियनले खाना बनाइसकेको रहेछ र मेरो भागमा परेको दुई माछा सुकुटी बनाउन लगाई तयार भएको खाना खाएँ । अदालतका हाकिमका परिवार हुनाले उहाँको भागमा परेको माछाको तरकारी बनाई सबै परिवारले खाएछन् । भोलिपल्ट बिहान एकजनाले खसीको एक किलो मासु ल्याएको देखी राम्रो मासु छ भनी पोल्न लगाई अदालतका हाकिमले खानुभएछ । राम्रो मासु छानी पोल्न लगाई खाई अरु मासु राम्रोसँग पकाउनु, म अड्डामा हाजिर भई एकछिनपछि आउँछु भनी अदालतमा जानु भएछ । र दिउँसो डेरामा फर्की तयार भएको मासु भात खाई फेरि अदालतमा जानुभयो । मासु धेरै बोसो भएको रहेछ । उहाँले राम्रोसँग पचाउन सक्नुभएन । र पेट काट्यो भनी पाँच बज्नुभन्दा पहिलेनै डेरामा फर्किनुभएछ । राति २/४ पटक दिसा लागेछ । त्यसको भोलिपल्ट बेलाबेलामा दिसा लागिरहेकोले एकछिन अदालतमा हाजिर भई घरमा फर्किनुभयो । खाना केही खाएपनि तुरुन्तै दिसा हुनलाग्यो । र बैतडीका हेल्थ असिस्टेण्टलाई बोलाई उपचार गराउने कार्य शुरु भयो । हेल्थ असिस्टेण्टले मसँग चाहिँदो औषधि नभएकाले उहाँले भनेअनुसारको औषधि भारत पिथौरागढबाट मगाइयो । र अदालतका हाकिम सिकिस्त विरामी हुनुभएको खबर पाई बडाहाकिम ज्यू पनि आउनुभई सल्लाह दिनुहुन्थ्यो । विरामी धेरै कमजोर भएकाले स्लाइन दिने काम भयो । एकपल्ट हेल्थ असिस्टेण्टकै हातबाट स्लाइन फुत्कियो । त्यस दिन शुक्रबार परेको थियो । बैतडी जेलका जेलर त्यहीँ बस्नुभएको थियो । राति १० बजेतिर म त्यहाँबाट फर्की ओल्लो कोठामा आफ्नो बिछौनामा कमिज पाइन्ट

नफुकाली त्यसै पल्टिएँ । राति २ बजेतिर जेलरले खरदारसाहेब भनी मलाई उठाउनुभयो । उता कोठामा हाकिमसाहेबकी श्रीमतीले मेरो राजा भनी चिच्याएको सुनें । म तुरुन्तै त्यहाँ पुग्दा हाकिमजीको अन्तिम अवस्था पुगिसकेको रहेछ । हामी ४/५ जनाले उहाँलाई उठाई सिढीबाट तल आँगनमा पुऱ्यायौं । एकछिनपछि उहाँको प्राण गयो ।

अघिल्लो शनिबार वनभोज खान महाकाली र चौलानी नदीको संगम भएको ठाउँ नजिकै सेरामा गएका थियौं । पछिल्लो शनिबार हाकिमज्यूको लाशलाई काँधमा राखी उही संगममा पुऱ्याई दाहसंस्कार गरी फर्केको कुरा कहिलेकाहीँ सम्झना आइरहन्छ । ■

बाघले सातो लिँदा राजा महेन्द्रको मुटु थर्कियो

राजा महेन्द्र बडामहारानी रत्नराज्यलक्ष्मीदेवी सहित २०१९ सालमा महाकाली अञ्चल कञ्चनपुर आउनुभई इमलिया भन्ने ठाउँमा क्याम्प खडा गरी केही दिन बाघको शिकार गरी जानुभएको र २०२१ सालमा पनि कञ्चनपुरकै अन्डैया भन्ने क्याम्पमा बसी बाघ शिकार गर्नुभएको थियो । २०२१ सालमा म बैतडी गणको असिस्टेण्ट पदमा कामु मुकर्रर भएको थिएँ । महाकाली अञ्चलाधीश पद्मचन्द्र श्रेष्ठज्यूले मलाई सवारीमा काम गर्न काजमा झिकाउनुभएको थियो । मैले धेरैजसो दिउँसोको समय सवारी क्याम्पमा नै रहनुपर्दथ्यो । एक दिन म सवारी क्याम्पमै रहेको बेला बेलुकीतिर दुई हात्तीमा मारिएको एक एक बाघ लादिएर क्याम्पको बाहिर ल्याइपुऱ्याई बाघलाई जमिनमा झारियो । एकछिनपछि राजारानीहरू मोटरबाट त्यहाँ पुग्नुभयो । दुवैजना सर्ट र ब्रिचिस शिकारी पोशाकमा हुनुहुन्थ्यो । दुवै बाघलाई सँगै तेर्स्याई फुटले नापी गर्ने काम भयो । ठूलो पञ्जा भएको मोटो बाघ राजाले मार्नुभएको रहेछ । अर्को सानो पञ्जा भएको बाघ बडामहारानीले मार्नुभएको रहेछ । राजाबाट मारिएको बाघ १२ फुट एक दुई इन्चीजति लामो र रानीबाट मारिएको बाघ सोभन्दा दुई इञ्चजति बढी लामो रहेछ । बाघको नापी भइसकेपछि राजारानीहरू खित्का छोडी हाँस्नुभयो । सो हाँस्नाका कारण यस्तो रहेछ :

बाघको शिकारको लागि अघिल्लै दिन जंगलमा दुई ठाउँमा साना साना राँगाहरू बाँधिएकामा बाघले दुवै ठाउँको राँगा मारी खाएको देखियो । बाघहरू शिकार मारेर पेटभरी खाएपछि हिँड्न अप्ठ्यारो पर्ने हुनाले वा बाँकी सिनो पछि खानेगरी त्यहीँ नजिकै आरामगरी सुत्ने रहेछन् । शिकारीहरूले सो पत्ता लगाई दुवै ठाउँमा मचान तयार पारी सवारी क्याम्पमा खबर पुऱ्याएपछि दिउँसो राजारानीहरूत्यहाँ पुग्नुभयो । शिकारीहरूले ती बाघहरूले जमिनमा टेकेको पञ्जा नाप गरिँदा एउटा पञ्जाको पाइला ठूलो र अर्कोको केही सानो रहेछ । ठूलो पाइला भएतिरको बाघ राजाले र सानो पाइला भएको बाघ रानीले मार्ने ठेकाना गरी राजारानीहरू अलग अलग मचानमा चढी सकेपछि घेराउ गर्न वरीपरीका हात्तीहरूलाई माउतेहरूले कराउँदै बढाउँदै मचानतर्फ बाघलाई पुऱ्याएपछि

राजा र रानीबाट अलग अलग समयमा बन्दुकका गोलीद्वारा बाघहरू मारिएका थिए ।

जनरल केशर शमशेरले कुनै समयमा पूर्वतर्फ दौडाहा, शिकारमा जाँदा १३ फूट दुई इञ्चको लामो बाघ मार्नुभएको रहेछ । सोभन्दा ठूलो बाघ मार्ने राजा महेन्द्रको इरादा हुँदा बेलाबेलामा बाघ शिकारको योजना हुँदोरहेछ । (एक क्लासका कुनै राणाहरूको छोरा जन्मिएमा जन्मेदेखि जरनेल पदवी पाउने र उनलाई गर्भे जरनेल पनि भन्दा रहेछन् । जरनेलहरूमध्ये सबैभन्दा जेठाले नेपालको उत्तरतर्फको थोरै जिल्लाहरूको प्रशासन चलाउन उत्तरतर्फका कमाण्डिङ्ग जरनल (उ.क.ज.) र उनीभन्दा जेठाले दक्षिणतर्फको केही बढी जिल्लाको प्रशासन चलाउनलाई (द.क.ज) तथा सोभन्दा बढी जिल्ला पूर्वतर्फका प्रशासकलाई (पु.क.ज.) अनि पश्चिमतर्फको धेरै जिल्लाको प्रशासकले (प.क.ज.)को दर्जा पाउँथे । प.क.ज.लाई लाठसाहेब भनिन्थ्यो । उहाँदेखि बढी उमेरका कंमाण्डर इन चिफ र सबैभन्दा जेठाले श्री ३ महाराजको पदवी पाउनुहुन्थ्यो । श्री ३ जुद्धशमशेरका पालामा केशर शमशेर (द.क.ज.) हुनुभएको समयमा पूर्वी तराई जिल्लाहरूको भ्रमणमा जानुहुँदा गोग्राह बजारलाई विराटनगर भन्ने नामाकरण गराइएको र सोही भ्रमणको समयमा उक्त बाघ मारिएको थियो होला ।)

एकदिन साँझमा अञ्चलाधीशज्यू सवारी क्याम्पमा जानलाग्नु हुँदा हामीहरू ३/४ जना पनि गाडीमा बस्यौं । गाडी उहाँले नै हाँक्नुभएको थियो । जंगल मोडमा पाटेबाघ देखियो र उहाँले गाडी रोक्नुभयो । बाघ पछाडि नफर्की सरासर अगाडि गई एक ठाउँबाट बाटो छोडी जंगलतिर लागेपछि उहाँले बिस्तारै गाडी हाँकी बाघ जंगलतिर लागेको ठाउँबाट रेसले गाडी लैजानुभएको थियो । यसरी २०२४ सालमा पनि कञ्चनपुरको जंगलमा शिकार गर्ने कार्यक्रम भई राजा रानीहरू भ्रमणमा आउनुभएकोमा वनदेवी रिसाएको हो कि किन हो सवारी क्याम्पभित्रै कसैको हातबाट बन्दुक चली गोली ढुंगामा लागी छर्रा उछिट्टिएर बडामहारानीको शरीरमा लागेपछि शिकारको कार्यक्रम बिचैमा छाडी राजा रानीहरू काठमाडौंमा फिर्ता जानुभएको थियो । २०२६ सालमा कञ्चनपुरकै हरैया भन्ने ठाउँमा बाघ शिकारका लागि क्याम्प खडा गरिएको थियो । काठमाडौं, चितवन, बर्दिया तथा कञ्चनपुरकै गरी ३३ वटा हात्तीहरू शिकारका लागि तयार गरिएका थिए । निश्चित मितिमा

श्री ५ महेन्द्र प्लेनद्वारा कञ्चनपुर मजगाउँ एयरपार्टमा सुरक्षा सैनिकका साथ उत्रनुभयो । त्यहाँ नजिकका गन्नेमान्ने व्यक्ति, सर्वसाधारण र महाकाली अञ्चलाधीश, सबै कार्यालयका प्रमुखहरू, कर्मचारीहरू समेतले राजाका स्वागत अभिवादन गरेका थिए। स्वागतको कार्यक्रमपछि राजा महेन्द्र मोटरद्वारा सवारी क्याम्पमा जानुभयो । राजाका पछिपछि सैनिक प्रहरीका गाडीहरू अञ्चलाधीशज्यूका र अरु कार्यालयका प्रमुखका गाडीहरू पनि पछि लागेका थिए । राजा महेन्द्र सवारी क्याम्पमा १५/२० मिनेट जलपानका लागि आराम गर्नुभएको समयमा शिकारीले बाघ घेरामा परेको खबर सैनिक अधिकृतद्वारा राजाका कानमा पुऱ्याएपछि शिकारका लागि पाल्नुभएका राजालाई हतार भई तत्कालै तोकिएको मचानतर्फ जानुभयो । मचानमा चढिसकेपछि वरिपरी रहेका हात्तीहरू बढाउँदै माउतेहरू कराउँदै रहे। ढड्डीहरूको बीचमा बाटोजस्तो परेको ठाउँमा माथिबाट कोरा कपडा पिँजाएमा त्यसको मुनिबाट बाघ नजाने हुँनाले ठाउँ ठाउँमा पहिले नै कोरा कपडा राखिएको थियो भन्ने सुनिएको थियो। बाघ मचाननजिकै पुगेपछि राजाले माथिबाट बाँघमाथि गोली चलाउँदा बाघ सोझैं माथि उफ्रिएछ। सुरक्षाका लागि मचानमा साथै रहेका सुरक्षाकर्मीले तुरुन्तै बाघको टाउकोमा गोली प्रहार गरी सो बाघ मारियो। बाघ उफ्रिँदाको डरले र गोली चलाउँदा बन्दुकको ढक्यानले गर्दा राजा तुरुन्तै बेहोसजस्तै हुनुभएकोमा मचानमा चढेका सुरक्षाकर्मीले नजिकै रहेका अन्य सुरक्षाकर्मीहरूलाई सो जानकारी दिएपछि तुरुन्तै क्याम्पबाट डाक्टरलाई लगी मचानमा चढाई आवश्यकताअनुसार औषधि सेवन आदि गराई राजाले बोल्ननहुने सल्ला दिई आफू पनि उहीँ रहे । यो खबर क्याम्पबाट आवाद्वारा बडामहारानी कहाँ पुऱ्याइयो र सम्बन्धितहरूको सल्लाहले ह्वील चेयर, सिढी, आवश्यक सामानसहित सोही राति दुई बजेतिर प्लेनद्वारा बडामहारानी मजगाउँ एयरपोर्टमा उत्रिनुभयो । प्लेन आउँदैछ, एयरपोर्टमा बत्तीको व्यवस्था मिलाउनु भन्ने सूचना पाएपछि सैनिक, प्रहरी, प्रशासनले एयरपोर्टको चारैतिर मोटर, ट्र्याक्टरहरू लगी लाइट बाली प्लेट उत्रन सजिलो हुने व्यवस्था मिलाइसकेका थिए । प्लेनबाट उत्रनुभएकी बडामहारानी उक्त सामानसहित मोटरबाट सोझै मचान भएको ठाउँमा पुग्नुभयो। मचानमा चढ्ने काठको सिढी छँदैथियो । प्लेनबाट ल्याइएको सिढीसमेत जडान गरी आवश्यक सुरक्षाको सहयोगले राजालाई ह्वीलचेयरमा राखी विस्तारै सुरक्षितसाथ तल जमिनमा ओरालियो । यस

काममा रस्सीको पनि प्रयोग भएको थियो कि ? तल जमिनमा सिढी समाउनेमा सेती अञ्चलाधीश, लिलाराज विष्ट हुनुहुँदो रहेछ र राजाले उहाँलाई देखेपछि तिमी यहाँ छौ र भनी सोध्नु हुँदा सरकार म सेती अञ्चल धनगढीमा छु । सरकारको सवारी हुने थाहा पाएर यहाँ आएको हुँ भनी विन्ती गर्नुभएको छ । त्यसबेलामा सवारी काममा खटिएका जनरलले महाकाली अञ्चलाधीश खोई भनेर खोज्नुभएको रहेछ । तर महाकाली अञ्चलाधीश गणेशमान अमात्य सवारी क्याम्पबाटै महेन्द्रनगर फर्कनुभएकोले त्यहाँ देखिनुभएन । यो कुरा राजाको कानमा पनि पुऱ्याइयो । राजाको हृदय आक्रमण भएपछि त्यहाँ सवारी क्याम्पमा खटिएका जनरलले तुरुन्तै सो मचान नजिकै सुविधा हुने ठाउँमा अस्थायी क्याम्प खडा गराईसक्नु भएको थियो । तोकिएको क्याम्पबाट आवश्यक सामानहरू मगाइसक्नु भएको थियो र ह्वील चेयरमै राजालाई सो अस्थायी क्याम्पमा लगियो । साथमा बडामहारानी पनि हुनुहुन्थ्यो ।

भोलिपल्ट राजाको उपचारका लागि भारतीय राष्ट्रपति चढ्नु हुने फोकर फ्रयाण्डशिप प्लेनमा राष्ट्रपतिका निजी डाक्टरहरू मजगाउँ एयरपोर्टमा उत्रिई सवारी क्याम्पमा जानुभयो र उपचार शुरु भयो । सोही दिन उक्त प्लेन फर्कने समयमा प्लेन मोडी स्टार्ट गरी उडाउन खोज्दा जमिन अलि कच्ची हुनाले दुवैतिरको पाङ्ग्रा जमिनमा धसियो । सो प्लेन धसिएको ठाउँबाट माथि उठाउन भारत बरेली सैनिक क्याम्पबाट पुमा हेलिकोप्टर सामान लिई आएको थियो । र सजिलैसँग नउठेकाले निजहरूका सल्लाहअनुसार मैले नजिकको सःमिलबाट उनीहरूले भनेअनुसारको नाप साइजका काठहरू ट्रेक्टर ट्रली भरी ल्याई तयार पारी राखें ।

दोस्रो दिनको बिहान १० बजेदेखि लेबरद्वारा प्लेनको दुवै पाङ्ग्राको अगाडि ६/७ फिट जति लामो जमिन खोदी धसिएको पाङ्ग्रा बराबर खाल्डो तयार भइसकेपछि पाइलटले प्लेनको पंखाको एकातिरको इञ्जन चालु गरी दुवैतिरको दुई पहिया मध्ये एउटा पहियालाई दुई इञ्ची उठाएपछि तलबाट एउटा दुई इञ्ची बाक्लो तखता घुसाइयो । अनि इञ्जिन बन्द गरिँदा केही आवाजसँगै सो पहिया काठमाथि बसेको स्पष्ट थाहा हुन्थ्यो । त्यसपछि सो सँगैको अर्को पहिया उठाउन फेरि इञ्जन चालु भयो र सो पहिया पनि पहिलेजतिकै उठेपछि त्यसमा पनि सोही नापका तखता छिराई पहियालाई सो तखतामाथि राखियो । अनि दोस्रोतिर धसिएको पहियालाई उठाउन अर्को

इञ्जन चालु गरियो । यसप्रकारले दुई तिरको चार पहियालाई दुई इञ्चजति माथि उठाउन ४ पटक इञ्जन चालु गरी ४ वटा तखता छिराउनुपर्‍यो र माथि जमिनसम्म पुर्‍याउन ५०/६० तखताहरू पहियामुनि छिराउन २ दिन लाग्यो । अनि उक्त खोदिएको खाडलमा पत्थरहरू भरी त्यसमाथि बालुवा हाली दुरमुठले बेसरी ठोकिसकेपछि अगाडि दुईवटा ट्रकमा डोरी लगाई प्लेनको दुईतिर बाँधी इञ्जिन पनि चालु गरी विस्तारै विस्तारै प्लेनलाई खाल्डोभन्दा वर जमिनमा पुर्‍याइयो । र प्लेन उठाउन हेलिकोप्टरद्वारा ल्याइएको सामानहरू सबै प्लेनमा राखी सो कार्यमा मद्दत गर्न खटिएका सबैसँग पाइलटले हात मिलाई मलाई दिल्ली घुम्न जानेभए बस भनी भनेका थिए । 'यसभन्दा एक दुई दिन अगाडि बरेलीबाट आएको हेलिकोप्टरमा एयरपोर्टमा सहयोग गर्ने हामी तीन चारजनालाई हेलिकोप्टरमा चढाई १५/२० मिनेटजति महेन्द्रनगर वरपरको दृष्य हेर्न घुमाएका थिए ।' सवारी क्याम्पमा खटिएका मानिस मनपरी गर्न मनासिव नभएकोले म जाँदैन भनी भनेपछि पाइलटले हात मिलाई बाई बाई भनी हात हल्लाउँदै प्लेनमा चढेर ढोका बन्द गरी प्लेन उडाई भारत दिल्लीतर्फ लगे । उपचारका लागि आउनुभएका डाक्टरहरू सोही प्लेनमा जानुभयो ।

माथि उल्लेख भएबमोजिमको काम गर्दा पाइलटहरू आराम गर्न प्लेनमा नै चढ्दथे । र मलाई पनि आराम गर्न उहीँ बोलाउँथे । पाइलटहरूको खानपिनको व्यवस्था सैनिक मेजर र मैले नै गर्नु पर्दथ्यो । उनीहरूका लागि भ्याट ६९ रक्सीका बोतल र कुखुराका रोष्टको पोका सवारी क्याम्पबाटै आउथ्यो । एउटा पाइलट रोष्टभन्दा कुखुराको अण्डाको अमलेट खान मनपराउने हुनाले उनको लागि छुट्टै अमलेट बनाउन लगाउनु पर्दथ्यो ।

सवारी क्याम्पमा कुनै चिजको आवश्यक भएमा अञ्चलाधीश कार्यालयमा आवाद्वारा खबर आउँथ्यो र मागअनुसारको मालवस्तुहरू तुरुन्तै मोटरद्वारा क्याम्पमा पठाउनु पर्दथ्यो । क्याम्पमा बस्नेहरूलाई मच्छरले धेरै सताएछ र क्याम्पबाट ओडोमस क्रिम खोजी तुरुन्त ल्याउनु भित्रको लागि हो भन्ने आवाज सूचना आएपछि महेन्द्रनगरमा सो नपाइने हुनाले मोटरमा भारत वनबासा, टनकपुर, खटिमाका बजार घुम्दा नपाइएकोले बरेली बजारमा जानुपर्‍यो, त्यहाँ पाइयो । यति उती भन्ने संख्या थाहा नभएकोले एक दर्जन ओडोमस खरिद गरी ल्याई उतैबाट मजगाउँ एयरपोर्ट हुँदै सवारी क्याम्पमा लगी बुझाएँ । फर्कंदा साँझ ढल्किसकेको थियो । बीचजंगलमा पुगेपछि केही पर जंगली हात्ती देखियो

र ड्राइभरले गाडीलाई उपरखावर जमिनमा तुरुन्तै मोडी सवारी क्याम्पमै फर्काए । राति ९ बजेतिर सैनिक प्रहरीका गाडीहरूसँगै हामी पनि फर्क्यौं ।

सवारीको लागि पहिले बनाइएको क्याम्प खुला राम्रो ठाउँमा थियो । अकस्मात अस्थायी क्याम्प खडा गर्नुपरेकोले घना जंगलभित्रको केही रूखहरू काटी अलि खुल्लाजस्तो बनाइएको थियो र क्याम्पको वरीपरि केही टाढा ६/७ हात्तीहरू राखिएको थियो । चितवन बर्दियाबाट लगिएका हात्तीहरू फिर्ता भइसकेका थिए । क्याम्पनजिक राखिएको हात्तीहरूमध्ये ४/५ मादा हात्ती थिए । जंगली मुकुना (जवान हात्ती) मादा हात्ती देखिएपछि बराबर त्यहाँ आउन खोज्नेरहेछ । एकदिन दिउँसो म कामविशेषले क्याम्पमा गएको थिएँ । क्याम्पदेखि एक ढेड किलोमिटर टाढा पूर्वतिर देखिएको मुकुना जंगलको भित्रभित्रैबाट उत्तिखेरै पश्चिमतर्फ देखियो । र मादा हात्ती बाँधिरहेको ठाउँमा आउन लाग्यो । त्यो दृश्य देखाउन क्याम्पभित्र बडामहारानीकहाँ खबर पुऱ्याइएछ र बडामहारानी पनि आउनुभयो । मुकुना हात्तीनीहरूतर्फ आउनुपर्दा सबैले हा हा गरी ताली बजाई धपाउन खोजे । मुकुना सुँड उचाली झम्टनको लागि दुई तीन पाइला अगाडि बढेपछि बेदप्रसाद नामको नर हात्ती उतैतिर बढाउदा मुकुना भागेर गयो । अर्को नर हात्तीको नाम मोतीप्रसाद मादा हात्तीहरूको नाम प्रेमकली, चम्पाकली, पवनकली आदि थियो कि जस्तो लाग्छ ।

काठमाडौंबाट दिनहुँ आवश्यक सामानहरू लिएर एउटा डकोटा प्लेन मजगाउँ एयरपोर्टमा आइरहन्थ्यो । सवारी काममा मसँग खटिएका एकजना सहायकले पाइलटसँग कुरा मिलाई काठमाडौं गए । अञ्चलाधीशजीले थाहा पाउनुभयो र भोलिपल्ट सवारी क्याम्पमा खटिएको मानिस यसरी मनमानी गरी उड्ने भनी रिसाउनु भएको थियो ।

श्री ५ महेन्द्रलाई केही आराम लागेपछि कैलालीको टीकापुर उद्यानको आरोग्य सदनमा पुऱ्याउन हेलिकोप्टर उत्रियो । सवारी क्याम्पदेखि हेलिकोप्टरको ढोकासम्म काठका तखताहरू बराबर मिलाइएको थियो । ह्वील चियरमा राजालाई विस्तारै क्याम्पबाहिर ल्याइयो । बिदाईको लागि त्यहाँ उपस्थित भएका अञ्चलाधीशज्यूसमेत थोरै कर्मचारीहरूलाई हेरी यसपालि यस्तै भयो भन्नुभएको थियो । अनि ह्वील चियर हेलिकोप्टरतिर बढ्यो । राजा रानीहरू बस्नुभएपछि हेलिकोप्टर उड्यो ।

महाकाली अञ्चलाधीश गणेशमान अमात्यलाई सवारी क्याम्पमा डेरा

गरी बस्न सल्लाह दिइएको थियो । उहाँलाई एसिडिटीको बेराम रहेछ । र दुई तीन घण्टाको फरकमा केही खानैपर्ने भएकोले पहिलो दिन सवारी क्याम्पवाटै आफ्नो निवासमा फर्कनुभएको थियो । राजालाई बाघले सातो लिएको भोलिपल्टदेखि आफ्नो डेरा सवारी क्याम्पमा बनाउनु भएपनि पहिले गल्ती भइसकेको हुनाले सवारी फिरेपछि अञ्चलाधीशज्यू खारेजमा पर्नुभयो ।

टीकापुरको आरोग्य सदनमा केही हप्ता आराम गरी त्यहाँबाट चितवनको दियालो बंगलामा राजालाई पुऱ्याउन कार्यक्रम भएको बुझिएको थियो ।

श्री ५ महेन्द्रले सो दियालो बंगला विशेष आराम गर्नको लागि बनाउन लगाउनुभएको हो । २०२८ साल आसाढ महिनामा आराम गर्नको लागि त्यहाँ जानुभएकोमा बाघले सातो लिएको करीब डेढ बर्षपछि सोही बंगलामा उहाँको स्वर्गबास भयो ।

(२०२१ सालमा सवारी काजमा खटिई आएको सम्बन्धमा मैले २०६२ सालमा प्रकाशित गरेको जिन्दगीका कोरा तानाहरू नामक पुस्तकको 'अतीतका कथाव्यथा' लेखमा पनि केही कुरा उल्लेख गरेको छु ।) ■

जि.पं.हरूको लेखापरीक्षणमा जाँदा

सेती अञ्चलाधीश कार्यालयको अडिटर पदमा कामु मुकर्रर भइरहेको समय २०२७ साल भाद्र महिनामा डोटी, अछाम, बझाङ, बाजुराका जिल्ला पञ्चायतहरूको गतसालको आम्दानी खर्चको लेखापरीक्षण गर्न मलाई खटाइएको थियो । साथमा सहायक अडिटर र एकजना पियन पनि खटिएका थिए । बर्षातका समय भएकोले डोटीतिर जाने साथी खोजेकोमा प्रहरीका सई सूर्यध्वज खाण २/३ जना प्रहरीका साथ डोटी जान तयार हुनुभएको रहेछ र हामीसँगै धनगढीबाट बुढीतोला मस्केगाउँ हुँदै तेस्रो दिन जोरायल प्रहरी चौकीमा पुगी बास बस्यौं । सो चौकीमा भाषापाठशालामा सँगै पढ्दा र फुटबल खेल्दाखेरीको साथी गोरे भन्ने नन्दकुमार श्रेष्ठ प्रहरी जवानमा कार्यरत रहेछन् । उनले सईलाई म पनि डोटी जान्छु भनेर सोझै भन्न नसकी मलाई काजमा डोटी सदरमुकाममा जान अनुमतिका लागि भनिदिनुपर्‍यो भनी भनेकाले मैले ठानेदारलाई सो कुराको सिफारिस गरी उहाँको मञ्जुरी भएपछि हामी सबैजना सिलगढीतिर लाग्यौं । नन्दकुमारजीले डोलजात्रा नजिक आइरहेकोले सो जात्रामा डोटी जान इच्छा गरेका रहेछन् । डोटी सिलगढीमा पुगेको तेस्रो चौथो दिनमा श्रीकृष्णाष्टमीको भोलिपल्ट नवमीका दिनमा श्रीकृष्णको रथयात्रा भएकोले निज नन्दकुमार बाबाजीजस्तो भई श्रृंगार गरी हातमा ठूलो चिम्टा लिई रथयात्रासँगै भएको भजनमा कम्वलको घुघुरा बजाई गीत गाउनुका साथै तबलाका तालमा उफ्री उफ्री नाचेका थिए । पहिलेपहिले उनका बुवा बाबुलाल श्रेष्ठ पनि यसरी नै रथ यात्रामा नाच्ने गर्दथे । राति ७/८ बजेसम्ममा श्रीकृष्णको रथ मन्दिरमा भित्र्याएपछि सबै भक्तजनहरूका साथै उनी पनि आफ्नो घरमा गएका थिए ।

रथयात्राको दिनभन्दा पहिले नै जिल्ला पञ्चायत डोटीको लेखापरीक्षण कार्य सकिएकाले हामी तीनजना बझाङ्गतर्फ जाने बाटो लाग्यौं । पहिलो दिन साइलदराको कुनै गाउँमा बास बसी भोलिपल्ट त्यहाँबाट हिँड्यौं । नजिकै साइलीगाड आइपुग्यो । जंघार तर्न खोलामा धेरै पानी र समथर ठाउँ नभएकोले मूलबाटो नजिकै तुइन हालेको रहेछ । मानिसहरू त्यही तुइनबाट वारपार गरिरहेको देख्यौं । हामीले पनि त्यसरी नै सो खोला तर्नु पर्नेभयो । खोलाको

वारीपारी ठूला ठूला ढुंगामा बाबियोको धेरै बाटेको मोटो पिंग खेल्न हालिने मोटो डोरीजस्तै दुई तीन डोरीलाई फेरि बाँटेर बाँधेको रहेछ । मानिसलाई चढाउन तीनवटा बलियो काठलाई तीन कुना पारी नफुट्कने गरी बलियो डोरीले बाँधेका सो तीनकुनाको माथि चुच्चो माथिबाट पहिलेजस्तै बाँधियो र मोटो रस्सीलाई बाटुलो पारी रिङजस्तै बनाई उक्त वारीपारी बाँधिएको रस्सीका बीचमा छिराएका रहेछन् । सो तीनकुनेको तल मानिस बस्ने काठको बीचमा मोटो रस्सीले बाँधी वारीपारी बस्ने अरु मानिसले उक्त काठमा समाई मानिस बसिसकेपछि एकापट्टिकाले सो रस्सी विस्तारै छाड्दा ओरालोमा सजिलैसँग जाने र बीचमा पुगेपछि उतापट्टिकाले तान्नुपर्दा मानिसको भारले गर्दा धेरै बल लगाउनुपर्ने रहेछ । त्यसबेलामा सो तर्ने मानिस बसेको लकडी माथि पर्ने हुनाले उल्टो फर्केको जस्तो देखिने रहेछ । त्यसरी मेरा साथीहरू पारी गइसकेपछि म पनि सो तीनकुने काठमा बलियोसँग समाई बसें । वारीबाट छोड्दा ओरालोमा सररर परी गइयो । बीचमा पुगेपछि खोलाको मुछेटो परेकोले पानीका छिटाहरू शरीरमा पर्न लाग्यो । पारीकाले बिस्तारै तान्दा उत्तानो उल्टो जस्तो परेकाले उल्टै आँखाले वेगले बगेको खोलाको पानी देखियो र पारी पुगियो । यसरी सँगैमा लगेको झोलाहरू पनि ती तार्नेहरूले तारी ल्याइदिए । उनीहरूलाई त्यहाँ चलेको भाउले मेहनताना दिई बझाडतिरको बाटो समायौं ।

त्यहाँबाट उकालै उकालो सकारको लेकको धारसम्म पुग्न दुई घण्टाभन्दा बढी समय लाग्यो । धारमा पुग्नुभन्दा केही वरै सानो भालु देखियो । अगाडि हिँड्ने मानिसले भालु देखेपछि ऊ भालु भनेपछि रोकियो । हामी पनि रोकियौं । हाम्रा साथमा अरु २/३ जना बटुवाहरू पनि थिए । धेरै मानिस देखेकाले होला, भालु सरासर एकापट्टि गयो । हामीहरू उक्लिई धार नाघी ओरालो लागी थलारा कुच गाउँतिर पुगी बास बस्यौं । त्यसको भोलिपल्ट त्यहाँबाट हिँडी थलारीगाड जंघार तरी सेती गंगाको किनार मालुमेला भन्ने ठाउँमा पुग्यौं । त्यहाँ गंगाको वारीपारी धेरै लामो फलामे पुलजस्तो बाबियाको पहिले भनेजस्तै मोटो बलियो माथि दोहोरै समाउन हुने रस्सी र तल तीन चार रस्सीमा दाउराका टुक्राहरू बाँधी मानिसले टेक्न हुने झोलुङ्गे पुल बनाएका रहेछन् । वारीपारी दुवैतिर तीन चार मोटा खम्बाहरू जमिनभित्र गाडी त्यसैमा ती रस्सीहरू बाँधेका रहेछन् । हामी त्यहाँ पुग्ने समयमा वारीपारी धेरै मानिसहरू

थिए । पारीबाट भैंसीलाई नदीवारी ल्याउने कुरा रहेछ । एकजनाले पारीबाट एउटा रस्सी आफ्नो हातमा बाँधी झोलुङ्गेबाट वारी ल्याए र एकातिरका मानिसहरूको हातमा दिएपछि उतापट्टिकाले भैंसीको दुवै सिंगमा सोही रस्सीको अर्को छेउ बाँधी धेरैजना भएर नदीमा घचेरी हेले । गंगाको सिरानतिर पानी परेकोले होला नदीमा बाढी आएको थियो । वारीका मानिसहरूले जोरजोरले सो रस्सी तान्दै गरे । नदीको भेलले गर्दा भैंसी कहिले घोप्टो, कहिले उतानो परी बग्दैथियो । वारीका धेरै मानिसले तान्दै गरेकाले झोलुङ्गो हालेको भन्दा धेरै तल मात्र भैंसीलाई किनारामा पुऱ्याई नदीबाट बाहिर हिँडाई ल्याई आराम गर्न त्यहीँ राखे ।

त्यसपछि हामीहरू झोलुङ्गे पुलबाट पारी जान तयार भयौं । मभन्दा अगाडि सहायक अडिटर गए । उनले पछाडि कमिज कोटको कठालोभित्र छाताको डण्डी घुसाएका थिए । उनी विस्तारै विस्तारै पारी पुगे । अनि मेरो पालो आयो । मैले आफ्नो छातालाई बायाँ हातको पाखुरातिर झुण्ड्याएको थिएँ । झोलुङ्गेमा चढी ४/५ पाइला हिँडेपछि केही ओरालो परेको हुनाले हातको छाता तल खस्कियो । मैले दाहिने हातले सो छाता माथि सार्न रस्सीबाट हात छोड्दा वारीका सबै मानिसले एकैसाथ हात नछोड भनी कराएकाले म तुरुन्तै सम्हली आफ्नो दाहिने हात डोरीतिर पुऱ्याई विस्तारै विस्तार झोलुङ्गे तरी वारी आएँ । वारी बसेकाहरूले सो दृश्य हेरिरहेका र पारीका मानिस कराएको आवाज पनि सुनेका रहेछन् क्यारे । उनीहरूले भनेअनुसार दुवै हात एकातिर परेको भए एउटै डोरीमा भार परी मानिस नदीमा खस्न सक्छ भनी भनेको सुन्दा मुटु झन थर्केर आयो । मैले नजानेर त्यस्तो मुर्ख्याई काम गरेछु । धन्न बाचियो भनी सन्तोषको साँस फेरें । त्यहाँ पनि जगात तिरी हामीहरू हिँडी बावलीगाडको सानो झोलुङ्गे पुल तरी चैनपुर सदरमुकाम पुग्यौं । भोलिपल्ट बिहान ८/९ बजेतिर सिलगढीबाट मलाई पठाएको आवा पत्रमा तपाईको साथी नन्दकुमार श्रेष्ठको सन्निपातको बेरामले परलोक भयो भन्ने उल्लेख भएको दुःखदायी खबर थाहा पाउँदा मैले साथीलाई सिलगढीमा आउन किन सिफारिस गरेहुला भनी धेरै पश्चाताप लाग्यो ।

बझाङ्ग, बाजुरा र अछाम जिल्ला पञ्चायतहरूको लेखापरीक्षण गरी डोटीमा फर्केपछि बुझ्दा डोलजात्राको दिनमा धेरै रक्सी खाई उफ्रेको र राति दहीसँग श्रीमतीले बनाएको रोटी, तरकारी अचार खाएकाले कुवत परी सन्निपातको ज्वरो आई एक दुई दिनभित्रमै उनको मृत्यु भएको रहेछ । कहिलेकाहीँ उनका छोरालाई देख्दा उही कुराको याद आउँछ र नरमाइलो लाग्छ । ■

प्लेनबाट चामल खसाल्ने कार्य

२०२७/०२८ सालमा सेती अञ्चलका पहाडी जिल्लाहरूमा खाद्यान्नको साह्रै अभाव भएकोले प्लेनद्वारा चामल खसाल्न डकोटा प्लेन धनगढीमा उतारिएको थियो । सो प्लेनमा पाइलट किङ्ग नामको अमेरिकी र अर्का हेनरी हेन्स भन्ने व्यक्ति थिए । सेती अञ्चलाधीश कार्यालयबाट सो कार्यको जिम्मा मलाई दिइएको थियो । बझाङ्ग, बाजुरा, अछाम जिल्लाहरूमा कमसेकम एक/एक हजार मन चामल खसाल्नु पर्ने थियो । त्यसका लागि निज पाइलटका सल्लाअनुसार एक मन चामललाई डबल बोरामा हाली ढिलो गरी मुख बन्द गर्नुपर्ने हुनाले चन्दन नाथ मिलबाट चामल लिँदा मिललाई चाहिने बोरा उपलब्ध गराई माथि लेखिएबमोजिम एक/एक मनका चामलका बोरा तयार गर्न लगाई आवश्यकताअनुसार एयरपोर्टमा ल्याइने व्यवस्था मिलाइयो । निज पाइलटका साथमा चामल खसाल्न अनुभवी एकजना सुवेदार, ५/६ जना नेपाली सेनाका जवानहरू पनि काठमाडौंबाट आएका थिए । जिल्लामा चामल खसाल्ने अघिल्लो दिनमा सो खसालिने ठाउँमा प्रहरी राखी यो टाइममा आगो बाली धुँवाको मुस्लो देखाउने भनी आवाद्वारा जानकारी गराइएको थियो । र सो दिनको बिहान ८ बजेतिर प्लेनको ढोका झिकी चामलका ५०/६० बोराहरू राख्न लगाई एकजना सुवेदार, ६/७ जना जवानहरू प्लेनमा चढिसकेपछि चामल खसाल्ने ठाउँ देखाउन मलाई पनि प्लेनमा चढ्न लगाई पाइलटले प्लेन उडाए र पहिले बझाङ्गमा चामल खसाउने ठाउँ देखाउन भने । मैले २००९ सालमा बझाङ्ग जाँदा तामाखानीभन्दा माथि बान्नीचौरको मेला लाग्ने ठाउँ देखेको र २०२७ सालमा जिल्ला पञ्चायतको लेखापरीक्षण गर्न जाँदा पनि सो ठाउँ देखेकाले सेती नदी पारी उकालो तामाखानी हेर्दै बान्नीचौरमा धुँवा र प्रहरीलाई देखी पाइलटलाई ऊ त्यही ठाउँ हो भनी देखाएँ । पाइलटले प्लेनमा रातो बत्ती बाली चक्कर लगाउँदै गर्दा जवानहरूले ढोकाको छेउमै डबल गरी बेरिएका चामलका पाँच पाँच हो वा छ छ को लाइन बनाए । चामल खसाल्ने ठाउँभन्दा धेरै वरबाट प्लेनमा सिटी बजेपछि उक्त चामलका दुई चाङमा खुट्टा लगाई बसेका दुई जवानले जोरले चामल खसाले । खसाल्ने ठाउँभन्दा पनि केही पर चामलका बोराहरू लडेको देखियो । प्लेनमा सिटी

बजाउने समयमा पाइलटले प्लेनलाई सो ठाउँको जमिनको थोरै माथिबाट प्लेन उडाएका थिए। त्यसबेलामा किङ्ग पाइलटको नाङ्गो टाउकोबाट पसिनाको थोपाहरू निस्केको देखिएको थियो। म पाइटल किंगको पछाडि उभिएको थिएँ। यसरी ४/५ फेरा प्लेन घुमाई घुमाई चामल खसालिएको थियो। एकपटक उक्त खसालिएको एउटा बोरा प्लेनको पुच्छरमा अड्किएछ र प्लेन केही ढल्कियो। अनि कम्मरमा रस्सी बाँधी मुखमा ठूलो अर्कै किसिमको चश्मा लगाई सुवेदार त्यहीँ छेउमै राखिएको ७/८ हात लामो बाँस समाई ढोकाबाट बाहिर आधार शरीर निकाली बाँसले सो अड्किएको चामलको बोरा झारी भित्र पसेका थिए।

चामल खसाल्ने ठाउँको सम्बन्धमा जिल्ला कार्यालय बझाङलाई पहिले नै आवाद्वारा सोधनी गर्दा सदरमुकाम चैनपुरदेखि अन्दाजी ७/८ कोष टाढा बान्नीचौर भन्ने ठाउँ बताएकाले सो ठाउँमा चामल खसालिएको हो। त्यसैगरी जिल्ला कार्यालय बाजुराले सदरमुकाम टाँटेभन्दा माथि चौरमा खसाल्ने भनेकाले मैले २०२७ सालमा सो ठाउँ देखेकाले माथि लेखेबमोजिम बाजुरामा चामल खसाल्ने दिनमा ठाउँ देखाउन गएको थिएँ। र टाँटे गाउँको माथि चौरमा उडेको र प्रहरीलाई देखेपछि पाइलटलाई सो ठाउँ देखाएँ। त्यहाँ दुईवटा रुख रहेछ र पाइलटलाई सो रुख कटाउन लगाउनुपर्‍यो भनेकाले मैले प्लेनभित्रबाटै कागजमा रुख कटाउने कुरा लेखी मेरा बहिनी ज्वाइँ नवराज श्रेष्ठ जिल्ला पञ्चायतमा एकाउण्टेन्ट पदमा रहनुभएका हुँदा सिडियोसाहबलाई यो कुराको जानकारी दिनुहोला भनी ज्वाइँका नाममा चिठी लेखी चामलकै बोरामा बाँधी तल झार्न लगाएको थिएँ। त्यस दिन केही असजिलो गरी पाइलटले चामल खसाल्न लगाएपनि दोस्रो दिन चामल खसाल्न जाँदा सो रुखहरू काटिसकेको देखिएको थियो।

अछाममा चामल खसाल्ने ठाउँ मंगलसेन भनी जिल्ला कार्यालयले जानकारी दिएको हुनाले मंगलसेनमा चामल खसाल्दा उकालो ठाउँ परेकाले चामलका बोराहरू सबै प्याट्ट प्याट्ट फुटी एउटा बोरा पनि साबुद नदेखिएकोले यहाँ हुँदैन अर्को ठाउँ देखाउ भनी पाइलटले भनेकाले मैले बयलपाटा स्कूलतर्फ चामल खसाल्न प्लेन उतै उडाउन लगाएर स्कूलनजिक चौरमा चामल खसाल्दा केही ओरालो परेको हुनाले चामलको बोराहरू लडिबडी गर्दै गएको देखिन्थ्यो र बाँकी चामल पाइलटले त्यहीँ खसाले।

यही बीचमा प्लेनको इन्धन सकिन लागेकाले खाली ड्रमहरू राखी इन्धन भरी ल्याउन पाइलटसँगै भैरहवा एयरपोर्टमा पनि गएको थिएँ । अर्कोपटकमा सिलगढीका एकजना चिनजानका मानिसले पाइलटलाई भनेर सित्तैमा भैरहवा एयरपोर्टमा पठाइदिएको थिएँ । चामल खसालिने ठाउँ देखाइसकेकाले मैले बराबर जानु पर्दैनथियो तापनि एकदुई पटक आज पहाडमा हिउँ परेको दृश्य राम्रो छ हेर्न जाउँ भनी लगेकाले प्लेनमा घुम्न गएको थिएँ ।

धनगढी एयरपोर्टमा प्लेनको सुरक्षा र प्लेनका साथमा आएका पाइलट र सुवेदार, अन्य जवानहरूको बस्न र खानपिनको व्यवस्था बोराडाँडी ब्यारेकबाटै भएको थियो ।

यसरी पहाडका बझाङ्ग, बाजुरा, अछाम जिल्लाहरूमा पठाउनुपर्ने चामल खसाल्न करीब महिनादिन जति लागेको थियो । र काम सफल भएपछि प्लेनको झिकेको ढोका जडान गरी सबै सामानहरू प्लेनमा राखी सुवेदार तथा साथै आएका जवानहरू बसिसकेपछि पाइलट किंगले मलाई काठमाडौं जाऊँ भनी भने । मैले अहिले उडेर जाउँ फर्कदा गुडेर आउनुपर्छ । म जाँदैन भनेपछि हात मिलाई उनी प्लेनमा चढे । ढोका बन्द भयो र प्लेन उडाई उनी काठमाडौंतिर लागे । ४/६ महिनापछि यस्तै कामको सिलसिलामा पूर्वका कुनै जिल्लामा प्लेन उडाउँदा दुर्घटना भई पाइलट किंगका साथ सुवेदार समेतको मृत्यु भएको समाचार रेडियो नेपालबाट प्रशारण भएको सुनिएको थियो ।

त्यसपछि, डोटीमा ४/५ हजार मन चामल पठाउनुपर्नेमा खच्चरद्वारा चामल पठाउँदा एक खच्चरले एकपटकमा दुई मन मात्र बोक्ने हुँदा ४०/५०/६० खच्चरले महिनाभरमा जम्मा २ सय मनसम्म मात्र चामल ढुवानी हुन्थ्यो । दिपायलमा एयरपोर्ट बनिसकेकाले सेनाको १४/१५ नम्बरको स्काई भ्यान प्लेन दिपायलमा चामल पठाउने कार्य पनि मैले नै गरेको थिएँ । मेजर सुदर्शन मल्ल र मेजर तेजेन्द्रबहादुर समेत पाइलट हुनुहुन्थ्यो । एकपटकमा एउटा प्लेनले १६/१७ क्वीण्टल चामलका बोराहरू ढुवानी गरिन्थ्यो । फर्कदा प्लेन खाली आउने हुँदा र पाइलटहरूसँग मेरो सम्बन्ध राम्रो हुनाले मैले आफ्ना मानिसलाई खाली प्लेनबाट ल्याइदिन अनुरोध गर्दा ल्याइदिनु भएको कुरा अरुहरूले पनि थाहा पाई प्रायः दिनहुँजसो मलाई पनि प्लेनबाट ल्याइदिन पाइलटलाई भनिदिनुपर्‍यो भनी मेरो नाममा आवा पठाउनेहरूलाई खाली

प्लेनबाट धनगढी ल्याइदिन अनुरोध गरेअनुसार उहाँहरूले ल्याइदिनुहुन्थ्यो । यसरी २०/२५ जनालाई प्लेनबाट धनगढीमा ल्याइयो । एकपटक मेरो जेठो छोरा डोटीबाट एसएलसी परीक्षा दिई धनगढी फर्कने दिनमा चामल लगिएको प्लेनमा गएको थिएँ । मेजर साहेबहरूलाई मेरो घर सिलगढी हो भन्ने थाहा हुँदा कर्णाली नदीको माथिबाट सेती नदीको माथि भई उडेको प्लेन सिलगढीतर्फ मोडी तपाईको घर कुन हो भनी सोध्नुभएकोमा मैले कृष्णमन्दिर २ पिपल र घर टाढैबाट देखाएपछि सो प्लेन मेरो घरनजिकै माथिबाट लगी तिखा गाउँ पश्चिमतर्फबाट एयरपार्टमा ल्याण्डिङ्ग गरिएको थियो । यसभन्दा अघि सधैं पूर्वतिरबाट प्लेन ल्याण्डिङ्ग हुन्थ्यो । प्लेनबाट चामल अनलोड गरिसकिएपछि मेरो छोरा झोलासहित प्लेनमा बसे । छोरालाई पुऱ्याउन दिपायल आएको भतिजो पद्मनारायण टुलुटुलु हेरिरहेको थियो । मैले तिमी पनि धनगढी जाने हो भनी सोध्दा उनले हुन्छ भनेकाले उनलाई त्यसै प्लेनमा राखी धनगढी ल्याएँ । निज धनगढी आएको थाहा पाई उनको जेठो दाजु यज्ञनारायणले काठमाडौं पठाइदिन खबर गरेकाले साथी खोजी रेलबाट उनलाई काठमाडौं पठाएँ । अहिले निज पद्मनारायण खानेपानी विभागमा उपसचिव पदमा बहाल छन् । यसभन्दा अघि भतिज तिर्थनारायण, शिवनारायण अनि भतिजी अन्नपूर्णलाई पनि अर्को डकोटा खालो फर्कने प्लेनमा पाइलटलाई अनुरोध गरी बिना पैसामा काठमाडौं पठाइदिएको थिएँ । अहिले तिर्थ नारायण ने.रा. बैंकको असिस्टेण्ट पदबाट सेवा निवृत्त भई काठमाडौंमै घर बनाई बसेका छन् । भतिज शिवनारायण सामान्य प्रशासन मन्त्रालयको उपसचिव पदमै कार्यरत रहेको अवस्थामा बेरामी भई परलोक भए । उनको पनि काठमाडौंको घरमा उनका परिवारहरू छन् । भतिजी अन्नपूर्ण पनि आफ्नो घर डोटीमा फर्केकी छिन् । हाल उनको पनि मृत्यु भइसकेको छ । ■

सेती अञ्चलाधीशहरू

२०२८ सालमा लक्षबहादुर गुरुङ्ग सेती अञ्चलाधीश पदमा नियुक्त भइ आउनुभएपछि उहाँले बहाल गर्नुभएको तेस्रो वा चौथो दिनको राति १० बजेतिर अञ्चलाधीश गार्डका हवलदार पेट्रोमेक्स लिई मेरो घरमा आई साहबले बोलाउनुभएको छ, जाउँ भनी भनेकाले तुरुन्तै लुगा लगाई आँत्तिएर म हवलदारसँग अञ्चलाधीशको निवासमा पुगें। माथि उक्ली उहाँले भित्र बोलाउनुभएपछि उहाँ सुत्नुभएको बिस्तरानजिक पुगें। यो हेर्नुहोस्, के आयो भनेर मेरो हातमा एउटा कागज दिनुभयो। कोड मेसेज रहेछ। साविक अञ्चलाधीशको पालाको कोड की मेरो जिम्मामा थियो र मैले नै कोड डिकोड गर्नेगरेकाले मलाई सो को पूरा ज्ञान थियो। मैले सोभै हेरी यो यस्तो हो भनी बताएपछि यो मान्छे लाई ता अंकको अक्षर पनि आउँदो रहेछ भनी अचम्म पर्नुभयो अनि आज शिकारमा गएको केही भेटिएन, कपाल मात्र दुख्यो भनी भन्नुहुँदा मैले अरुले शिकार गरेको थाहा भएमा हजूरले नै कारवाही गर्नुपर्छ, आफैंले शिकार गर्न मिल्दैन भनी भनेको थिएँ। उहाँ अञ्चलाधीशमा नियुक्त हुँदा पोखराका केही मानिसले धनगढीमा शिकार खुब पाइन्छ भनी भनेका रहेछन्। र उहाँ पनि शिकारका सौखिन हुनाले यहाँ आउनुभएको दोस्रो दिनमा नै कार्यालयको एकजना शिकारी अफिसरले शिकार गर्न लगेका रहेछन्। मसँग कुरा भएको भोलिपल्ट उनै अफिसरले बेलुकी शिकारमा जान अञ्चलाधीशज्यूलाई आग्रह गर्दा अरे यार ! हाम्रै अफिसका मान्छे शिकारमा जानु हुँदैन भन्छन् भनेर शिकारमा जान इच्छुक हुनु भएनछ। र सो अवसर मछेऊ आई साहबलाई शिकारमा जानु हुँदैन भनी यसै अफिसका कसैले भनेका रहेछन्, कस्ले भनेको होला ? भनी सोधनी गर्दा मैले भनेको हुँ भनी जवाफ दिएँ। जवाफ दिएपछि उनी लाचार भए।

उहाँ आउनुभएको ४/५ महिनापछि एकजना अफिसर अञ्चलाधीश निवासमाथि उक्लिई अञ्चलाधीशलाई सलाम ठोकी साहाब तरकारी ल्याएको छु, 'ए केटा त्यो यता ल्याऊ त' भनी केटाको हातबाट लिई देखाउँदा' अञ्चलाधीश रीसले चुर भई निज अफिसरलाई नराम्रो गाली दिई उनले देखाएको हरिणको सपेटो समाई पछाडि बरण्डाबाट केराबारीतिर फालिदिई तिमीहरूले मेरो नोकरी उडाउने हो भनी रिसाएर भन्दा निज अफिसर आयन्दा

यस्तो गल्ती गर्दैन भनी फेरि सलाम ठोकी तुरुन्त तल ओर्लिए । अनि बाहिर बरण्डामा उभिइरहेको ड्राइभर ध्रुवलाई ए ध्रुव ! जा त्यो तरकारी खोजी लैजा र तै खा भनी भन्नुभएको थियो । शिकारको सम्बन्धमा कसैको रिपोर्टको आधारमा राजदरबारबाट अञ्चलाधीशलाई खप्की आएको थियो कि ?

एकजना पूर्वतिरको मानिस हसुलिया नजिकको कुनै गाउँमा साना केटाहरूलाई पढाउन मास्टर भई कुनै चौधरीको घरमा डेरा जमाई बसेका रहेछन् । सो चौधरीको भूमिसुधार कार्यालयमा जग्गासम्बन्धी मुद्दा परेको रहेछ । निज मास्टर तिम्रो जग्गा मुद्दाको किनारा लगाउन म मद्दत गर्छु भनी वारेस बनेकाले बराबर भूमिसुधार कार्यालयमा आवतजावत गर्ने रहेछन् । सो कार्यालयका कुनै अधिकृत वा सुब्बा निजको चिनाजानीको मानिस हुँदा वारेस हुने टाइममा लिएको निज चौधरीको ल्याप्चे सही भएको कागजहरूबाट निज चौधरीको ८ विगाह जग्गा आफ्नो नाममा राजीनामा गराई चौधरीलाई कैलाली मालमा समेत लगी झुक्याई रजिष्ट्रेशन पास समेत गरेका र दुई वर्षसम्म मालपोत आफ्नै नामले तिरी सकेपछि चौधरीलाई यो जग्गाहरू मेरो हो, आयस्ता देऊ भनी माग्न थालेपछि सो चौधरी तुरुन्तै अञ्चलाधीशकहाँ आई हजूर मैले पैसा लिई जग्गा बिक्री गरेको छैन, मेरै घरमा बसी खाई करीब ३ वर्ष जति बिताएको मास्टरले मेरो जग्गालाई मेरो हो भनी भन्छ, मसँग आयस्ता माग्छ भनी ठाडो उजुर गरेपछि कार्यालयबाट निज मास्टरलाई उपस्थित गराउन पत्राचार गरियो । सो मास्टर कार्यालयमा हाजिर भएको थियो । अञ्चलाधीशज्यूले यो चौधरीको जग्गा तिमीले खरीद गरी लिएका हौं ? मैले एउटा पैसा लिएकै छैन भन्छ, भनी सोध्नु हुँदा हजूर यी मसँग कागज छ, भनी रजिष्ट्रेशन पास भएको कागज र मालपोत तिरेको रसिद देखाएपछि सो कागजहरू हेर्दै प्रमाण त तिम्रो रहेछ, तर पैसा दिएको हो होइन भनी फेरि सोधनी हुँदा हजूर मैले पैसा दिएको हुँ भनी जिद्दी गरे । चौधरी मैले पैसा लिएकै छैन भनी रोइरहेकाले मास्टरको अनुहारमा केही अलग झलक देखेपछि अञ्चलाधीशज्यूले ए हवल्दार यो मास्टरलाई लगा त भनी भन्नुहुँदा हवल्दारले पनि मास्टरको गल्ती नै रहेछ भन्ने जस्तो बुझेको हुनाले मास्टरको गालामा जोडले एक थप्पड लगाएपछि मास्टरको चश्मा भुइँमा झऱ्यो र तुरुन्तै हात जोडी मैले गल्ती गरें माफ पाउँ, म जग्गा फिर्ता गरिदिन्छु भनी मास्टरले भन्दा तुरुन्तै मालअड्डाका हाकिमलाई बोलाई सबै कुरा बताई यो जग्गा चौधरीकै नाममा पास गराइदिनु भनी मास्टरलाई एक महिनाको तारिख

दिई कैलाली मालमा पठाइदिनु भयो। चौधरीको जग्गा फिर्ता भए पनि मास्टर फेरि कार्यालयमा उपस्थित हुन आएनन्।

(तल लेखिएको जग्गाको विषय पनि यस्तै मिल्दोजुल्दो भएकोले सान्दर्भिक नै ठानी लेख्ने प्रयास गरेको छु। यसभन्दा अघि २०२३ सालमा कुनै कार्यालयका शिकारी कर्मचारीको बनबेहडाका जिमिदार जुद्धकुमारीका कोठारी भगौती प्रसादसँग सम्बन्ध रहेको हुनाले उनी बराबर शिकारको लागि वनबेहडा गइरहने समयमा सोही गाउँका लोगु डगौंरा थारुको कैयाँचादर भन्ने ठाउँको १२ विगाह जग्गा प्रतिविगाह रू. २०० का दरले जम्मा रू. २४०० मा जग्गा पास गर्ने समयमा रुपियाँ दिन्छु भनी पहिले नै तमसुक गराई लिएका रहेछन्। २०२३ सालमा मैले पनि जुद्धकुमारीबाट ११ विगाह जग्गा राजिनामा गरी लिएको हुनाले म पनि बराबर सो गाउँमा जाने गरेको थिएँ। यस्तैमा लागु डगौंरा मकहाँ आई कैयाँचादरको मेरो १२ विगाह जग्गा उधारोमा फलानाले मेरो तमसुक गराई लिएको थियो। सो तमसुक निलो मसिले पहाडी कागजमा लेखेकोमा पानीले भिजेछ र मलाई निजले अर्को तमसुक गरिदेऊ भनी बराबर भनिरहन्छ। पैसा दिएको छैन भनी भनेकाले पैसा दिएमा अर्को तमसुक गराइदिनु, पैसा नपाई तमसुक नदिनु भनी सल्लाह दिएको थिएँ। लोगु डगौंराले अर्को तमसुक नदिएपछि निज कर्मचारी नोकरी र धनगढी छाडी अन्यत्र गए। लोगुका छोराहरूले सो जग्गा अरुलाई नै बिक्री गरिदिएछन्। उनका नाति हाल मोया गाउँमा घर बनाई बसेका छन्।)

अञ्चलाधीश लक्षबहादुर गुरुङ्गका पालामा धनगढीमा भएको कार्यहरू यसप्रकार छन् : श्री पञ्चोदय माविको भवन, बाल मन्दिर, धनगढी गाउँको प्राइमरी स्कूल, कैलाली बहुमुखी क्याम्पसको लागि २७ विगाह जग्गा ओगट्ने कार्य, पुरानो एयरपार्टको उत्तरतिरको बाटोदेखि हर्षबहादुर शाहीको घरसम्मको दोहोरो मोटर चल्ने बाटो, होटेल डिभोटीदेखि उत्तर नालासम्मको बाटो ने.रा. बैंकदेखि हसनपुरमोडसम्मको बाटो, कैलाली नालादेखि पूर्व पारसबहादुर सिंहको घरसम्मको बाटो, त्रिवेणीचोकदेखि मोहनाको ढिकसम्मको बाटो सबै सडकहरूमा दोहोरो मोटर चल्नसक्ने थियो। उहाँपछिका अञ्चलाधीश रत्नबहादुर गुरुङ्गले लक्ष्मीनारायण मन्दिरको पूजा व्यवस्थाका लागि केही नगद दिनुभयो। र उहाँले कैलाली बहुमुखी क्याम्पस बनाउन लगाउनुभयो। त्यसपछि अञ्चलाधीश सत्यनारायण झाले मोती दमिनीको बेवारिसे ३ विगाह जग्गामा ऐश्वर्य विद्या मन्दिर बनाउन लगाउनुभएको हो रे। ■

लालासारन र उहाँका जुकुते छोरा

काठमाडौं असन न्हैकन्तलाबाट डोटी सिलगढीमा बसाई सरी आई श्री शैलेश्वरी मन्दिरको वरिपरी १०८ घण्ट र मूलद्वारमा दायाँ बायाँ दुई बाघ चढाउने, माथिल्लो बजारको श्रीकृष्णको रथयात्रामा चलाइने रथको लागि सुरुको मोलम्मा लागेको गजुर चढाउनु हुने तथा डोटी चौकी तिखा गाउँको सिरानमा वर पिपल रोपी चौतारा बनाउनुहुने गुजिनारायण राजभण्डारीका साइला छोराको नाम् हो बुद्धिनारायण श्रेष्ठ । कुनै विषयमा पनि हककुरा बोल्ने, उखान टुक्का मिलाई जवाफ दिन सक्ने, सबैसँग राम्रो व्यवहार गर्ने, पल्टनमा सारजन भएको नाताले तत्कालीन जर्नेल कर्नेल बडाहाकिमहरूले मनपराउने डोटी जिल्लाका विभिन्न राज्यका राजा रजौटाहरू, गर्खा गाउँका जिम्मेवाल तालुकदार मुखिया, भद्रभलाद्मीहरू कार्यविशेषले सिलगढीमा आउनुहुने प्रायः सबैसँग चिनाजानी भएको, दुई आँखीभाउको बीच निधारमा बुढो हुञ्जेलसम्म सधैं साना साना रातो कालो टिका लगाउनु हुने सुन्दर व्यक्ति बजारमा हुने नाटक जात्राहरूमा अग्रसर भई कार्य गर्नेहुनाले बजार खलंगा सबैले सम्बोधन गर्दा भनिने प्रख्यात नाम हो लालासारजन । तर लेखिएअनुसार जसुलप्टन्नी अलग भई गएपछि उहाँले त्यस्तै लोग्ने सँग विछोडिएकी पैसावाल पुतली भन्ने महिलासँग उनकै घरमा गएर रात बिताउनु हुन्थ्यो । चरेस पिउने आदतले गर्दा धेरै खोकिरहनुहुने (टि.वि. रोग लागेको जस्तो) हुँदा ६३ वर्षको उमेरमा उहाँको देहवसान भएको थियो ।

काठमाडौंबाट नुवाकोट दैलेख हुँदै वि.सं. १९१६ सालमा डोटी सिलगढीमा बसाई सरी आउनुभएका बाजे गुजिनारायण राजभण्डारी साधारण परिवारका हुनाले उहाँले सिलगढीमा बसाई सरेपछि जग्गाजमिन, धनदौलत कमाउनु भएको देखिएन । बजारमा एउटा घडेरी मात्र लिई फुसको छाना भएको घरमा बसी धर्मार्थ कार्य गर्नुभएको रहेछ ।

लेखकले २०२० सालमा सबै भाइभतिजाहरूको सहयोगबाट सो जिर्ण चौताराको पुनर्निर्माण तथा २०२८ सालमा श्री शैलेश्वरीमा चढाइएको जिर्ण बाघलाई केही सुधार गरी पश्चिमतर्फ राखी पूर्वको मूलद्वारमा काठमाडौंबाट ढलौटका बाघहरू ल्याई जडान गरेको विषय पनि यहाँ उल्लेख गरिएको छ ।

धन होइन, नाम कमाउने बाबुको साइला छोरा लालासारजन भनिने बुद्धिनारायण श्रेष्ठ १९८०/१९८१ सालतिर काठमाडौं जानुहुँदा उहाँले असन नैकनतला तुम्बाहालमा गई आफ्नो पुर्ख्यौलीको घरको खोजी गर्नुभएको तर पत्ता लगाउन सक्नु भएको रहेनछ। लेखकले २००४ सालमा घरेलु काम सिक्न काठमाडौं जाँदा र २०१२ सालमा कुमारीचोकमा काजमा बस्नुपर्दाको समयमा तथा २०१७ सालमा सिलगढीको खानेपानीकै धाराको हिसाब बुझाउन नहर विभागमा जाँदा समेत उक्त घरको खोजी गरिरहेकोमा पत्ता लाउन सकेको थिएन।

लाला बुद्धिनारायण श्रेष्ठका माहिला छोरा रामनारायणको उमेर १०/११ वर्ष पुगेको अवस्थामा वि.सं. १९८५ मा आमाको देहान्त भएकोले बाबुले ३/४ महिनापछि जसुलप्टनी भन्ने दोस्रो स्वास्नी ल्याउनु भएछ। भिन्न भिन्न स्वभावका हुनाले २ जनाबीच बेलाबेलामा मनमुटाव भइरहने रहेछ र कुनै दिन बाहिरबाट आउनुभएपछि उहाँले यसो भन्नुभएछ :

अघि थिएँ लाल, अहिले भएँ हाला
जसु ....., मभित्र कसरी पसुँ।

जसुलप्टनी ३/४ महिनापछि उहाँलाई छाडी स्वतन्त्र भई बसी त्यसपछि जेठा दाजुभाउजू छुट्टिई अलग भई अर्काको घरमा बस्नुभएकाले माहिला रामनारायणले नै धाराबाट पानी ल्याउनु, कुटिपिसी गर्नु, खाना बनाउनु पर्दथ्यो रे। फेरि नोकरी छाडेका बुवाका साथीहरू सधैं जम्मा भई गफ गरिरहने र उनीहरूलाई तम्बाखु, अत्तर पनि खुवाउने बाबुको बानी हुनाले सो काम पनि गरिरहनु पर्दथ्यो। उहाँलाई हुक्का चिलममा पनि बिहान बेलुकी तम्बाखु खानुपर्ने हुँदा चिलममा तम्बाखु भरी आगो हाली फू ... फू.... फुकिरहँदा उहाँले यसो भन्ने गर्नुभएको रहेछ :

फुकेको तम्बाखु, ढुकेको भात
अझ फुक्छस् गुइये, खालास् लात।

भन्ने समेत बाबुबाट समयसमयमा गाली पनि खानु पर्दथ्यो। यसरी केही समय दुखैदुखमा बिताएपछि वि.सं. १९९४ सालमा उहाँको विवाह भयो। घरव्यवहारको कामबाट (तम्बाखु बनाउने कामबाहेक) फुर्सद पाए पनि खानको लागि चामल गहुँको व्यवस्था गर्न काँधमा झोला राखी बराबर गाउँमा जानु पर्दथ्यो। यसैबीच, बुवाको देहान्त भयो। पैसा आर्जन गर्ने कुनै

काम नपाएकाले छिमेकीको घर आँगनमा घाम तापी बसी कहिले टेबल घडी, कहिले नाडी घडी बिग्रेको मर्मत गराउन कोही आएमा सो कार्य गर्नतिर लाग्ने तर नजान्ने, कहिले पेट्रोमेक्स वा अरु चिज मर्मत गर्न खोज्ने तर सफलता हात नलाग्ने हुनाले थोत्रा थात्री बटुली जम्मा गर्न मात्र जानेको छ, कुनै राम्रो काम गर्न सकेको होइन भनी श्रीमतीबाट पनि झटाई पाउनुहुन्थ्यो । बालबच्चा धेरै भएपछि उहाँले व्यापार गर्छु भनी केही रकमको व्यवस्था गरी भारत टनकपुर गई ४/६ भारी किराना सामान ल्याई ससुरालीको अर्को घरमा केही वर्ष दोकान पनि गर्नुभयो । छोराहरूलाई पढाउन रकम खर्च गर्नु परेकोले दोकान पनि सेलाएरै गयो । जेठा छोरा एस.एल.सी. पास भएपछि डुम्राकोट गाउँको स्कूलमा मास्टर बनाउने विचार रहेछ, लेखकले आइ.ए. पढ्न काठमाडौंमा झिकाउँ त, म खर्च व्यहोर्न सक्दैन भन्ने बाबु र कान्छो बुवाले सिकाउनुभयो, म जान्छु भन्ने छोराको जिद्दी हुँदा भाउजुले नानीले झिकाउनुभयो, म मेरो गहना बेचेर भएपनि छोरा पढाउँछु भनी भन्नुभएपछि भतिज त्रिलोचन (यज्ञनारायण) काठमाडौं आएका हुन् । उनलाई खाना खर्च र किताब किन्नको लागि रकम छाडी म बैतडी गौडाको तहरिर खरिदारमा सरुवा भएकोले बैतडीमा गएँ । र बैतडीबाट पनि भतिजलाई खर्च पठाइरहें । तीन महिनापछि दशैंमा घरमा आउँदा दाजुले मेरो खर्च भएको सबै रकम भर्ना दिनुभयो । मार्माली डम्बरबहादुर सिंह (पछि लोकसेवाका आयोगका अध्यक्ष) की श्रमती स्वयम् सिंहले यज्ञनारायणलाई कर्मचारी सञ्चय कोषको मुखिया सरहको पदमा नियुक्ति गर्नुभएछ । भतिज त्रिलोचन आफू पनि पढ्दै र सञ्चय कोषमा प्रमोसन पाउँदै गरी आफ्ना भाइहरूलाई काठमाडौंमा झिकाई पढाउने व्यवस्था मिलाए । निजका दुई भाइलाई मैले नै काठमाडौंमा पठाएको हुँ । भाइहरू पनि पढ्दै नोकरी गर्दै गए । उनीहरूलाई खाना पकाउन समेतको काम गर्न भाउजू काठमाडौं जानुभई छोराहरूसँगै बस्नुभयो ।

उहाँको घरनजिक मार्मालीको घर थियो । मार्मालीको घरमा डोटी माल अड्डाका हाकिमहरू बस्ने गर्नुभएको थियो । हाकिमहरूको आवतजावत सोही घर भएर हुन्थ्यो । हाकिमले चिनेका र कान्छा भाइ लोकनारायण सोही मालअड्डामा खरिदार पदमा बहाल हुनाले दाजु रामनारायणलाई डोटी मालको कागते तहविलदारमा भर्ना गरिदिनुभएको रहेछ । डोटीबाट भाइका छोराबुहारीलाई भिमफेदी पुऱ्याउन आउनुभएकोमा धनगढीबाट लेखकसँगै

जनकपुर जानुभएको र उतैबाट सबै छोराछोरी श्रीमतीसमेत काठमाडौंमा बसेकाले सबैलाई भेट गर्न काठमाडौं जानुभएको समयमा प्रायः दिनहुँ असन नैकनतला तोम्बाहलमा गई आफ्ना बाजे गुजिनारायण यसै टोलबाट डोटी सिलगढीमा जानुभएको हो भनी त्यहाँका बुढापाकाहरूसँग बराबर कुरा गरिरहने गर्नुभएको रहेछ। त्यस टोलका एकजना बुढा मानिस आफ्ना सन्तानकै, अर्का बुढा सरदार मेदिनीप्रसाद राजभण्डारीका घरमा गई एकजना मानिस सधैं आई हाम्रा बाजे यसै ठाउँबाट डोटीमा जानुभएको हो, भनी सोध्न आइरहन्छन् भनी सुनाउँदा मेदिनीप्रसादलाई केही पूर्व स्मृति भएछ र उहाँ तुरुन्तै सडक विभागका सु.ई. हजमनिया लालकी आमा कहाँ गई भाउजू, एकजना मानिस हाम्रो बाजेको घर यही हो भनी सोध्न आइरहन्छन् रे, मलाई हाम्रै कुनै काका बाबुहरू हराएको छ भन्ने बुवाहरूको मुखबाट सुनेको जस्तो लाग्छ, भाउजूलाई केही थाहा छ कि भनी सोध्नुहुँदा उहाँले पनि हो, हाम्रै कुनै मानिस हराएको छ भन्ने कुरा मैले पनि सुनेको थिएँ भनी भन्नुभएपछि भोलिपल्ट मेदिनीप्रसाद दाजु रामनारायणलाई खोजी प्याफल टोलमा आउनुभई त्रिपाठीको घरमा दाजु बसेको थाहा पाई भित्र गई दाजुसँग तिम्रो बाजे, जिजुबाजेको नाम के हो भनी सोध्नुभएकोमा हाम्रो बाजे गुजिनारायण, जिजुबाजे हर्कनारायण, परबाजे सिद्धिनारायण भनी बताउनुभएको थियो। बताउनुभएपछि उहाँलाई यिनीहरू हाम्रै सन्तान हुन् भन्ने लागेछ र फेरि तिमीहरूको देवताको नाम के हो ? तिमीहरू म्ह पूजा गर्छौ कि गर्दैनौ भनी सोध्नुभएकोमा हाम्रो देवताको नाम बज्रयोगिनी हो, हामीहरू म्ह पूजा गर्दैनौं भनी भनेपछि यिनीहरू हाम्रो सन्तान नै हुन् भन्ने विश्वास लागेको छ। यसभन्दा पूर्व हजमनिया लालको आमासँग कुरा भएपछि आफूसँग भएको पुराना कागजातहरू खोजी गर्दा श्री ५ सुरेन्द्रका पालामा काठमाडौं छेम अड्डाका हाकिमको हैसियतले रैतीबाट उठाएको मालपोत सिद्धिनारायण राजभण्डारी हस्ते तोसाखाना ढुकुटीमा दाखिल भयो भन्ने रसिद फेला पार्नुभएको रहेछ। वि.सं. १९०३ सालमा जंगबहादुरको उदय भएपछि सिद्धिनारायणलाई धपाइयो वा परिवारसहित उहाँ भागेर नुवाकोट दैलेखतिर लाग्नुभएको जस्तो बुझिन्छ।

माहिला बुवा मेदिनीप्रसादले दिवालीको दिनमा दाजु रामनारायणसमेत सबैलाई पूजामा बोलाई सँगै बसी भोज खाई खुवाउनुभएको रहेछ। म जिल्ला कार्यालय दोलखाको प्रजिअ पदमा कामु भई काम गरिरहेको समयमा भतिज

यज्ञनारायणले ९३ वर्षका सरदार मेदिनीप्रसाद राजभण्डारीबाट हाम्रो सन्तानको पत्ता लाग्यो । दिवालीमा आउनुहोला भनी २०३० साल बैशाख महिनामा आवाद्वारा मलाई खबर गरेका थिए । सो समयमा आउन भएन तापनि सोही सालको बडा दशैंमा माहिला बुवा मेदिनीप्रसादको घरमा गई उहाँका सल्लाहअनुसार मेरी श्रीमतीले हाम्रा सन्तानका १८/१९ परिवारका मुख्य मानिसलाई १०/१० दानाका दरले सुपारी दिई ढोक फुकाएको र वडा दशैंको दिनमा हाम्रा कान्छी आमा नाता लाग्ने पद्मपब्लिक हाइस्कूल पुतलीसडकका मास्टर गौरीप्रसाद राजभण्डारीकी आमा थकालीको हातबाट दशैंको टिका थापेका हौं ।

२०३७ सालमा दाजु हजमनियालाल राजभण्डारीसँग बाँकेको चिसापानीमा भेट भएको हो ।

माहिला बुवाको घरमा बराबर गइरहने हुनाले उहाँका छोरा नारायणप्रसाद, विष्णुप्रसाद र सबै परिवारसँग हाम्रो भेटघाट परिचय भएको थियो । विष्णु प्रसादको देहान्त भएको सुनियो २०४७/०४८ सालतिर । म केन्द्रीय सेवा विभागमा रहँदासम्म भ्रष्टाचार निवारण आयोगका प्रमुख दाजु नारायणप्रसाद राजभण्डारीसँग कहिलेकाहीँ भेट गर्न जान्थें । त्यस्तै, इञ्जिनियर रविराज भण्डारीसँग कहिलेकाहीँ फोनमा पनि कुरा हुन्छ ।

काठमाडौंमा आफ्नो सन्तान पत्ता लागेपछि र आफू पनि डोटी मालअड्डाको कागते तहविदारबाट काठमाडौं माल कार्यालयको मुखिया पदमा बढुवा भई काठमाडौंमै बस्नुपर्दा अर्काको घरमा भाडा तिरी बस्नु परिरहेको थियो । त्यसैमा जेठो छोराको विवाह भएपछि छोराबुहारी अलग भई अर्को घरमा सरे । माहिलो छोरा अन्नपूर्ण होटेलमा काम गर्ने, साहिलो छोरा सडक विभागमा अस्थायी नोकरी गर्ने र औलो उन्मुलन कार्यालयमा काम गर्ने काहिलो छोराहरूले आफ्ना कमाईबाट सगोलमा पैसा उठाई महिनाभरको लागि चाहिने खाद्यान्नको व्यवस्था गरी जेनेतेन गुजारा चलिरहेको अवस्थामा दाजुले आफ्नो सबै छोराछोरीहरू सिलगढीको घरवार छाडी काठमाडौंमा आई पढाई समेत गरिरहेकाले अब काठमाडौंमै बस्नुपर्छ भन्ने दृढ विचारले बिदाको दिनमा समय पाइएमा अरु बिदाका दिनमा पनि ठमेल, पाक्नाजोल आदि ठाउँहरूमा घुमी सानोतिनो पुरानो घर कहीँ खरिद गर्न पाइन्छ कि भनी सोधपुछ गरी बिक्रीको घर भेटिएमा बेलुकी खाना खानेबेलामा छोराहरूसँग

आज फलानो ठाउँमा घर खोज्न गएको थिएँ, यति मोल भन्थ्यो भनी सुनाउँदा छोराहरू मनभित्रै रिसाएर केही पनि जवाफ दिँदैनथे । एकदिन त्यस्तै कुरा हुँदा छोराहरू रिसाएर तपाईसँग पैसा छ भने किन्नुहोस्, हामीसँग पैसा छैन भनी भनेका पनि रहेछन् । तैपनि छोराहरू रिसाएकोमा चित्त नदुखाई घर खोज्दै हिँड्दै जाँदा बानेश्वर भिमसेन गोलामा सडकदेखि केही मुनि खाल्डो जस्तोमा ६ आनाभरको जग्गामा एकतले घर माथिको तलामा आधामा मात्र लिन्टर गरेको, आधामा कर्कट पाताले छाएको घर बिक्री गर्छु भनी एकजनाले भनेका छन्, सो घरलाई पहिले ५० हजार त्यसपछि ४५ हजार र अहिले ४९ हजार भन्छन् भनेको सुनेपछि अन्नपूर्ण होटेलमा नोकरी गर्ने माहिला छोराले आफ्ना भाइहरूसँग बुवाले सधैं घर किन्ने कुरा गरिरहनुहुन्छ, त्यसैले सो घरको मूल्यको आधा रुपैयाँ म दिन्छु, तिमीहरूसँग पैसा छ भने आधा रकम जम्मा गर भनेपछि दाजु र उनका अरु छोराहरूसमेत मिली जम्मा रू. ३९ हजारमा भिमसेन गोला वानेश्वरमा सो घर किनी आफ्नै घरमा सरेपछि सोही घरबाट केही छोराछोरीहरूको विवाह भएको हो । मालपोत विभागका डाइरेक्टर इन्द्रप्रसादका पालामा मुखिया पदबाट रसुवा मालअड्डाको मुखिया पदमा सरुवा बढुवा हुनुभएकोमा २/३ वर्षपछि उहीँ खरिदार पदमा बढुवा भई काठमाडौं मालपोत कार्यालयमै पदस्थापन भएपछि सोही पदमै त्यहाँ काम गरिरहँदा २०३९ सालमा प्रेसरको विरामीले उहाँको स्वर्गबास भयो ।

डुब्लो पातलो कुनै काममा सफल होला जस्तो नदेखिने अपत्यार लाग्दो व्यक्तिले एकोहोरो भएर काठमाडौंमा ११४ वर्षपछि आफ्नो सन्तानको पत्ता लगाउनुका साथै काठमाडौंमै घर बनाई बस्नुपर्छ भनेर आफ्ना छोराहरूलाई बराबर भनिरहनुहुने दाजु रामनारायण श्रेष्ठले छोराहरूको प्रगति भएको देख्न पाउनुभएन । उहाँका जेठा छोरा यज्ञनारायण श्रेष्ठ कर्मचारी सञ्चय कोषको १०औं तहको प्रबन्धक, माहिला छोरा भूमिनारायणको अन्नपूर्ण होटलमा २०४२ सालमा भएको बम काण्डमा मृत्यु, साहिला छोरा सडक विभागको अस्थायी शाखा अधिकृत पदबाट छुट्टि पाई हाल बेलायतमा घर बनाई बसेका, काहिला छोरा शिवनारायण श्रेष्ठ सामान्य प्रशासन मन्त्रालयको उपसचिव पदमा रहँदा परलोक भएको र कान्छा छोरा पद्मनारायण खानेपानी विभागमा उपसचिव पदमा रहेको तथा सबै छोराहरूले छुट्टाछुट्टै घर बनाई बसेका र विवाहित छोरी सत्यभामा, सोभिता र सिलाहरूले पनि छुट्टै घर बनाई बसेका छन् ।

कुनै राम्रो काम गर्न एकोहोरो लागिपरेमा सफलता मिल्ने रहेछ भन्ने दृष्टान्त हामीहरूलाई दिएर जानुभयो ।

२०५७ साल साउन ३० गते सोमबारका सेती समाचार दैनिकमा छापिएको लालासारजनका कान्छा छोरा लोकनारायण श्रेष्ठको इच्छा मृत्यु सम्बन्धमा लेखकको लेख यसप्रकार छ :

(तपाई विरामी हुनुभएको थाहा पाएर सबै इष्टमित्रहरू भेट गर्न आउन लाग्नु भएको छ यो कोठा सानो छ तलको तलाको कोठामा बुवालाई लैजान्छौं भन्दा आज शनिबार र मसान्त हो त्यसैले हुँदैन भन्नुभयो । सोही दिन सिकिस्त अवस्थामा दशदान गर्दा उहाँले भगवती स्त्रोत्र पाठ गर्नुभएको थियो वहाँ कान नसुन्ने हुँदा कानमा एयरफोन लगाई भजन कीर्तन र वहाँका संधी लक्ष्मीभक्त श्रेष्ठले गाउनुभएको रामायणको चौपाईका क्यासेट बजाई दिँदा आनन्दले सुनी बेला बेलामा टाउको पनि हल्लाउनुहुन्थ्यो ।

फागुन २ गते बेलुकी एकजनाले नाडी छामेर अब २/३ घण्टामा जानुहुन्छ बैतरणी दान गरिदिए हुन्छ भनेकाले छिडीमा सार्न र बैतरणी दान गर्ने कुरा सुनाउँदा आज हुँदैन सोम मंगल हुन्छ भन्नुभो । र अर्का एकजनाले भोलि बिहानसम्म केही हुँदैन भनेकाले ब्राह्मणलाई फिर्ता पठाइयो र उहाँले भन्नु भएअनुसार नजिकका सबै दाजुभाइ इष्टमित्र उहाँका साथीहरूलाई बोलाई घर परिवारका सबै सदस्यहरूका हातबाट समेत गंगाजल पिउनुभयो । एकजना बुहारीलाई नदेख्दा बोलाउन पठाउ भन्नुभयो राती करिब १ बजेदेखि अहिले कति बज्यो भनी सोध्नुभयो र घण्टा घण्टामा कति बज्यो भनी सोधिरहनु भयो । करिब ४ बजेतिर निस्तेज हुँदै जानुभएकोले उहाँलाई भुइतलामा सारी उहाँको इच्छानुसार मुख हातगोडा शरीरमा पानीले पुछि, लुगा फेराईदिन लाग्दा कोकीटाको दौरा सुरुवाल यो ठाउँमा छ ल्याउ भनी भन्नुभएकोले सो ल्यो लुगा फेराइयो । टोपी फेर्न लाग्दा यो भगवतीको प्रसाद होइन भनी फेर्न दिनुभएन । (उहाँ श्री शैलेश्वरी मन्दिरमा नित्य दर्शनको लागि जानुहुन्थ्यो । कीर्तन गरेर मात्र फर्किनुहुन्थ्यो । केही वर्षअघि सो मन्दिरमा नवाह लगाइँदा उहाँ पनि कर्ता हुनुभएकोले सोही समयमा लगाएको टोपी मगाएर लगाउनुभएको रहेछ ।)

बैतरणी दान गर्दा कसैले गाईको गल्याउँ हातमा दिएका रहेछन् । उहाँले यो होइन, पुच्छर ल्याऊ भनी माग्नुभयो । दान गरिसकेपछि ब्राह्मणलाई

गाईको पुच्छरको जल आफ्नो शरीरमा छर्कन लगाउनुभयो । उहाँको अन्तिम अवस्था देखिएपछि सबैजना रुन लागे । उहाँले सबैलाई नरोऊ बरु राम नाम भन भनी भन्नुभयो । सबैजना राम नाम भन्न लागे । उहाँको श्रीमती रोइरहनुभएकोले श्रीमतीलाई पर लैजाऊ भन्नुभयो र जेठा छोरालाई आज के तीथि हो पञ्चक छ छैन भनी सोध्नुभयो । छोराले आज एकादशी हो पञ्चक छैन भनेपछि मुखमा सुन राख्न भन्नुभयो । सुन राखिसकेपछि दुई हात जोडी ओम नमः शिवायः भनी २०५६ साल फागुन ३ गते दशमी तिथीका दिन बिहान ७४ वर्षको उमेरमा यस संसारबाट सदाका लागि बिदा हुनुभयो ।

२०५६ सालको बडादशैंको समयमा आफू केही अस्वस्थ भएपनि सबै भाइ छोरा, भतिजा, बुहारी, नाति, नतिना, इष्टमित्रहरूलाई भेट गर्छु भनी सिलगढीबाट श्रीमतीसहित धनगढी टीकापुर काठमाडौंमा पुगी सबैलाई दशैंको टीका लगाइदिनुभयो । काठमाडौंबाट फर्कंदा श्री मनकामना भगवतीको पनि दर्शन गर्नुभएको थियो ।

काठमाडौंमा एक नातिनीको बेल विवाह गराउनुभएको र धनगढीमा आई अँर्का नातिनीको हतारमा बेल विवाह गराई छोरा बुहारीहरूले बुवालाई आराम छैन, यहीँ औषधि उपचार र सेवा गर्छौं भनी भन्दा नमानी आफू जन्मेको स्थान सिलगढीमा जानुभएको १५ दिन भित्रैमा उहाँको स्वर्गबास भएको हो ।

श्री शैलेश्वरी मन्दिरको मूलद्वारको दायाँ बायाँ हाम्रा बाजे गुजिनारायणले पित्तलको बाघ र छाना वरिपरी झुल्ने घण्ट १०८ चढाउनु भएकोले सो जीर्ण भएकोले आफ्ना सन्तानका छोरा भतिजा नाति गरी करीब २५ जना प्रत्येकबाट रू. ४००० का दरले उठाई बाघ र घण्ट बनाउनु भनी उहाँले सल्लाह दिनुभएअनुसार पैसा उठाई बाघ बनाउने काम शुरु भएपछि उहाँको स्वर्गारोहण भएको हुँदा २०५७ साल बैशाख ९ गते मात्र जोडिबाघ स्थापना गरिएको हो । उहाँका बुवा, जेठा दाजु र जेठा दाजुका छोराको मृत्यु तिथि दशमी भएकोले उहाँको दशमी तिथिमा नै देहावसान भयो ।

यो काल्पनिक कथा होइन, सेती अञ्चल डोटी, सिलगढी बजार निवासी भू.पू. नासु दाजु लोकनारायण श्रेष्ठ (मेरो साहिला बुवाको छोरा) को इच्छा मृत्युको सत्य घटना हो । आज गाईजात्राको दिन सिलगढी बजारमा उहाँको स्मृतिमा गाईजात्रा मनाइँदैछ । दिवंगत आत्माको चिर शान्तिको कामना गर्दछु ।) ■

विश्व बैंक टिममा सामेल

डडेल्धुरा गोकुले मोटरमार्ग सम्बन्धमा स्थिति बुझ्न विश्वबैंक टिम झुलाघाटमा पुग्दैछ, प्रजिअ सो टिममा सम्मिलित भई आवश्यक सहयोग गर्नुहोला भनी गृहमन्त्रालयबाट आवाआदेश प्राप्त भएकोले कामु प्रजिअ भई काम गरिरहेको म सुरक्षा प्रहरी समेतका साथमा तोकिएको मितिमा झुलाघाटमा पुगें । दिउँसो करिब १२ बजेतिर सो टिम झुलाघाटमा आइपुग्यो । बेलायतका पिटरको नेतृत्वमा एकजना अमेरिकी, एकजना भियतनामकी केटी, दुईजना भारतीय प्रोफेसर र दुईजना नेपालका अधिकारीसमेतको सो टोलीमा म पनि सम्मिलित भएर आवश्यक भरियाको व्यवस्था मिलाई सोही दिन बैतडीको शेरा भई नकतरी भन्ने ठाउँमा बास बस्यौं । खानाको व्यवस्था मिलाइयो । लागेको खर्च नेपाली अधिकारीले नै दिनुभयो । भोलिपल्ट बिहानको नास्ता गरी त्यहाँबाट हिँड्यौं । पिपलकोटमा खाना खाई हिँडियो र बेलुकीपख गोकुले भन्ने ठाउँको नजिक पुगी बास बस्यौं । भोलिपल्ट बैतडी र दार्चुलाको सिमाना गोकुलेमा बगेकी चौलानी नदीमाथि बनेको पक्की झोलुङ्गे पुलको उद्घाटनको कार्यक्रम थियो । दार्चुलाका प्रजिअ दिव्यराम भण्डारीका साथमा सो गाउँ नजिकका पञ्चहरू पनि आउनुभएको थियो । वारी गोकुले गाउँका र नजिकका पञ्चहरूको पनि उपस्थिति थियो । दिउँसोको समयमा राष्ट्रिय पञ्चायतका अध्यक्ष श्री लोकेन्द्रबहादुर चन्दज्यू पाल्नुभई पुलको उद्घाटन गर्नुभयो । विश्व बैंकका टिमका साथै बैतडीको कामु प्रजिअको हैसियतले मैले पनि सो समारोहमा भाग लिएँ । सभामा पुल निर्माण सम्बन्धमा भएगरेका कामको साथै आम्दानी खर्चको विवरण पनि सम्बन्धित अधिकारीद्वारा प्रस्तुत गरिएको थियो । अध्यक्षज्यूबाट छोटो प्रवचनपश्चात कार्यक्रम समाप्त भयो । र बेलुकी दार्चुलाका प्रजिअज्यूहरू उतै फर्कनुभयो र वारीका सबै पञ्च भलाद्मी र विश्व बैंकको टीम समेत राष्ट्रिय पञ्चायतका अध्यक्ष ज्यूको घरमा बस्यौं । अध्यक्षज्यूकै तर्फबाट खानपिनको व्यवस्था भयो ।

राति १२ बजेतिर अध्यक्ष ज्यूकै घरनजिक अर्को काठ मात्र राखेको घरमा सो काठमाथि पराल विछाई केही मानिसहरू सुतेका थिए । कुनै एकजनाले बिडी पिएर ठूटो त्यसै फालेका रहेछन् । त्यसैबाट आगो सल्किई धिप्काफुटी परालमा आगो

लाग्यो । घरमा आगो लाग्यो भनी कसैले कराए पछि नजिकमा रहेका मानिसहरु सबै गएर आगो निभाउने काम भयो । काठहरु माथि राखिएका परालहरु सबै पोलिइसकेका र काठमा आगो सल्कन नपाएकोले सजिलैसंग आगो निभाइयो ।

त्यसपछि बिश्व बैंकका टोलि हामी सबै त्यहाबाट हिडी दुइ दिनमा बैतडी सदरमुकाम पुग्यौं । एकदुइ दिन त्यही बस्दा एकदिन टिम प्रमुख पीटरको जन्मदिन परेको हुनाले दशरथ चन्द नगर भवनमा पीटरको जन्मदिवश मनाइयो, खानपीन र साँस्कृतिक कार्यक्रम पनि गरिएको थियो । भोलिपल्ट सो टीमलाई बैतडीबाट सतबाँज पुगेपछि सतबाँजबाट गोकुले जाने सडकको अवलोकन गराउँदै पाटनमा पुगियो । सुरनयाँ नदीमा पुल बनेको थिएन । नदी पार गरी हरिचन्द, अनेरी खोला हुँदै बैतडीबाट ३ दिनमा डडेल्धुरा पुग्यौं । डडेल्धुरासम्म मोटर ट्रक पुगिसकेको थियो । एक रात डडेल्धुरामा बसी जिल्ला कार्यालयको गाडीमा काठमाडौंबाट आएका टिम बसे, गाडीमा ठाउँ नभएको र मेरो साथमा प्रहरी पियन समेत हुनाले ट्रकको अगाडि सिटमा बसी धनगढी आइपुग्यौं । भोलिपल्ट सो टिम प्लेनद्वारा काठमाडौं फर्कियौं । म २/३ दिन धनगढीमा बसी भारत वनबासा पिथौरागढ, झुलाघाट हुँदै बैतडी सदरमुकाम फर्कें ।

केही दिनपछि हाम्रो टिममा सम्मिलित भएर आवश्यक सहयोग गर्नुभएकोमा धन्यवाद भनी विश्व बैंक टिमका प्रमुख पिटरले मलाई पत्र पठाउनुभएको थियो । ■

श्री बज्रयोगिनी भगवतीको मूर्तिलाई थुक्दा

२०३४/३५ सालमा त्रिभुवन विश्वविद्यालयका एम.ए.मा अध्ययन गर्ने विद्यार्थीहरूमध्ये केही विद्यार्थीहरूलाई ४/५ जनाको ग्रुप बनाई जिल्लाहरूमा पठाइने सिलसिलामा बैतडी जिल्लामा पनि ४/५ जना स्वयम्सेवकहरू आएका थिए। तिनीहरूमध्ये जिल्ला शिक्षा शाखाले एकजना स्वयम्सेवकलाई बैतडी सतबाँझदेखि पूर्वतिरको बासुलिङ्ग माध्यमिक विद्यालयमा एकजना पाटन माध्यमिक विद्यालयमा, एकजना ढिकरिम गाउँको माध्यमिक विद्यालयमा, अरु एक/दुई जनालाई कहाँ कहाँ खटाइएको थियो एकिन थाहा छैन। तिनीहरूले १०औं कक्षामा अध्ययन गर्ने विद्यार्थीहरूलाई तोकिएको विषय पढाउने गर्दथे। उक्त बासुलिङ्गमा माविमा कहिलेकाहीँ जापानी प्रोफेसरद्वारा विद्यार्थीलाई शिक्षा दिने सम्बन्धी फिल्म देखाइँदोरहेछ। ती स्वयम्सेवक विद्यालयमा आएको केही महिनापछिको शुक्रबारको दिन फिल्म देखाइएको समय प्रोजेक्टरमा आँखा गाडेको उक्त स्वयम्सेवकले फिल्म देखाउने कार्य सक्किएपछि पियनका साथमा आफूले पनि विद्यालयको झ्यालढोका बन्द गर्न सहयोग गरेका रहेछन्। त्यस समयमा उनले प्रोजेक्टर राखेको कोठाको एउटा झ्यालको छेस्किनी नलगाई त्यसै बन्द गरेका रहेछन्। रात परेपछि सबैतिर चकमन्न भएको मौका छोपी एक्लै सो झ्याल उघारी प्रोजेक्टर उठाई आफ्नो नजिकै डेरामा लगेछन्। भोलिपल्ट बिहान सबेरै उठी सो प्रोजेक्टर आफ्नो झोलामा राखी बैतडी सदरमुकामको गोठालापानी भन्ने बजारको चिया पसलमा पुगी पसलेलाई यो झोला राम्रोसँग राखिदिनु, म २/४ दिनपछि भारततिर जान आउँदा लैजानेछु भनी दोकानको माथिल्लो खण्डमा सुरक्षित राख्न लगाई चिया पिएर फर्केछन्। उनी कहिलेकाहीँ विद्यालयबाट गोठालापानी भन्ने ठाउँमा आउँदा सोही पसलमा चिया, खाना खाने पिउने गरेकाले ती पसलेसँग उनको राम्रो सम्बन्ध भएको रहेछ।

आइतबारका दिन पियनले विद्यालयको ढोकाझ्याल खोली सरसफाई गरेपछि विद्यार्थी र मास्टरहरू विद्यालयमा उपस्थित हुँदा पियनले प्रोजेक्टर राखेको झ्याल खुला रहेको कुरा हेडमास्टरलाई सुनाएपछि हेडमास्टर सो कोठामा आई पहिले प्रोजेक्टर राखेको ठाउँमा हेर्दा नदेखिएकोले कसले चोरी

गरी लग्यो भनी खोजतलास शुरु गरेछन् । शनिबार दिन ती स्वयम्सेवक गाउँमा नदेखिएकाले तिनीउपर शंका गरी मास्टरसाहेब हिजो तपाई कहाँ जानुभएको हो ? भनी सोधनी गर्दा ती स्वयम्सेवकले मं साथीलाई भेट गर्न पाटनमा गएको थिएँ भनी जवाफ दिएकोमा हेडमास्टरले आफ्नो विश्वासको मानिसलाई तुरुन्तै पाटनमा अर्का स्वयम्सेवकलाई भेट्न पठाई हिजो तपाईका साथी र तपाई आफ्नो कोठामा बसी निकै गफ र कहीँ जाने कुरा गर्दैहुनुहुन्थ्यो, कहाँ जाने विचार थियो भनी सोधनी गर्दा पाटन माविका स्वयम्सेवकले को साथी ? कसको साथी ? मकहाँ ता कोही पनि आएनन् । म हिजो फलाना ठाउँमा घुम्न गएको थिएँ भनी जवाफ दिएछन् । अनि हेडमास्टरले पठाएको सो मानिस फर्की यी कुराहरू गर्दा हेडमास्टर बैतडी सदरमुकाममा आई प्रजिअलाई प्रोजेक्टर हराएको र त्यहाँ खटिआएका स्वयम्सेवक उपर चोरीको शंका भएको कुरा मौखिक जाहेर गरी आफ्नो विद्यालयमा फर्केर जानुभयो । प्रजिअले जिल्ला इन्स्पेक्टरलाई बोलाई उक्त स्वयम्सेवकको गतिविधिमा निगरानी राख्न दिनुभएको र इन्स्पेक्टरले पनि मातहतका सबै प्रहरीलाई खासगरी झुलाघाट प्रहरी चौकीलाई कडा निर्देशन दिनुभएको रहेछ । उक्त हेडमास्टरले प्रोजेक्टर चोरी भएकोमा केही वास्ता नै नगरेको जस्तो गरी बस्नुभएछ । ३/४ दिनपछि स्वयम्सेवक बैतडी सदरमुकाममा आई पहिले पनि चिनजान भएकाले प्रजिअलाई भेटी गएछन् । बेलुकी गोठालापानीमा उही चिया पसलेको घरमा गई खाना खाई राति उतै सुती बिहानै सबेरै उक्त झोला उठाई काँधमा झुण्ड्याई झुलाघाटतिर लागेछन् । महाकाली नदीको पुलमा हिउँदको दिनमा बिहान ७ बजेतिर नेपाल भारत दुवै तिरको पूलको ढोकाको ताला खोलिने र बेलुकी ५ बजेमा दुवै तिरको ढोका बन्द हुने तथा बर्षात्को दिनमा बिहान ६ बजे दुवैतिरको ढोका खोलिने र बेलुकी ७ बजे दुवैतिरका प्रहरीहरूले आ-आफ्नो पट्टिको ढोका बन्द गर्ने नियम भएकोमा ढोका खोल्ने समयअगावै निज स्वयम्सेवक नदीं पुलमा पुगी त्यहाँ पालो गरी बसेका प्रहरीलाई मेरो जरुरी काम छ चाँडो ढोका खोलिदिनुहोस् भनी अनुनय विनय गरेपनि प्रहरीले तोकेको समयमा भन्दा अगाडि ढोका खोल्न मिल्दैन भनेछन् र तपाईको झोलामा के सामान छ भनी हेर्न खोज्दा देखाउन नचाहेकोमा प्रहरीले जबरजस्ती गरी निजको झोला खोल्दा झोलामा प्रोजेक्टर भेटाएकाले निजलाई पक्राउ गरी जि.प्र.का. इन्स्पेक्टरसहित भई निज स्वयम्सेवकलाई जिल्ला

प्रशासन कार्यालयमा उपस्थित गराएपछि निजको बयान गराउँदा माथि उल्लेख भएबमोजिम झ्यालको छिस्किनी नलगाई राखेको र प्रोजेक्टर चोरी गरेको कुरामा सावित भएकाले निजलाई बैतडी कारागारमा थुनामा राखी आवाद्वारा गृहमन्त्रालयमा विवरण खुलाई जाहेर गरिएकोमा निजका दाजुले मन्त्रालयमा सम्पर्क गरी जमानीमा छोड्न आदेश दिन लगाई आफू जिल्ला कार्यालय बैतडीमा आएर तल लेखिएबमोजिम भाइले बज्रजोगिनी भगवतीको अपमान गरेको कथा सुनाई भाइलाई गृ.म.मा उपस्थित गराउनेगरी जमानी कागज गरी भाइलाई सँगै लगेर गए ।

उनका दाजुले भनेअनुसार उनका भाइसमेत स्वयम्सेवकका लागि खटिएका अरु साथीहरू जिल्लामा जानुभन्दा पहिले पिकनिक गर्न साँखुको श्री बज्रजोगिनी मन्दिर परिसरमा गई त्यहाँ वनभोज खाएछन् र साँझ परेपछि आज यतै बस्नुपर्‍यो भनी मन्दिर अगाडिको सटरमा बास बस्न पुगेछन् । उनका उही भाइ देउतालाई नमान्ने नास्तीक हुँदा पूजारीले मन्दिरमा साँझमा आरती गर्ने समयमा भित्र गई भगवतीको मूर्तिमाथि चढी मूर्तिमा थुक्ने तथा जथाभावी गर्ने गर्दा अरु साथीहरूले ए तिमी त्यस्तो नगर देवता रिसाए तिम्रो मृत्यु पनि हुनसक्छ भनी सम्झाए तापनि उनले भगवतीको मूर्तिलाई त्यस किसिमको धेरै घिनलाग्दो अशोभनीय काम गरी उही सत्तलमा सुत्न आए । सवैजना सुते । एकाबिहानै निज उठी सबैलाई जगाई हेर भाइ हो म मरे भने सुनाएका रहेछन् । (मलाई केही भएन, म पुरुषार्थ हुँ भनी घमण्डसाथ भनेका रहेछन् । भाइले भगवतीको अपमान गरेको डेढ दुई महिनाभित्र यस्तो फल पाए ।) साथीहरू उनीसँग रिसाएका थिए र पुनः एकजनाले तिमीले खुबै बहादुरी गर्‍यो कुनै दिन त्यसको फल पनि पाउने छौ भनी भनेका रहेछन् । ■

भाषापाठशालामा पढ्दाको साथी

२०३७ सालमा जिल्ला कार्यालय बैतडीबाट जिल्ला कार्यालय सुर्खेतमा मेरो सरुवा भएपछि म हाजिर हुन गएँ । २/३ दिनपछि जिल्ला पञ्चायत सुर्खेतका सभापति तुलसी प्रसाद उपाध्याय जि.का.मा आउनुभई प्रजिअ नृपेन्द्र कुमारसँग शाखा अधिकृत हरिनारायणजीलाई जि.पं.को एल.डि.ओ. पदमा कामु मुकर्रर गरी पठाइदिनु पर्‍यो, जि.पं.को धेरै कामहरू गर्न असुविधा परिरहेछ भनी भन्नुभएकोमा प्रजिअज्यूले उहाँले मञ्जुर गनुभएमा पठाइदिने छु भनी भन्नुभएछ र सभापतिज्यू मेरो कोठामा आउनुभई मैले सिडिओसाहबलाई भनिसकेको छु, तपाई कामु एलडिओ भएर जिल्ला पञ्चायतमा बसी काम गरिदिनु पर्‍यो । कामु हुँदाको तलबको साथै रू. ५०० जिल्ला पञ्चायतबाट थप पाउनु हुनेछ भनी लोभ देखाउनुभएकोमा मैले अस्वीकार गरें ।

१९९७/९८ सालतिर त्रिचन्द्र भाषापाठशाला सिलगढी डोटीमा दोस्रो क्लासमा सँगै पढ्दाको साथी बखतबहादुर गौतमजी सो जि.पं.मा नासु पदमा बहाल रहनुभएको निमित्त एल.डि.ओ. भई कार्य सञ्चालन गरिरहनुभएको रहेछ । सो कुरा मलाई जिल्ला कार्यालयकै कर्मचारीहरू भनिसकेका थिए । खरदार उदयबहादुर गौतम डोटी गौडामा सरुवा भई जानुभएपछि उहाँका छोरा बखतबहादुरजी हामीसँगै दोस्रो क्लासमा पढ्नु हुन्थ्यो र मिलनसार साथी हुनाले कहिलेकाहिँ म उहाँको डेरामा पनि जान्थें । त्यसैले मैले आफ्नो साथीले खाइपाइरहेको भत्ता उनको मुखबाट छुटाई आफूले खान बिलकुल उचित ठानिन र कामु एलडिओ भई जान अस्वीकार गरेको हुँ । २०५९ सालमा श्री शैलेश्वरी मन्दिरमा भएको कोटीहोमको अवसरमा उहाँ सिलगढीमा आउनुहुँदा ४/५ दिन उहाँसँग भेटघाट कुराकानी भएको थियो । २०६२ सालमा मैले प्रकाशित गरेको जिन्दगीका कोरा तानाहरू नामक रचना संग्रह उहाँलाई पठाइदिएको थिएँ । २०६५ सालमा प्रकाशित गरिएको सम्झनाको साहेबहरू र म नामक पुस्तिका पनि उहाँकहाँ पठाइदिएँ । सो प्राप्त भएपछि टेलिफोनबाटै सो पुस्तक प्राप्त भएको जानकारीका साथै आफ्ना आरामी खबरहरू आदानप्रदान भएको थियो । त्यसपछि उहाँले तीर्थ यात्रासम्बन्धी कविताको प्रति मलाई पठाइदिनुभएको थियो । ■

जग्गा पनि उड्ने रहेछ

धनगढीबाट अत्तरिया जाने मूल सडकदेखि पूर्व कुलादेखि पश्चिम गोपि हमालको जग्गादेखि उत्तरको जयन्द्रदत्त पन्तका नाममा दर्ता भएको १४ कट्ठा जग्गामध्ये सुदूरपश्चिमाञ्चल बस व्यवसायी समितिले ६ कट्ठा जग्गा लिई भवन बनाउन शुरु गर्न लागेको सोही जग्गाको सडकदेखि कुलासम्म उक्त समितिको जग्गादेखि उत्तरको २ कट्ठा जग्गा मेरा छोरा सुशिल चन्द्र श्रेष्ठ र बुहारीले एक/एक कट्ठा गरी खरिद गरे । बाँकी ६ कट्ठा जग्गा सुरज नारायण यादवकी श्रीमती र भाइ नाता पर्नेले खरिद गरी लिएकामा मैले छोरालाई आफ्नो जग्गामा सिमेन्टको पिलर हाल भनी भन्दा छोराले मेरा साथीहरू सो समितिमा छन् केही फरक पर्दैन पछि एकैचोटि दिवाल हालौंला भनी भनेका थिए । समितिको भवन बन्दैथियो । रोजिन टर्पेन्टाइन कार्यालय अत्तरियामा अधिकृत पदमा काम गर्दैरहेको निज छोरा अकस्मात विरामी भई २/३ महिना औषधोपचारका लागि भारतको पलिया, दिल्ली र काठमाडौ अनि फेरि भारतमा लगी उपचार गराउँदा आराम नभई बम्बईमा नै परलोक भएपछि निजको नामको एक कट्ठा जग्गा महिला विकास शाखा कञ्चनपुरमा महिला विकास अधिकृत पदमा कार्यरत रहेकी बुहारी बिना कुमारी श्रेष्ठको नाममा सरुवा भएकोमा निज बुहारीं महेन्द्रनगरबाट घरमा आउँदा बस व्यवसायी समितिले आफ्नो भवनको चारैतिर पक्की पर्खाल लगाएकामा आफ्नो जग्गा केही च्यापेको जस्तो देखिँदा मलाई सो कुरा भने । निजका तर्फब्राट मैले जिल्ला प्रशासन कार्यालयमा निवेदन दिँदा सो कार्यालयले नापीशाखा धनगढीलाई लेखी पठाएपछि सो नापी शाखाबाट नापी निरीक्षक र अमिन पठाई उक्त जग्गा नापजाँच गराउँदा निजहरूले जग्गा नाप जाँच गरी नापीशाखामा प्रतिवेदन दिएअनुसार नापीशाखाले विना कुमारी श्रेष्ठको ५ धुर जग्गा च्यापी बस व्यवसायी समितिले पर्खाल लगाएको देखिन्छ भनी जिल्ला प्रशासनमा लिखित जवाफ पठाएकाले जिल्ला प्रशासन कार्यालय कैलालीले बिना कुमारीको ५ धुर जग्गा त्यस समितिले च्यापेको देखिएकोले सो जग्गा निजलाई उपलब्ध गराइदिनु भनी बस व्यवसायी समितिलाई लेखी पठाएकोमा तत्कालीन सो समितिका अध्यक्षले जिल्ला प्रशासन कार्यालयका पत्रअनुसार सो विषयमा छलफल गर्न

बैठकमा उपस्थित आउन भनी बिना कुमारीलाई पत्र लेखेकामा निज बुहारी एम.ए.को परीक्षा दिन भारत वनारसमा गएकी रहिछन्। सो बैठकमा उपस्थित हुन नपाई पछिल्लो महिनाको समितिको बैठकमा म समेत उपस्थित हुन जाँदा बस व्यवसायी समितिका कार्यकारिणी समितिको चुनाव भई नयाँ समति गठन भइसकेको रहेछ। नयाँ अध्यक्षले पुरानो अध्यक्षले लगाएको पर्खाल भत्काउन म सक्दिन तपाई अदालतमा उजुर गरी निर्णय गराई लिई आउनुभएमा अदालतका फैसलाबमोजिम भत्काउनु परेमा भत्काइदिनेछु भनी भन्दा समितिका सबै सदस्यहरूले हाँमा हाँ मिलाई दिएकाले त्यसै फर्कि आयौं र यस सम्बन्धी सबै कागजात विश्वासिलो वरिष्ठ अधिवक्तालाई दिई उजुरी लेख्न लगाइयो। वारेशका लागि कुरा गर्दा निज अधिवक्ताले मेरो असिस्टेन्ट छँदैछ उसैलाई वारिश बनाउनुपर्छ भनेकाले वारेशनामा कागज समेत निज वकीलको हातमा दिएकामा निजले उजुरी लेख्नुभन्दा अगाडि नै उक्त समितिका आफ्ना हितैषीलाई हेर म तिमीहरूको नाममा उजुरी लेख्दैछु भनी अग्रिम जानकारी दिएको कुरा थाहा पाएको थिएँ। यस सम्बन्धमा मैले आफ्ना मित्रहरूसँग सबै कुरा गर्दा उहाँले तपाईले गतिलो वकील छान्नु भएको रहेछ भनी व्यङ्ग्य गर्नुभएको थियो।

विद्वान वकीलले उजुरी लेख्दा बस व्यवसायी समितिले पूर्वतर्फबाट ५ धुर जग्गा च्यापेको भनी लेखिदिएका रहेछन्। उक्त जग्गाको नाप र सरजमिन गर्नेसमयमा अदालतबाट खटिएका नासु र अमिनका साथमा हाम्रा वकील र म पनि गई सो जग्गाको पश्चिमदेखि एक/दुई लाइन गर्दै बढाउँदै पूर्व कुला सिमानासम्म ७ फिट जग्गा च्यापेको भनी सो डोरलाई देखाइयो। त्यसबखत वकील जी फर्किसकेका थिए। डोरमा गएका अमिनको चिनाजानीको वा नाता पर्ने हुनाले हो निज अमिन रेञ्जर सूर्यनारायणकी श्रीमती बसेको पक्की घरमा जाँदा कागज लेख्न केही समय लाग्छ, तपाईको वारेश छँदैछ भनी भनेकाले र बेलुकीको समय हुँदा म फर्किआएँ। डोरले लेखेको त्यस बेलाको सरजमिन कागजमा वारेशले म जग्गा दिलाउन सक्दिन भनी लेखाई सहीछाप गरेका रहेछन्। अदालतले जिल्ला कार्यालयमा भएको कारवाहीको उक्त मिसिल झिकाई हेरेपनि सो को कुनै वास्तै नगरी वकीलले लेखेको पूर्वतिरबाट च्यापेको भन्ने जिकिरमा पूर्वतर्फ कुलो देखिएको भनी र वारेशले सरजमिनमा जग्गा देखाउन सक्दिन भनी गरेको कागजलाई नै मुख्य आधार बनाई बिना कुमारीको

जिकिर बमोजिमको ५ धुर जग्गा बस व्यवसायी समितिले च्यापेको देखिँदैन भनी फैसला गरेकोमा पुनरावेदन गर्दा जिल्ला अदालतले गरेको फैसलालाई नै सदर गरेको। यस सम्बन्धमा सर्वोच्च अदालतमा निवेदन गर्दा सो अदालतबाट यस मुद्दामा केही कारवाही गर्न नमिल्ने भनी जानकारी दिएकोले चित्त बुझाई बस्नुपर्‍यो ।

सो जग्गाका लालपूर्जाबमोजिम दुई कठ्ठाको मालपोत तिर्दै रहनुपरेको छ। फिल्डमा सो जग्गा एक कठ्ठा १५ धुर मात्र बाँकी रहेकोले विश्वासपात्र वरिष्ठ अधिवक्ता र वारेशले विश्वासघात गरेकाले बिना प्रमाणको ५ धुर जग्गा उडेर गएको हो ।

केही कविताहरू

माओवादीको आन्दोलनको समयमा माओवादी र शाही नेपाली सेना बीच भिडन्त हुँदा तमाम नेपालीहरूको ज्यान गइरहेको एकातिर थियो भने अर्कोतिर राजा ज्ञानेन्द्र मध्यपश्चिमाञ्चलका पहाडी जिल्लाहरूको भ्रमणमा केही नेपालीहरूको हातबाट फूलमाला र अभिवादन ग्रहण गर्दै विरामी बच्चालाई बोकेर नेपालीहरूप्रति माया दर्शाउँदै हुनुहून्थ्यो । सोही भ्रमणको अवसरमा कुनै साहसी युवकले राजासँग समसामयिक विषयमा कुरा गर्दा तपाई भनेर सम्बोधन गरिरहेका थिए । राजाले यो विषय अलि ढिला गरेर बुझ्नुभयो कि ? त्यसै अवसरमा रचना भएको यो कविता पत्रिकामा प्रकाशित गर्न खोज्दा मेरा हितैषी एकजनाले बेकारमा विवादमा परिएला, प्रकाशित नगरौं भन्नु भएको थियो ।

बुद्ध भूमिमा युद्ध

बुद्ध भूमिमा युद्ध मचाउन, कुन वीर कहाँबाट आयो
बारुदी झोला गोला लिएर, किन पो जंगल धायो ।
भाइले भाइबहिनी मार्‍यो, बहिनीले पनि मार्‍यो,
लाशको ढेर थुपार्‍यो जताततै, कोलाहल नै पार्‍यो ।
कतिको सिन्दुर उडायो, कतिलाई दुःखमा बुडायो,
भाइमा फुट गराई कसले, बाङ्गो बाजा बजायो ।
घरमा आगो लगायो कतै भने, कतिको आँशु झार्‍यो,
रगतको खोला बगायो जताततै, कतिको आँशु झार्‍यो ।
खाना र पिउन दिएन, आरामले जिउन दिएन,
शान्ति क्षेत्रमा आज अशान्तिको, नाङ्गो नाच नचायो ।
वनका ले कति मार्‍यो पनि भने, घरका ले झन मार्‍यो,
मार्‍यो मरायो आफैंलाई, कतिलाई अपाङ्ग पार्‍यो ।
लुकेर बम पड्कायो, पूल भवन भत्कायो,
देशको कल्याण गर्छौं भन्नेले, कस्तो नकाव लायो ।
माया र ममता हरायो यहाँ भने, दया करुणा पनि हार्‍यो,
गोला गोलीको खेलले देशलाई, सम्सान जस्तै पार्‍यो ।

ज्ञानलाई काखी च्यापियो, ज्यानको बाजी थापियो,
चित्कार, क्रन्दन मचाई देशमा, रणको ढोल बजायो ।
हत्या र हिंसा त्यागेर फर्की, बहिनी भाइ आऊ,
रीस, राग कपट, छल भुली सबैसँग, प्रेमले गला मिलाऊ ।
आमाको मनको घाऊमा, मिलेर मल्हम लगाऊ,
रगतको सट्टा पसिना बगाई, आमाको लाज बचाऊँ ।
यो जन्मभूमि हो साझा सबैको, सुन्दर पारी सजाऔं,
जय हो जय नेपाल भनेर मिलेर मंगल गाऔं ।

पृथ्वीको शालिक रातोले छोपियो

थुंगा र थुम्का गाँसेर जसले, नेपाल बनायो
अनेक जात जातिकालाई, नेपाली जनायो ।
गोर्खाका राजा ती पृथ्वी नारान्, दमैका घर आए
सल्लाहा लिदा एक रुपिया, हात थापि पाए ।
अनौठो सुझाव सम्झी बुझेर, सबैका घरघरमा
पुगेर मागे मद्त लडे, गोर्खालीकै भरमा ।
स-साना राज्य जितेर पुगि, काठमाडौं शहरलाई ।
पनि जितेर विशाल नेपालको, राजधानी बनाई ।
चन्द्र र सूर्यको आकार सेता, किनारा निलो लगाई
सिम्रिक रङ्गको दुई पल्ले रातो, दिए झण्डा फहराई ।
पृथ्वी नारायण कै सन्ततीले पनि, नेपाल जोगाए
वीरका साथ हात-हात गरि, सिमाना बढाए ।
पूर्वको टिस्टा पश्चिम किल्ला, काँगडा पुऱ्याए
बलभद्र भक्ति वीरहरूले, ज्यान नै गुमाए ।
बालकै राजा सुरेन्द्रलाई, वीरता देखाई
फकाई फुलाई एकोहोरो पारि मुग्ध नै बनाई ।
कोत पर्व भण्डार, खाल पर्व गर्दै, विरोधि सबमारे
राजाको हातको पञ्जाको छाप, मौकैले हात पारे ।

श्रीतीनमहाराजको पदवी पनि, मागेर लिएर
जङ्गबहादुरले शासन गरे, हुकुम दिएर ।
श्रीतीनको पद्वी, राणाले मात्रै, पाउन भाग लाए
यै रितक्रमले राजाथुनीवर्ष, एकसयचार बिताए ।
गद्दी नै छाडी भागेर भारत, पसेका राजालाई
नेपालीले नै फर्काइ ल्याए, ललाइ फकाई ।
यै बीच नेपालमा आन्दोलन चर्क्यो, बतास चलेर
एकसयचारवर्षे, राणाको शासन, गै गयो ढलेर ।
शुन्य सात सालमा, नेपालीजनले, प्रजातन्त्र पाए
नेताहरू चै अलमलमा पर्दै, आठ वर्ष बिताए ।
पन्ध्रह सालमा चुनाव भयो, जनताले बोट दियो
जितेर आउने, सत्ता नै पाउने, काँग्रेस नै थियो ।
सत्रह सालको, पुषएकगते, काल रात्री आयो
सत्ता महेन्द्रले, छिनेर धेरै, बिरोधि बनायो ।
नेपाली जनको, मनको आगो, मन भित्रै जलेको
पैतालिस वर्ष नाघेर धिप्का, फुटेर बलेको ।
देशभरिमा राजा बिरोधि, नारानै घन्कियो
जनताको नासो फिर्ता बुझाई, ज्ञानेन्द्र थन्कियो ।
पृथ्वी जस्तो, दूरदर्शी राजा, कोही पनि भएन
निर्माण गरेको नभए नेपाल, हुने नै थिएन ।
कहाँ पो हुन्थ्यो बाइसे राज्य, चौबिसे राज्य कहाँ
कोही कहाँका जन्ता हुन्थे, कोही यहाँ न उहाँ ।
कहाँ, पो जान्थ्यो सगरमाथा, नेपाल चिनाउने
कस्ले पो हान्थ्यो जनकपुर, सीतालाई जन्माउने ।
शान्तिका दूत, बुद्धको, भूमि, कहाँ पो पर्दथ्यो
सय टुक्रा देश, माथिको शासन, को कस्ले गर्दथ्यो ।
हरियो वन नेपालको धन, भन्न को पाउँथ्यो
मेची र काली नेपाल भनी, को गीत गाउँथ्यो ।
संसारको ऐनामा नेपालको नक्सा, कहाँ पो देखिन्थ्यो
त्यो राष्ट्रसंघमा नेपालको नाम, कसरी लेखिन्थ्यो ।

हामी नेपाली भन्नेको आवाज, कुन कुना घन्किन्थ्यो
नेपालको निसानी त्यो रातो झण्डा, कहाँ पो थन्किन्थ्यो ।
बैगुनी हुन की गुनी हुन भनी, आत्माले नजोखि
निर्मातापृथ्वीको, शालिकदेखि, कहाँको रिस पोखि ।
सुनौलो अक्षरले लेखिने ठाउँमा, कालोले खोपेर
सुनले नमोडि किनपो राखियो, रातोले छोपेर ।
शाहको शासन दुईसय सैतिस, वर्ष हो नभन
एकसयचारवर्ष, राणाकोशासन, लाई त नगन ।
गन्ने नै भए महेन्द्र देखि, ज्ञानेन्द्र सम्मको
एघार देखि बैसट्ठी सम्म, एकाउन्नवर्ष भो ।
दाह्रा र नंग्रा बिनाका बाघ, त्यसले के गर्ला
थपना मात्रै गरन बरु, नराम्रो नपर्ला ।
नेपालमा अब अशान्ति होइन, शान्तिले स्थान पाओस्
हाम्रो त्यो प्यारो राष्ट्रिय झण्डा, सधैं नै फहराओस् ।

(२०६३ असोज २९ गते सेती समाचार दैनिकमा प्रकाशित)

■

देवीप्रसाद ओझा स्मृति ग्रन्थमा प्रकाशनार्थ कुनै लेख रचना पठाइदिनु हुन भनी सम्बन्धित संस्थाबाट लेखी आएकोले मैले टुटफुट शब्दमा एउटा रचना पठाएको थिएँ, सो प्रकाशित भयो भएन थाहा भएन ।

आजभन्दा २८/३० वर्षअघि सेती अञ्चल बझाङ्ग जिल्लाको कुनै देशप्रेमी महानुभावले भारतमा नोकरी गरी घर फर्कदा श्रीखण्ड चण्दनका केही विरुवा ल्याई आफ्नो घरनजिक जंगलमा रोपेका रहेछन् । सो विरुवा हुर्केर त्यहाँबाट सुगन्ध आउन थालेपछि सो विषय गाउँ पञ्चायत, जिल्ला पञ्चायत, जिल्ला कर्यालय हुँदै अञ्चलाधीश कार्यालयमा जानकारी प्राप्त भएकोले सोको संरक्षणं गर्न सम्बन्धित सबैलाई लेखी पठाइएको थियो ।

रामायणमा - चित्रकुटकी घातपर भई सन्तनकी भीर ।
तुलसी दास चन्दन घिसे, तिलक ले त रघुवीर ॥

भन्ने उल्लेख भएकोले मैले उक्त रचना 'चन्दन' शीर्षक राखी पठाएको थिएँ ।

चन्दन

देवी अस्वस्थ छन,भनी थाहा पाएँ
प्रिय मित्रलाई, फोनमा बोलाए
उनी सुसाए,म पनि सुसाए
सुसाएरै आफ्नो बेथा सुनाए ।
खोकी र दमका दुई उस्तै रोगी
आरोग्यका लागि, तिथिमिति तोकी
संगै जाउँ भन्थे, कतातिर लागे
उनी नआउँदा, एक्लै म भागे ।
धन्बन्तरीले, सञ्जीवनी दिएर
फर्के म चाडै, सुस्वास्थ्ये लिएर
बाटोमै बाँया, नैन फरफरायो
उनी स्वर्ग गा को, कसैले सुनायो ।
सेती सुसायो,महाकाली सुसायो
गर्जेर बादल, आकाश छायो ।
मुसलधारे पानी, संगै आँधी आयो
साहित्यकोृ एउटा, रुख नै ढलायो ।
अमूल्य चन्दनको बृक्ष, हरियै वा सुके पनि
सुवास गम्किने काठ, पबित्र यही हो भनी
चितामा राखिने मुर्दा, यसैले नै जलाउछ
मानव र देवकोमाथ, तिलक भै शोभा पाउँछ ।

■

भूल सुधार

पृष्ठ	हरफ	हुनुपर्ने	भएको
ग	१४	यात्रा	यत्रा
घ	८	मस्जिद	मस्जित
ङ	१४	सराहनीय	सह्रानीय
विषय सूचीमा		लालासारजन	लालासारन
४	१०	पहाडबाट	पहाडवबाट
	१४	विद्यमान	विदमान
६	८	एयरपोर्ट	एयरपार्ट
८	३	तीनतीन	तीनतीत
०	६	गौरी	गोरी
	१७	कुटी	कुर्सि
	१	धेरै ठाउँमा मोटी दमेनी	धेरै ठाउँमा मोती
	९	ठेकराज	ठेकरवाज
	२५	दाजु	भाई
	२९	छोरा	छोर
	४	१४	२४
१९	१३	काजीकामाकोठी	काशितामाकोठी
२७	२६	सुनिएको थियो	सुनिएको छु
३०	२८	व्यवस्थापन	व्यवस्थावन
३१	१६	घटदै	रहदै
४२	८	भण्डारे	भोण्डारेको
४३	१५	कुटी	कुर्सि
४७	५	बनेको हो	बन्ने भएको हो
४७	१७	मदनराज	पदमराज
५९	१७	बनाएका	बनाईका
५९	१८	प्रार्थना	प्राथना
७	२	बाटुला	वाटरला
	५	तालुकदारी	तालोकदारी
	९	दायाँ	बायाँ
	२०/२१	६.२०	२६
	४/७	सिर्तो	सिरथो
	२०	तालुकदार	तालिमदार
	१६	खट	घर
	१८	बिक्री गरी जम्मा	जम्मा गरी बिक्री
७	२३	टाप	टापले
८	८	०८ सालमा वा	२००९
७८	१०/१२	बाह्रबरेला	बाह्रबडेला
७९	६	२.३ सयसम्म	२.३
७९	२०/२४	ध्रुवराज	ध्रुवलाल

पेज	हरफ	हुनुपर्ने	भएको
८०	१०	रिसईवी	रिसिइवी
८१	३/७	विना	विणा
८३	२	झगडीया	झगडया
८३	६	गुडेगाउँ	मुडेगाउँ
८४	२१	गीरापडा	गीरापरा
८४	२२	धीरा	ढीरा
८४	२४	ढम्मर	धम्मर
८५	३	कठिन भयो	कति नभयो
८७	१	वाबु	बाउ
९०	२५	फ्लैट	खेत
९४	७	साइलीगाडतीर	साईटतीर
९४	१७	आफ्नो	आ-आफ्नो
९४	२१	लछारिदै	लठारिदै
९५	७	मारी	भारी
९७	१	भयो	भएन
९९	५	गौंडा	गण
१०१	२१	सल्लाह	सल्ला
१०१	२७	उत्रनुभएपछि	उत्रनुभएकी
१०२	४	भएको रहेछ	भएको छ
१०३	२५	आ.वा.	आवाज
१०४	१३	आउँदा	आउनुपर्दा
१०६	७	मस्ये	मस्के
१०६	१७	कम्मर	कम्बल
११०	८	आधा	आधार
११०	१६	धूवा उडेको	उडेको
१११	३	मानिसलाई	मानिसले
१११	२४	प्लेनबाट	प्लेन
११३	१९	अफिसर	अवसर
११६		लालासारजन	लालासारन
११६		तल	तर
११६	२५	२०५७	२०२८
११७	१४	लाला	लाल
११८	११	झिकाउदा	झिकाउन
१२१	८	३९०००।	४९०००।
१२८	१२	सत्तल	सटर
१३१	२१	देखाउन	दिलाउन
१३२	८	विना कुमारीको	विना प्रमाणको
१३३	१६	कतिलाई अनाथ पाऱ्यो	कतिको आँसु झाऱ्यो

हरिनारायण श्रेष्ठ

लेखकको परिचय

जन्म : वि.सं. १९८८ साल फाल्गुण ८ गते

जन्मस्थान : सिलगढी बजार डोटी

बाबुको नाम : धर्मनारायण श्रेष्ठ

आमाको नाम : विष्णुकुमारी श्रेष्ठ

स्थायी बासस्थान : धनगढी नगरपालिका वडा नं. ५, हसनपुर, कैलाली

योग्यता : नेपाली मध्यमा परीक्षा पास

प्रकाशित कृति : २०६२ सालमा 'जिन्दगीका कोरा तानाहरू' (रचना सङ्ग्रह)
२०६५ सालमा 'सम्झनाका साहेबहरू र म'

सरकारी सेवा : २००८ सालमा सरकारी सेवामा प्रवेश गरेपछि प्रमोसन पाउँदै शाखा अधिकृत पदमा पुगी केही जिल्लाहरूमा प्र.जि.अ. पदमा का.मु. मुकर्रर भई कार्य गरेको ।

सामाजिक सेवा :

- नेपाल रेडक्रस सोसाइटी, नेपाल नेत्रज्योति संघ, कैलाली जनपुस्तकालय, सु.प. साहित्य समाजको आजीवन सदस्य ।
- सामुदायिक विकास केन्द्र तथा सामुदायिक प्रहरी सेवा हसनपुर धनगढीको आजीवन सदस्य (सो केन्द्रबाट दोसल्ला ओढाई अभिनन्दन गरिएको)
- लायन्स क्लब अफ् धनगढी टाउनको लायन (सो क्लबबाट दोसल्ला ओढाई सम्मान गरिएको)
- श्री त्रिनगर उच्च मा.वि. धनगढीबाट दोसल्लाहु ओढाई सम्मान गरिएको ।

मुद्रक : शाहबन्धु अफ्सेट प्रेस, धनगढी
फोन : ०९१-५२४९७८